# अध्याय एक

# शोधको परिचय

## १.१ पृष्ठभूमी

नेपाल भौगोलिक आधारमा सानो भएता पनि विविध प्रकारका जातीय संस्कृति र संस्कारले सुसज्जित देश हो । धरातलको आधारमा नेपाललाई हिमाल, पहाड र तराई प्रदेशमा विभाजन गरिएको छ। नेपाल विविध जातजाति, जनजाति र विभिन्न भाषाभाषी, धर्म, संस्कृति र सम्प्रदाय विद्यमान रहेको बहुजाति, बहुभाषी, बहुसंस्कृतिले निर्मित मुलुक हो । हिमालदेखि तराईसम्म र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म जम्मा १२५ जनजातिहरू र १२३ मातृभाषा बोल्ने जनजातिहरू बसोबास गर्दै आएका छन् ।

नेपालमा हिन्दू बाहुल्यता छ र यसको मौलिक परम्परा पनि आफ्नै छ । नेपाली हिन्दूको छुट्टै संस्कार, संस्कृति, परम्परा, इतिहास, भाषा हुनु भनेको एउटा नेपाली जात र सम्प्रदायको मात्र सम्पत्ति नभई समस्थ नेपाली र हिन्दू धर्मकै सम्पत्ति र पहिचान हो। संस्कृतिले सिङ्गो मुलुकको पहिचान गर्दछ । संस्कृति भनेको सम्पूर्ण प्राणी जगत्को कल्याण गर्ने कार्य हो। त्यस्ता कार्य गर्न सहयोग गर्ने साधनहरू, आचारविचार, चालचलन, विश्वास, नीतिनियम, अनुशासन, परम्परा, खानपान, रहनसहन, बोलीचाली आदिको समष्टि रूप नै संस्कृति हो ।

हिन्दूहरूको आफ्नो व्यक्तिगत तथा सामाजिक जीवनलाई व्यवस्थित पारी पूर्णतातिरको मार्ग अनुशरण गर्न जुन पद्धति अथवा संस्थागत व्यवस्थाहरू अवलम्बन गरेका छन् ति संस्कार हो । हिन्दूहरूको सम्पूर्ण जीवन संस्कारहरूद्वारा घेरिएको छ । शिशु जन्मनु भन्दा अगाडि अर्थात गर्भधान गरेदेखि नै अनेक संस्कारहरूको अनुशरण गर्नु पर्दछ । संस्कारहरूलाई यति महत्त्व दिएर के विश्वास गरिएको छ भने संस्कार विना व्यक्तिको जीवन कदापि पूर्ण हुँदैन । संस्कारका मुख्य उद्देश्य शुद्धी र जीवनलाई बाधा मुक्त पार्नु हो । प्रत्येक संस्कारले मानिसलाई नैतिक, आदर्श जीवन बिताउँदै जीवनको अझ उच्चता पुग्न प्रेरित गर्छ ।

देशभित्र पछिल्लो समयमा विभिन्न संस्कारहरूमा कर्म गरिने दिनहरूलाई लिएर बहस भएको पाइन्छ । दैनिकी मात्र होइन, जन्मेदेखि वैवाहिक सम्बन्ध हुँदै मृत्युसम्मका संस्कार

समाजमा चलिआएका छन् । रातभर लगायर गरिने वैवाहिक संस्कार पछिल्लो समयमा दुई चार घन्टामै सक्न थलिएको छ । हिन्दूधर्म मान्ने जातजातिले आ-आफ्ना कूल परम्परा, चालचलन, धर्म, रीतिरिवाजहरू क्रमशः बिर्सिंदै, त्याग्दै, परिवर्तन गर्दै आइरहेका पाइन्छन् । कर्मकाण्ड, पूजापाठ आफैमा धर्म होइन, यो समाजमा चलेको चलन मात्र हो, हर्ष र मृत्युका प्रक्रिया भन्ने समान छन् । १३ दिनको क्रिया बढी लामो भयो, अब ३ दिन, ५ दिन, ७ दिन कति दिनमा घटाउँदा सहज हुन्छ भनेर केहि वर्ष अघि नेपाल प्रज्ञा प्रतिष्ठानमा गोष्ठीको आयोजना गरिएको रहेछ जसलाई विदेशी चलखेल भनेर सनातनिय नेपालका विद्वान्हरूले घोर विरोध गरेका रहेछन् । कोहि तिज पर्व खारेज गर्नुपर्ने कुरा गरिरहेका छन्, कोही स्वस्थानी व्रत बर्खास्त गर्नुपर्ने तर्क राखिएको भेटिन्छन् । हिन्दु राष्ट्र हटाएर धर्म निरपेक्षता लागू गरे यता नेपाली सनातनिय हिन्दू संस्कार माथि बारम्बार प्रहार भएको यो शोध तयार पार्दा पत्ता लागेको कुरा यहाँ उल्लेख गरेको छु ।

नेपाल सनातन हिन्दू समाजमा पाईने १६ संस्कार मध्येको अन्तिम- अन्त्येष्टि मृत्यु संस्कार (दशगात्रकर्म सहित) एक हो । धार्मिक पौराणिक महत्त्वको यस पशुपतिनाथ आराध्य क्षेत्रमा देह विसर्जन गर्न पाउनु धार्मिक अध्यात्मिक दुवै हिसाबले पुण्यदायक र मूक्ति प्रदायक मानिन्छ । नेपालको र नेपालीको परिचयको प्रमुख स्रोत नै आराध्य पशुपति निवासस्थान पशुपतिनाथ नै मानिन्छन् । यहाँ मृतक शरीरको दाह-संस्कार गर्दा मृतक आत्मालाई शान्ति मिल्ने र यहि निकट राजराजेश्वरीघाटको क्रियापुत्री घरमा बसि मृत्यु संस्कार गर्दा मृतकका जीवित आफन्त जनशाखा सन्ततीहरूको 'आशौच' शुद्धिहुने दुवै कर्म एक साथ हुन्छन् भन्ने मान्यता रहेको पाइन्छ ।

## १.२ समस्याको कथन

वेद ब्राह्मण ग्रन्थ र विभिन्न कर्मकाण्डिय धार्मिक ग्रन्थहरूले प्रकारान्तरबाट संस्कारको वर्णन गरेको पाइन्छ । यस आधारमा अनादिनकालदेखि नै संस्कारको प्रचलन थियो भन्न सकिन्छ । यसरी संस्कारको प्राचीनतामा शङ्का गर्ने ठाउँ भेटिँदैन । धर्म सापेक्ष जीवनशैली नेपालीको संस्कृति हो भने संस्कृतिलाई विचार र व्यवहारले पकाउने कर्म पद्धति संस्कार हो । सेवा, त्याग र सदाचारका त्रिवेणीमा फुलेको संस्कृतिलाई आत्मसात गरी हिन्दू संस्कारहरू बनेको तथ्यगत विषयवस्तुमा यो अध्ययनको प्रमुख खोज केन्द्रित रहेको छ ।

मृत्यु संस्कारका कर्म पद्धतिहरू वर्तमान अङ्ग्रेजी शिक्षाको बाहुल्यता/प्राथमिकता, अर्थात शिक्षा प्रणाली र युवा-शिक्षित समुदायमा सनातनिय हिन्दु संस्कार र संस्कृत शिक्षाको उपेक्षा, पश्चिमेली-शास्त्रमा अनुबन्धित पाठ्यांश र तिनका सन्दर्भ सामग्री लेखनमा प्राथमिकता-प्रोत्साह, सूचना-संचारमा आएको परिवर्तन र जात- छुवाछुत आदिका सम्बन्धमा राज्य नियन्त्रित शासन प्रणाली, नेपाली संस्कृत-संस्कृति शिक्षाको पूर्ण उपेक्षा, संस्कृत-सदाचार वा नैतिक शिक्षा पठनपाठनमा राज्य संयन्त्र पूर्ण पूर्वाग्राहि, वैदेशिक रोजगारीमा बढ्दो आकर्षण जस्ता विभिन्न नीति व्यवहारका कारण वर्तमान हिन्दु मृत्युसंस्कार र अन्त्येष्टि क्रियाकर्ममा अनाचार बढेको र विकृति आएको स्थिति छ, विभिन्न बाधाविरोध, छाडापन बढ्दै गएको पाइन्छ। अन्तर जातीय विवाहका कारण पनि मृत्युसंस्कारको परिपालनमा संकुचन पैदा भएको अर्थात स्वीकार्य अस्वीकार्यका बीचमा परिवारको मूली र अन्य सदस्यजनमा दुविधा बढ्दै गएको स्थिति पनि जिम्मेवार देखिन्छ। जसका कारण गुणात्मक रूपले १३ दिन अशौच बार्ने परिपाटिमा सदाचार र नियमनको हिसाबले कमजोर बन्दै गएको छ।

सनातन धर्म, संस्कृति र संस्कार कुनै व्यक्ति र समूहबाट प्रतिपादित र परिपालित विषय नभई अनादि कालदेखि अनवरत रूपमा चलिआएका विश्वकै सर्वप्राचीन मानवसभ्यताको अभिन्न अङ्ग हुन्। अपौरुषेय वेद तथा सूत्र, स्मृति, धर्मशास्त्र र पुराणेतिहासका साथै मन्त्रद्रष्टा त्रिकालदर्शी ऋषिमहर्षिहरूका तपोवलबाट निःसृत एवं अनुपालित सनातन धर्मका संस्कार, आचार विचार, व्यवहार र जीवन पद्धति कसैको लहड, रहर र आर्थिक लगानीबाट परिवर्तित हुने सम्पदा होइनन् भनेर यस शोध अनुसन्धान क्रममा धेरैको धारणा प्राप्त हुन गयो। यो समस्याको आधारमा यस अध्ययनले निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरेको छ।

(क) अवधिमा आधारित सनातन- हिन्दू मृत्यु संस्कार ३ वा ५ वा ७ दिन को प्रयास कुनरुपमा भएको छ ?

(ख) सनातनिय हिन्दु संस्कारको संख्या कति छन् र कस्ता विधि अपनाइन्छ ?

(ग) राजराजेश्वरी क्रियापुत्री भवनमा केकसरी क्रियाविधिहरू गराइन्छन् ?

(घ) नेपालको केही सनातनी जातजातीका मृत्यु संस्कारहरू केकसरी मनाइन्छन् ?

## १.३ अध्ययनको उद्देश्य

पशुपतिनाथ स्थित राजराजेश्वरी क्रियापुत्री भवनमा केन्द्रित रहेको यो अनुसन्धानका निम्न प्रकारका विशिष्ट उद्देश्यहरू रहने छन्।

(क) सनातनी हिन्दू संस्कारहरुको अध्ययन गर्ने ।

(ख) राजराजेश्वरी क्रियापुत्री भवनमा व्यवहारमा ल्याईएको क्रियाकर्म अवधि बारे अध्ययन गर्ने ।

(ग) सनातनी जातजातीको अन्त्येष्टि संस्कारको अध्ययन गर्ने ।

(घ) सनातनिय हिन्दू संस्कार अन्तर्गत आशौचको अवधि परिमार्जन प्रयासको असर केलाउने ।

## १.४ अध्ययनको महत्त्व

यस अध्ययनमा वैदिक सनातन हिन्दू संस्कारको धर्मशास्त्रमा गरिएको व्यवस्थालाई विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा पशुपति क्षेत्रको राजराजेश्वरी क्रियापुत्री भवनमा गरिएको मृत्यु संस्कारलाई क्षेत्रीय आधार बनाई यस शोध तयार पारिएको छ । यस अध्ययन क्षेत्र भौगोलिक रूपमा सानो भएता पनि यसले विश्वभर रहेका हिन्दु सनातनिहरूको आस्थाको केन्द्र पशुपतिनाथ मन्दिरले समस्त सनातनिय हिन्दुहरूको प्रतिनिधित्व गर्दछ । साथै यस अध्ययनबाट हिन्दु धर्मावलम्बीहरूको मृत्युसंस्कारको वर्तमान अवस्थाको विषयमा जानकारी दिने र यो अध्ययन भविष्यमा गरिने अनुसन्धानात्मक कार्यहरूको लागि समेत महत्त्वपूर्ण स्रोत हुन सक्छ । यस क्षेत्रमा गरिएको अनुसन्धान स्थलगत अध्ययन मार्फत उपयुक्त शोधविधिको प्रयोग गरिएको हुनाले यस अध्ययनले अरु अनुसन्धानकर्तालाई समेत सहयोग पुर्‍याउन सक्छ ।

## १.५ अध्ययनको सीमा

सीमित साधन स्रोत र समयका कारणले गर्दा हरेक अध्ययनका केहि निश्चित सीमाहरू हुने गर्दछन् । यो अध्ययनपनि त्यो सीमाबाट सकेसम्म अछुतो रहेको छैन । यो अध्ययनको अध्ययन क्षेत्र पशुपतिनाथ स्थित राजराजेश्वरी क्रियापुत्रीमा मात्र सीमित रहेको छ । यहाँ गरिने अन्त्येष्टि पद्धतिको अध्ययन गरिएको छ भने अन्यत्रको सनातनी अन्त्येष्टि संस्कारलाई

महत्व दिइएको छैन् । यस अध्ययनमा आशौचको अवधि घटाउने प्रयासको प्रभावकारिता खोजी गरिएको छ ।

## १.६ अध्ययनको औचित्य

सनातनिय हिन्दु संस्कारको बारेमा प्रकाशित पुस्तक तथा लेख, रचनाहरूको समीक्षाबाट के स्पष्ट हुन्छ भन्ने एक हिन्दुका जीवनमा धार्मिक एवम् सामाजिक दृष्टिबाट संस्कारहरूले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। संस्कारसँग सम्बन्धित जे जस्ता पुस्तक तथा लेखहरू समीक्षा गरिएका छन् ती निश्चित उद्देश्य र विशिष्ट अवस्थामा लेखिएका छन् । सनातनीय मृत्यु संस्कारमा सुधारका आवश्यकता, सम्भावनाहरू र शास्त्रीय आधारहरू सम्बन्धित विस्तृत रूपमा अनुसन्धान विधिको प्रयोग गरेर खासै अध्ययन भएको देखिँदैन । यस अर्थमा प्रस्तुत शोध शीर्षक नवीन देखिन्छ । मूलतः यो अध्ययन स्थलगत अध्ययनमा आधारित भए तापनि प्रकाशित भएका प्राप्त सामाग्रीहरूको समेत मूल्याङ्कन गर्दै विस्तृत रूपमा अध्ययन गरिने हुँदा प्रस्तुत शोध अध्ययनको औचित्य देखिन्छ ।

## १.७ पूर्व साहित्यको समीक्षा

शोधकार्यको लागि पूर्व साहित्य समीक्षा एक अत्यन्त महत्त्वपूर्ण पाटो हो । अग्रज विद्वान्हरूले गरेका कार्यको समीक्षाबाट भावी शोध तथा अनुसन्धानलाई मार्गनिर्देशन मिल्दछ। जसबाट विभिन्न विद्वान्हरूका शोध खोजमा नसमेटिएका विषय र वस्तुलाई प्रकाशमा ल्याउन सकिन्छ । वैदिक सनातन हिन्दू धर्मानुयायीको अन्त्येष्टि संस्कार सम्बद्ध प्रमाणिक विषयवस्तुको पुस्तक, लेख र धर्मशास्त्रहरू उल्लेखनीय संख्यामा भेटिन्छन् तर हाल प्रकाशमा आएका मृत्यु संस्कार सुधार भनि मृत्यु संस्कार ३ दिन, ५ दिन र ७ दिनमा समय अनुकूल परिमार्जित गर्ने गराउने भन्ने विषयमा शास्त्रसम्मत रूपमा आजसम्म कुनै अनुसन्धानकर्ताले शोधखोज गरेका स्रोत र पुस्तकहरू (प्रकाशित र अप्रकाशित साहित्य) नपाईएको हुनाले शोधकार्यलाई सहज तुल्याउन केही विद्वान्हरूको ("सनातन धर्ममा अन्त्येष्टि संस्कार १३ दिनै नै") लेखलाई आधार र प्रकाशमा ल्याउन खोजेको छु ।

सोमप्रसाद खतिवडा, डा. गणेशप्रसाद क्षेत्रीद्वारा (वि.सं. २०५४) लेखिएको हिन्दु समाज र धर्म नामक पुस्तकमा "संस्कार भनेको एउटा विलक्षण योग्यता हो, जो शास्त्र अनुरूप कर्महरूको सम्पादनबाट उत्पन्न हुने गर्दछ । यो योग्यता दुई प्रकारको हुन्छ (१) यो योग्यता

प्राप्त भएपछि व्यक्ति अन्य कर्म गर्नका लागि योग्य हुन्छ र (२) यो योग्यता प्राप्त भएपछि व्यक्ति दोषमुक्त हुने गर्दछ ।"

डा. नारायण प्रसाद अधिकारीद्वारा (वि.सं. २०७५) लेखिएको हाम्रो सोह्र संस्कार नामक पुस्तकमा "जीव र जीवनका बारेमा लामो तथा सूक्ष्म अध्ययन अनुसन्धान गरेर नै जीवन-वैज्ञानिक ऋषिहरूले समाजमा संस्कारहरूको व्यवस्था गरेका हुन् । तात्विक रूपमा भन्नु पर्दा संस्कार भनेको अस्वच्छ, अस्वस्थ र अपरिष्कृत जीवलाई स्वच्छ, स्वस्थ र परिष्कृत बनाउने आध्यात्मिक उपचारविधि हो । अर्थात शरीर र मनमा रहन गएका दोषहरू मेटाउँदै, कमीकमजोरीहरू हटाउँदै असल एवम् दिव्य गुणहरू थप्दै मानिसलाई सुसभ्य र सुसंस्कृत बनाउने शास्त्रीय कर्म नै संस्कार हो ।"

डा. लक्ष्मीकान्त पन्थीद्वारा (वि.सं. २०७०) लेखिएको हिन्दुसंस्कार परिचय र विमर्श नामक पुस्तकमा "वैदिक सनातनहिन्दू धर्मावलम्बी जातिहरूका लागि धर्मशास्त्रमा गर्भाधान देखिलिएर मृत्युसंस्कारहरू गर्नुपर्ने व्यवस्था छ । ती संस्कारहरू कसैका मतमा ४८ छन् भने कसैका मतमा ४० छन् । कुनै आचार्यहरूले २५ संस्कार गर्नुपर्छ भनेका छन् भने कुनैको १६ संस्कार गरे पुग्छ भन्ने मत छ । गर्भाधानादि १६ संस्कारहरूले हाम्रो जीवनलाई जन्मैदेखि शुद्ध, पवित्र एवं सुसंस्कृत बनाउने काम गर्दछन् । धर्मशास्त्रीय संस्कारकर्महरूद्वारा सुसंस्कृत भएको जीवात्मा मोक्षप्राप्त गर्न समर्थन हुन्छ ।"

सोम खतिवडाद्वारा (वि.सं. २०७०) लेखिएको भगवान् पशुपतिनाथ दर्शन नामक पुस्तकमा "राजराजेश्वरीको स्थापना वि.सं. १४६४ सालमा युवराज जयधर्म मल्ल र तीनका भाइ जयज्योति मल्ल देवले गराएका हुन् र त्यस आसपासको क्षेत्रलाई ज्यादा सिंगार्ने कार्य जङ्गबहादुर राणाका छोरा जितजङ्ग राणाले गरेका हुन् ।"

डा. माधव भट्टराई द्वारा (वि.सं २०७५) लेखिएको स्वधर्मे निधनं श्रेय : पुस्तकमा "केही क्रीतदासहरू १३ दिनमा सम्पन्न गर्नुपर्ने अन्त्येष्टि क्रियालाई ७ दिनमा या ५ दिनमै पूरा गर्ने खोक्रो, अव्यावहारिक, अशास्त्रीय र अत्यन्तै निन्दनीय विचार लिएर कतिपय व्यक्तिहरू सनातनीहरूलाई भड्काउने कुविचारले प्रेरित भएर अगाडि आएका छन् । यस अवस्थामा वैदिक सनातन धर्मका पक्षधरहरू सावधान भई आफ्नो सरोकार र उपासना पद्धतिमा खडा रहनुपर्दछ । तिनका भ्रमपूर्ण, द्वेषपूर्ण र अन्यायपूर्ण अवधारणाका पछि लाग्नुहुँदैन ।"

प्रा.डा. देवीमणि भट्टराई, द्वारा (वि.सं २०७४) लेखिएको सनातन धर्ममा अन्त्येष्टि संस्कार नामक पुस्तकमा "निश्चित दिनमा गर्नैपर्ने कृत्यहरूलाई कर्ताको सामर्थ्यलाई ध्यान दिई दिन संकोच नगरी कर्ताका नियत नियमहरूलाई खुकुलो पारेको देखिन्छ । कर्ताको नियमभन्दा कर्तव्य कृत्यले बढी महत्त्व राख्ने हुँदा धर्मशास्त्रले इहलोक र परलोकमा बाधा नपर्ने गरी कर्ताका नियम पालनमा अशक्त अवस्थामा मात्र तत्कर्मका लागि छुट दिएको देखिन्छ । शुभ मुहूर्त, ऐहिक एवं पारलौकिक धर्महानि, विषयमा गरेको कर्मको फलविपरीत हुनेजस्ता विषयमा धर्मशास्त्रले सचेत भई कतै विधिवाक्यबाट त कतै निषेध वाक्यबाट सन्मार्गमा हिँड्न प्रेरित गरेको देखिन्छ ।"

डा. गुरूप्रसाद सुवेदी, द्वारा (विं.सं २०७७) लेखिएको अन्त्यकर्म सम्बन्धि वास्तुसत्य नामक पुस्तकमा "जसले आफ्नो मनको मर्जीबमोजिम पाइला चाल्छन्, वा मनपरि व्यवहार गर्छन् ती वानर हुन् । जसले शास्त्रबमोजिम व्यवहार गर्छन् ती मानिस हुन् । शास्त्रले हामीलाई स्वस्व वर्णाश्रममा व्यक्त कर्मको पालन गर्न आदेश दिन्छ । शास्त्रोक्त वा वेदविहित कर्मबाटै धर्म हुन्छ ।"

माधव प्रसाद पाण्डेय (विं.सं २०७५) लगाएतको विभिन्न सम्पादकिय प्रतिनिधि मण्डल द्वारा प्रकाशनमा ल्याईएको सनातन धर्ममा अन्त्यष्टि संस्कार १३ दिन नै नामक पुस्तकमा "वैदिक धर्मशास्त्रको अन्त्येष्टि संस्कारसम्बन्धी विधान विधायक मूलआधार **मनुस्मृति, पारस्करगृह्यसूत्र, याज्ञवल्क्यस्मृति** आदि ग्रन्थहरूमा आशौचअवधि र काजक्रिया गर्ने अवधि टिकानसाथ तोकिएकाले त्यसमा थपघट गर्न मिल्दैन । असंस्कृत अविवाहित, कालातीत, पर्णशरदाह जस्तालाई मात्र विशेष विधान गरिएका ५ दिने आशौच एवं काजक्रिया अवधि नै सबैका लागि हुनुपर्छ, यही नै शास्त्रीय सिद्धान्त बनाउनुपर्छ भनी प्रचार गर्नु नितान्त गलत हो ।"

## १.८ अनुसन्धान विधि

कुनै पनि घटना वा विषयवस्तुसँग सम्बन्धित तथ्यहरूको बारेमा क्रमबद्ध एवम् व्यवस्थित तरिकाबाट अपनाइने अनुसन्धानको प्रक्रिया नै अनुसन्धान पद्धति हो । अनुसन्धान विधि पनि यस अध्ययन कार्यको एउटा पाटो हो जसअन्तर्गत यो अध्ययन कहाँ र कसरी

गरिएको छ भन्ने कुरा पर्दछ । यस अन्तर्गत अनुसन्धानको ढाँचा, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलन विधि र तथ्या प्रस्तुतीकरण एवम् विश्लेषणको सम्बन्धमा प्रस्तुत शोध पशुपतिनाथ मन्दिर स्थित राजजोश्वरी आर्यघाटमा मृत्यु संस्कार आशौच विधि विषयवस्तुमा केन्द्रित छ ।

### १.८.१ अनुसन्धान ढाँचा

मूलतः यो अनुसन्धान वर्णानात्मक ढाँचामा अनुसन्धान गरी प्राप्त तथ्यहरूको वर्णन गरिएको छ । सनातनीय हिन्दु संस्कारसँग जोडिएका पक्षहरू र तथ्यहरूको पहिचान गरी त्यसको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । अध्ययनको मुख्य उद्देश्य राजराजेश्वरी क्रियापुत्री स्थलमा अपनाईएको शौच अवधिको अवस्था अध्ययन गर्ने भएकाले विभिन्न स्रोतहरूबाट सङ्कलित तथ्याङ्कलाई वर्णन गर्ने पद्धति अपनाइएको छ । यसैगरी प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त परिमाणत्मक एवम् गुणात्मक तथ्यहरूको आधारमा सम्भावनाको मापन गरिने हुँदा वर्णनात्मक अनुसन्धान ढाँचालाई मुख्य रूपमा अनुसरण गरिएको छ । जस अनुसार तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी हेर्ने, तुलना गरी हेर्ने, तथा प्राप्त तथ्याङ्कको विस्तृत विवरण प्रस्तुत गर्दै अध्ययनको निष्कर्षमा पुगिएको छ ।

### १.८.२ तथ्याङ्कको स्रोत

यस अध्ययनमा अध्ययनको उद्देश्यानुरूप आवश्यकताअनुसार संख्यात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्याङ्कहरू, प्राथमिक तथा द्वितीयक दुवै स्रोतबाट सङ्कलन गरिएको छ । जसअनुसार प्राथमिक तथ्याङ्कहरू कार्यक्षेत्र अध्ययनको क्रममा अपनाइने विविध प्रविधिहरूको उपयोग गरी सङ्कलन गरिएको हो । यस क्रममा अध्ययन क्षेत्रको निरीक्षण, छनोट भएका उत्तरदातासँगको अन्तर्वार्ता अवलोकन, मुख्य जानकार व्यक्तिहरूसँग अन्तर्वार्ता जस्ता कार्यहरू गरिएको छ । द्वितीयक तथ्याङ्कहरू विभिन्न अभिलेखहरू, प्रकाशित अप्रकाशित सामग्रीहरू, पुस्तक, रिपोर्ट, विद्वान्का लेखहरू, पशुपति क्षेत्र विकास कोष, गुठीसंस्था सम्बन्धित मन्त्रालय, विभाग, कार्यालयबाट प्रकाशित तथ्याङ्कहरू विभिन्न योजना तथा कार्यक्रमहरू, पत्रपत्रिकाहरू, अनुसन्धान प्रतिवेदनहरू तथा संघसंस्थाका अनुसन्धान प्रतिवेदनहरूबाट आवश्यकताअनुसार सङ्कलन गरिएको छ ।

### १.८.३ तथ्याङ्क संकलन विधि

प्रस्तुत अनुसन्धानमा प्राथमिक र दितीयक दुबै प्रकारका तथ्याङ्क संकलन गरी प्रयोग गरिएको छ र यसका लागि निम्न विधिहरु अवलम्बन गरिएका छन् ।

### प्राथमिक तथ्याङ्क विधि संकलन

यस अनुसन्धानमा कार्यक्षेत्रको आधारमा प्राथमिक तथ्याङ्क सङ्कलन गर्न र अध्ययनको उद्देश्य परिपूर्तिको निमित्त अन्तर्वार्ता अनुसूची, अवलोकन, विशेष व्यक्तिसँगको अन्तर्वार्ता जस्ता तथ्याङ्क सङ्कलन विधिको उपयोग गरिएको छ । अन्तर्वार्ताका क्रममा अन्तर्वार्ता सूची प्रयोग गरिएको छ जुन निम्नअनुसार छ । प्रस्तुत अनुसन्धानमा निम्नविधि अवलम्बन गरी प्रथमिक तथ्याङ्क संकलन गरिएका छन् ।

**(क) अन्तर्वाता**

यस अध्ययनका क्रममा आवश्यक सूचना प्राप्त गर्नका लागि नमुना छनोटमा परेका उत्तरदाताहरुसंग व्यक्तिगत रूपमा भेटी अन्तर्वार्ता सूची भरिएको छ । यस मार्फत राजराजेश्वरी क्रियापुत्री स्थलमा हालको सत्कर्म विधिको अवस्था र यस क्षेत्रमा सरोकारवालाको धारणा सम्बन्धी सूचना सङ्कलन गरिएको छ । यस्ता प्रश्नहरू आवश्यकता अनुसार खुल्ला प्रकृतिका राखिएको छ । सनातनीय हिन्दू संस्कारको अवस्था र सम्भावनालाई विस्तारित रूपमा अध्ययन गर्नको लागि अध्ययन क्षेत्रमा रहेर लामो समयदेखि नजिकबाट बुझेका गाउँका बुज्रुक, विशिष्ट व्यक्ति, जनप्रतिनिधि तथा अन्य जानकार व्यक्तिहरूलाई मुख्य सुचनादाताको रूपमा छनोट गरिएको छ । यस्ता व्यक्तिहरूको छनोट अध्ययन क्षेत्रको पूर्व अवलोकन र समुदायका अन्य व्यक्तिहरूको सिफारिसमा गरिएको छ ।

**(ख) अवलोकन**

अवलोकन अनुसन्धानमा बढी प्रयोग भएको विधि हो । यस अन्तर्गत असहभागितामूलक अवलोकन विधिको प्रयोग गरिएको छ । यस पद्धति मार्फत तथ्याङ्क सङ्कलन गर्दा अध्ययन क्षेत्रमा स्पष्ट देखिने सूचनाहरू, सांस्कृतिक क्रियाकलापहरू, सम्भावित क्षेत्र र आशौच विधि जस्ता कुराहरूको अवलोकन गरिएको छ । अवलोकन अनुसन्धानका प्रश्नहरूमा आधारित असंरचित प्रकृतिको छ । चेक लीष्ट तयार गरी त्यसका आधारमा

अध्ययनसँग सम्बन्धित तथ्यहरू सङ्कलन गरिएको हो । अवलोकन गरिएका कुराहरूलाई नोट कपीमा टिपोट गरिएको छ ।

### द्वितीयक तथ्याङ्क सङ्कलन विधि

मृत्यु संस्कारको बारेमा तथा अध्ययनसँग सम्बन्धित अभिलेख, पूर्व प्रकाशित पुस्तक, लेख, रचना, पत्रपत्रिका आदि यस अध्ययनको द्वितीयक तथ्याङ्कका स्रोत हुन्, यसका साथै अन्य अनुसन्धानमूलक सामग्रीहरू पनि समावेश गरिएको छ । यसबाट यस क्षेत्रको अध्ययन पूर्वको अवस्था बुझ्नुका साथै तुलनात्मक व्याख्या र तार्किक तथ्य प्रस्तुत गर्न सहयोग पुगेको छ ।

## १.८.४ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

कुनै पनि अध्ययन तथा अनुसन्धानको सङ्कलित तथ्याङ्कहरूको विश्लेषण तथा प्रस्तुतीकरणमा निर्भर गर्दछ । सङ्ख्यात्मक र गुणात्मक दुवै प्रकृतिको तथ्याङ्क अध्ययनद्वारा प्राप्त हुने भएकाले उपयुक्त तरिकाले प्रस्तुत गर्न आवश्यक हुन्छ । अन्तर्वार्ता सूचीद्वारा प्राप्त सङ्ख्यात्मक तथ्याङ्कलाई आवश्यकतानुसार तालिका बनाई सङ्ख्यिकीय विधि प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरिएको छ । सङ्कलन गरिएका गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकताअनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक र बोधगम्य बनाउन त्यसलाई विस्तार र विश्लेषण गरिएको छ । प्राप्त हुन आएका विभिन्न प्रकृतिका गुणात्मक तथ्याङ्कहरूलाई तथ्यग प्राथमिकताका आधारमा स्तर निर्धारण गरी तथ्याङ्कहरूलाई निश्चित गुण, विशेषता र प्रकृतिको आधारमा वर्गीकरण गरी प्रतिशत जस्ता वर्णनात्मक उपकरणहरू प्रयोग गरी तथ्याङ्क विश्लेषण तथा व्याख्या गरिएको छ । तथ्याङ्क विश्लेषणको क्रममा आवश्यकता अनुसार अनुसन्धानबाट प्राप्त अनुभव क्षेत्रकार्यको क्रममा गरिएका मूल्याङ्कन तथा अवलोकन, अनुसन्धानका क्रममा प्राप्त सुझाव र अनुसन्धान विषयसँग सम्बन्धित अन्य तथ्याङ्कहरूलाई समेत समावेश गरिएको छ । साथै अध्ययनको विषयसँग सम्बन्धित विभिन्न विषयवस्तुहरूलाई आवश्यकतानुसार औंल्याई तिनीहरूको विश्लेषण समेत गरिएको छ ।

### १.८.५ प्रतिवेदनको लेखन विधि

शोधलाई अन्तिम रूप दिने क्रममा नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागले अवलम्बन गरेको A.P.A. Format मा प्रतिवेदन लेखिएको छ ।

### १.८.६ अध्ययनको क्षेत्र

यस शोधमा अध्ययन गर्न लागेको मृत्युसंस्कार अवधि र पद्धति पशुपतिनाथ क्षेत्र स्थित राजराजेश्वरी क्रियापुत्री स्थल रहेको छ । सनातनीय हिन्दू संस्कारको अध्ययन गर्ने क्रममा पशुपतिनाथ क्षेत्र बाहेक अन्य क्षेत्रमा गएर तुलनात्मक अध्ययन गरेता पनि यो शोधको मुख्य अध्ययन क्षेत्र राजराजेश्वरी क्रियापुत्री स्थलमै केन्द्रित छ ।

### १.८.७ अध्ययनको संगठनात्मक स्वरुप

प्रस्तुत शोध पत्रको अनुस्नधान कार्यलाई ५ वटा अध्याय र विभिन्न परिष्टिमा संगठित गरिएको छ । अध्याय विभाजन अनुसारः

पहिलो अध्यायमा अध्ययनको परिचय, समस्याको कथान, अध्ययनको उद्येश्य, अध्ययनको महत्व, अध्ययनको सिमा, अध्ययनका औचित्य, पूर्व साहित्यको समिक्षा, अनसन्धान विधि, अध्ययनको क्षेत्र अध्ययनको संगठनात्मक स्वरुपको विवेचना गरिएका छन् । दोस्रो अध्यायमा पशुपतिनाथको भौगोलिक अवस्थिति, राजराजेश्वरी परिचय र आर्यघाट परिचय विवेचना गरिएका छन् । तेस्रो अध्यायमा हिन्दु सनातनिय संस्कारको परिचय र हिन्दूधर्मसंग संस्कारको सम्बन्ध र क्षेत्रको विवेचना गरिएका छन् । चौथो अध्यायमा हिन्दू सनातनी अन्त्येष्टि संस्कारको परिचय, अन्त्येष्टि संस्कारको शास्त्रविधि र परम्परागत पद्धति, अत्येष्टिसंस्कारको आवश्यकता र महत्त्व, अवधि घटाउने प्रयासको विश्लेषण, नेपालका केहि हिन्दू आदिबासी-जातीय अन्येष्टि सस्कार, पशुपति भेगका घाट, घाटेवैद्य, अन्त्येष्टि क्रिया, आर्यघाट र भष्मेश्वर घाटको विवेचना गरिएका छन् । पाचौ अध्ययाय यस शोधको अन्तिम खण्ड हो यस अर्न्तगत सारांश, निष्कर्ष र सुझाव रहेका छन् ।

# अध्याय दुई

# घाट र अन्त्येष्टि क्रिया

## २.१ परिचय

मानिसको जन्मभन्दा अघिदेखि मृत्युपर्यन्ट अनेक प्रँरका संस्कारादि कार्य गर्ने परम्परा हिन्दुहरूमा प्रचलित छ । गर्भको बालक निरोगी तथा स्वस्थ जन्मियून् भन्ने कामना गरी जन्मभन्दा अगाडि नै पनि विभिन्न संस्कार गर्ने चलन हिन्दूहरूमा पाइन्छ । हिन्दूहरूमा मानिसको जन्म भएपछि जीवनकालमा र मृत्यु पर्यन्त पनि यस्ता संस्कारहरू सम्पन्न गर्ने परम्परा छ । यिनीहरूमध्ये अन्त्येष्टि भने मानिसको मृत्यु भएपछि उसका सन्तान तथा आफन्तले गरिदिने संस्कार हो । मानिसको मृत्युपछि मृतकको आत्माले उत्तम गति प्राप्त गरोस् भन्ने मनसायका साथमा अन्त्येष्टि संस्कार गर्ने गरिएको छ। अन्त्येष्टि संस्कार विशेष गरी पवित्र गङ्गा किनारमै गर्नुपर्ने उल्लेख पौराणिक साहित्यहरूमा पाइन्छ। राजा भगरीथले आफ्ना मरेका पूर्खाको उद्धार वा मुक्तिका निम्ति कठोर तपस्या गरी गङ्गालाई स्वर्गबाट पृथ्वीमा ल्याएका थिए भन्ने कथा पुराणहरूमा दिइएको छ। तसर्थ गङ्गाको किनारमा मानिसको अन्त्येष्टि संस्कार गर्नु पुण्यदायक मान्ने गरिएको हो ।

सामान्यतया हिन्दूहरूले नदीलाई गङ्गा मान्ने गर्छन्। नेपालका विभिन्न भागका नदीलाई विभिन्न नामले जान्ने गरिए पनि ती सबैलाई गङ्गा भनिन्छ। काठमाडौँ उपत्यकाको पशुपतिनाथ भेगबाट बग्ने वाग्मती नदीलाई पनि वाग्मती गङ्गाका नामले जान्ने गरिन्छ। उपत्यकामा रहेका वाग्मतीका साथै हनुमन्ते, रुद्रमती र विष्णुमती जस्ता थुप्रै नदी किनारहरूमा अन्त्येष्टि संस्कार गर्ने चलन रहेको छ। ती नदीहरूमध्ये शिवको मुखबाट प्रकट भएकी मानिने वाग्मती नदीमा अन्त्येष्टि संस्कार गर्नाे पाइने फलका बारेमा हिमवत्खण्ड पुराणमा विस्तृत रूपमा वर्णन गरिएको छ । त्यसमा पनि पाशुपत क्षेत्रमा प्राण त्याग गरी वाग्मतीको किनारमा अन्त्येष्टि क्रिया गर्नुको धार्मिक महत्त्व अझ धेरै रहेको मानिन्छ ।

**पशुपति क्षेत्र विकास कोष** (२०७७), (पृ. ५०१)

## २.२ पशुपति भेगका दाहसंस्कार घाटहरु

बाग्मती नदीका किनारी भागमा दर्जनौं घाट छन् । तिनीहरू दाह संस्कार गर्ने क्षेत्रका रूपमा मात्र नभएर पवित्र स्थानका रूपमा पनि परिचित रहेका देखिन्छन् । तिनीहरूमा विभिन्न अवसरमा स्नानादि गर्ने पनि परम्परा पाइन्छ । गङ्गा दसहरा स्नान, जनैपूर्णिमा स्नान, ऋषि पञ्चमी स्नान, बाग्मती जात्रा, माधवनारायण यात्रा स्नान, माता तीर्थऔंसी स्नान र गोकर्णेऔंसी स्नान आदि वाग्मती किनारका घाटहरूमा स्नान गरिने मुख्य पर्व तथा उत्सवहरू हुन् । त्यस्तै पितृकर्म एवम् अन्त्येष्टि संस्कारका निम्ति सुन्दरी घाट, उत्तरबाहिरी घाट, गोकर्ण घाट, गुह्येश्वरी घाट, आर्य घाट, भष्मेश्वर घाट, राजराजेश्वरी घाट, प्रयाग घाट, शङ्खमूल घाट, कालमोचल घाट, पचलीघाट, सुन्दरीघाट र कटुवाल दह घाट आदि महत्त्वपूर्ण मानिन्छन् । ती घाटहरूमा मानिसहरूले मृतका नाममा पार्णव तथा एकोदृष्ट श्राद्ध कर्म पनि गर्ने गरेका छन् ।

**पशुपति क्षेत्र विकास कोष (२०७७), (पृ. ५०१)**

त्यस्तै मानिसको अन्त्येष्टि कर्म या दाह संस्कारका निम्ति समेत यी घाटहरू महत्त्वपूर्ण रहँदै आएका पाइन्छन् । समग्र पाशुपत क्षेत्रभित्र जुनसुकै स्थानमा प्राण त्याग गर्ने पापी र ज्ञानले हिन मानिसका सबै पाप पखालिएर शिवलोक प्राप्त गर्ने कुरा हिमवत्खण्डपुराणमा चर्चा गरिएको छ (योगी, २०१३ : १६६) । यसरी सम्पूर्ण पाशुपत क्षेत्रनै मुक्ति क्षेत्रको रूपमा रहेको मानिन्छ । त्यसमा पनि पशुपतिनाथको निर्माल्य बगेर आउने ब्रह्मनाल वा त्रिवेणी तीर्थमा प्राण त्याग हुनु धेरै पुण्यदायक मान्ने गरिन्छ । उक्त स्थानमा सम्पूर्ण जगत्को उद्धार गर्नका निम्ति बाग्मती गुप्तरूपमा रहेको वर्णन पाइन्छ । पाशुपत क्षेत्रका वाग्मती किनारमा राजराजेश्वरीदेखि गुह्येश्वरीसम्म मात्रै ५० वटा तीर्थस्थल रहेका छन् । तिनको नाम हिमवत्खण्डपुराणमा उल्लेख गरिएको पाइन्छ । यसरी वाग्मती नदी किनारका सबै घाटहरू पवित्र छन् र तिनीहरू तीर्थका रूपमा रहेका देखिन्छन् ।

**पशुपति क्षेत्र विकास कोष (२०७७), (पृ. ५०१)**

पाशुपत क्षेत्र ज्यादै पुण्यदायक मानिन्छ भने यस क्षेत्रमा प्राणत्याग गर्नो शिवसायुज्य प्राप्त हुने मान्यता रहेको देखिन्छ । धार्मिक रूपमा मानिसले बाँचुञ्जेल मात्र नभई सम्भव भएसम्म अन्तिम अवस्थामा पनि भगवान् पशुपतिनाथको सान्ध्यमा रहने तथा त्यसै भेगमा

प्राण बिसाउने कार्यलाई अहोभाग्य ठान्दछन् । तसर्थ पशुपतिनाथ भेगका घाटमा दाह संस्कारका लागि शव ल्याउने मात्र नभएर अन्तिम अवस्थाका बिरामीलाई पनि ल्याउने चलन छ । यस स्थानमा प्राण त्याग गर्ने कार्य पुण्यदायक मानिने हुँदा त्यस्ता बिरामीलाई यस भेगमा ल्याइने गरिएको हो ।

## २.३ आर्यघाट परिचय

घाटको अर्थ नदीको किनारी भाग हो हिन्दूहरूका लागि नदी संगम र नदीका किनारी भाग देवता बस्ने स्थान हुन्छन् जसलाई घाट पनि भनिन्छ । घाट भनेको भौतिक रूपमा खोल्न या नदी तर्ने स्थान मात्र नभएर मानिसलाई मोक्ष दिलाउने र तार्ने पनि ठाउँ हुन् । पितामह तीर्थ या पितृ उद्धार घाटमा पितृतर्पण, श्राद्धाद्धि कर्म र देवगत पूजन तथा हवनका कार्य गर्ने र घाटहरूमा शवदाह पनि गरिन्छ । आर्यघाट पशुपतिनाथ मन्दिरको पूर्वतिर बागमती नदीको पश्चिमी किनारमा पर्दछ । पशुपतिनाथ भेगको सबैभन्दा महत्त्वपूर्ण तीर्थ र घाट पनि आर्यघाट नै मानिन्छ । यसलाई आर्यतीर्थको नामले पनि जानिन्छ ।

**खतिवडा** (२०७७), (पृ. ७५)

## २.३.१ आर्यघाट र अन्त्येष्टि क्रिया

मृतकको दाहसंस्कार तथा अन्त्येष्टि संस्कार गर्नका निमित पशुपतिनाथ भेगमा पर्ने वाग्मती नदीको किनारी भागमा थुप्रै घाटहरू निर्माण गरिएका छन् । पशुपतिनाथ मन्दिरको पूर्वमा अवस्थित आर्य घाट तथा त्यसको दक्षिणमा रहेको भष्मेश्वर घाट यस भेगका प्रख्यात घाटहरू हुन् । तिनमा दाह संस्कार गर्न जम्मा तेह्रवटा चिता निर्माण गरिएका देखिन्छन् । पशुपतिनाथ मन्दिरको पूर्वतिर आर्यघाटमा दुई चिता छन्, जसमध्ये चिता नं. १ पशुपतिको निर्माल्य जम्मा हुने ब्रह्मनालनजिक पर्छ । त्यसमा ब्रह्मेश्वर महादेव बिराजमान भएको र ब्रह्मनालभन्दा माथि देखिने अवस्थामा चाहिँ तारकेश्वर महादेवको निवास रहेको छ भन्ने धार्मिक विश्वास गरिन्छ । ब्रह्मनालमाथि शव राखी पवित्र त्रिवेणीको जल अर्पण गर्ने तथा वाग्मती नदीको पानीमा स्नान गराई शवलाई अग्निदाह गराउने परम्परा रहेको पाइन्छ । ब्रह्मनालकै नजिक रहेको चिता नं. १ मा राजामहाराजा तथा राज्यका विशिष्ट व्यक्तिहरूको अन्त्येष्टि क्रिया गर्ने परम्परा छ । आर्यघाटको चिता नं. २ वत्सलेश्वरीबाट आर्यघाट ओर्लिने सिँढी नजिकै पर्छ । उक्त चितामा पहिले राणाशासक वा तिनका सन्तानको दाह संस्कार गर्ने

परम्परा थियो । हाल पनि उक्त चितालाई विशिष्ट मान्ने चलन छ । भष्मेश्वर घाटतर्फ रहेका चिताको दाँजोमा उक्त २ नं. को चितामा दाह संस्कार गर्दा शुल्क केही महङ्गो पर्छ । सो चिताको प्रइोग गरेवापत रु. ८३०० शुल्क तिर्नुपर्छ भने दाह संस्कार गर्दा दाउरा, पराल, घिउ र कपुर आदि गरी करिब रु.६००० देखि ७००० सम्मको सामग्री खरिद गर्न आवश्यक हुने गर्दछ । यसरी आर्यघाटको चिता नं. २ मा शव दाह गर्न हाल करिब रु. १५००० खर्च लाग्ने गर्दछ ।

## २.३.२ बिरामी राख्ने सत्तल

पशुपतिनाथ भेगको आर्यघाटमा रहेका विभिन्न कलानिधिमा बिरामी राख्ने सत्तल पनि महत्त्वपूर्ण छ । राजा सुरेन्द्रका पालामा हरिप्रियादेवीले निर्माण गराएको यो सत्तलको बाग्मतीतटतिरको भागमा अन्तिम अवस्था भएका बिरामीहरूलाई राख्ने गरिन्छ । तीन तलको यो सत्तल पशुपतिनाथको पूर्वीगेटसँगै टाँसिएको छ । हाल यहाँ घाटेवैद्य दुईजना र परिचारिकाहरू दुईजनाले बिरामीहरूको सेवा गरिरहेका छन् ।

**पशुपति क्षेत्र विकास कोष** (२०७७), (पृ. १७६)

## २.३.३ शयनविष्णु

पशुपतिनाथ आर्यघाटको बिरामी राख्ने सत्तलभित्र तथा बिरामी राख्ने ठाउँमा शयन विष्णुको एउटा पुरानो प्रतिमा राखिएको छ । निकै खिइएको यो प्रतिमा प्राचीनकालमा निर्माण गरिएको हुन सक्ने मान्यता छ । यस प्रतिमामा लक्ष्मीले विष्णुको सेवा गरिरहेको देखिन्छ । यसमा लक्ष्मीलाई पनि जलाभिषेक गरेर सेवा गरिएको स्वरूप छ । यो मूर्ति सत्तलको भित्तामा टाँसेर राखिएको छ ।

**पशुपति क्षेत्र विकास कोष** (२०७७), (पृ. १७६)

## २.३.४ ब्रह्मनाल

पशुपतिनाथको निर्माल्य बगेर बाग्मती नदीसम्म आउने नालालाई ब्रह्मनाल भनिन्छ । ब्रह्मनाल बाग्मतीमा मिसिने स्थानलाई हिन्दूहरूले पवित्र त्रिवेणीका रूपमा लिने गरेका छन् । आर्यघाटको सबैभन्दा उत्तरी भागमा ब्रह्मनाल रहेको छ । अन्तिम श्वास यस

स्थानमा त्याग्न पाए सिधैँ शिवलोकमा स्थान पाउने धार्मिक विश्वास रहेको पाइने हुनाले कतिपय अन्तिम अवस्थाका बिरामीलाई यस छेउमा रहेको सत्तलमा ल्याएर राख्ने चलन छ। अन्तिम श्वास गईसकेपछि पनि शवलाई ब्रह्मनालमाथि केहि समय राखिएमा त्यसले पनि शिवलोक पाउने विश्वास गरिन्छ। तसर्थ मृत व्यक्तिको पाउ बाग्मतीमा डुबाएर यसै स्थानमा राखी सामन्य संस्कार गरेपछि मात्र दाहसंस्कार गर्ने परम्परा रहेको छ।

**पशुपति क्षेत्र विकास कोष (२०७७), (पृ. १७७)**

## २.४ भष्मेश्वर घाट र अन्त्येष्टि क्रिया

आर्यघाटको दक्षिणमा अवस्थित भष्मेश्वर घाटतर्फ १० वटा चिता छन्। तिनमा शव दाह गर्न दस वर्षभन्दा माथिका बालबालिकाको रु.२३०० तथा ठूला मानिसका लागि रु.२८०० शुल्क लाग्दछ। यस बाहेक माथि उल्लेख गरिएबमोजिम सामग्री रु. ६००० देखि रु.७००० सम्मको लाग्ने हुँदा उक्त चिताहरूमा दाह संस्कार गर्न करिब रु.१०,००० को हाराहारीमा शुल्क लाग्ने गर्दछ। पशुपतिनाथ भेगका आर्यघाट र भष्मेश्वर घाटका जम्मा १२ चिताहरूमा दैनिक करिब १२ देखि १३ वटासम्म शव दाह संस्कार हुने गरेको देखिन्छ। यी घाटहरूमा कुल २४ जना ब्राह्मणले शव जलाउने कार्य गर्दै आएका छन्।

भष्मेश्वर घाटमा शवदाह गर्दा तिनको भष्म तथा धुवाँ उडेर भष्मेश्वर शिवलिङ्गमा पर्छ, जसबाट उक्त व्यक्तिको पाप नाश भई उसले मुक्ति प्राप्त गर्ने विश्वास रहेको पाइन्छ। त्यस्तै भष्मेश्वर घाटमा शव दाह गरेपश्चात् शेष अस्तुमध्येको केही अंश ल्याई भष्मेश्वर शिवलिङ्ग नजिकको भष्मेश्वर कुण्डमा राख्नाले मृत व्यक्ति सम्पूर्ण पापबाट मोक्ष भई उसले शिव सायुज्य प्राप्त गर्ने कुरा हिमवत्खण्ड पुराणमा उल्लेख गरिएको छ। यही मान्यताअनुरूप परापूर्वकालमा शाव दाहपश्चात् तिनको अस्तु भष्मेश्वर कुण्डमा चढाउने ज्यादा महत्त्वपूर्ण मानिन्छ।

देउपाटन क्षेत्रमा परापूर्वकालदेखि नै ब्राह्मणलगायत राजोपाध्याय, भण्डारी, वैद्य, बिसेट, कर्माचार्य, डंगोल, जोशी, नापित, सङ्गत, खड्गी, दमाई, कुसले र हरिजन आदि जातिको बसोबास रहेको छ। साथै पाशुपत क्षेत्रमा हुने विभिन्न परम्परागत जात्रा पर्वमा यी विभिन्न जातजातिको आवश्यकता एवम् सहभागिता हुने गरेको पाइन्छ। यिनीहरूले पशुपतिनाथको व्यवस्थापनमा पनि सहयोग गर्ने गरेका छन्। यिनीहरूका शवदाह गर्ने घाट

पनि अआफ्नै छन् । जस्तो कुसलेहरूको दाह संस्कारका लागि वर्तमान विद्युतीय दाह संस्कार गरिने स्थान नजिक ब्रह्मद्वीप घाट रहेको छ ।

**पशुपति क्षेत्र विकास कोष** (२०७७), (पृ. ५०५)

हरिजनहरूको दाह संस्कार वज्रेश्वरी नजिक पिङ्ला घाटमा रहेको थियो, जुन हाल चक्रपथ निर्माण गर्दा मासिइसकेको छ । त्यस्तै वैद्याहरूको दाह संस्कार राजराजेश्वरी घाट पारी अवस्थित राम घाट, सीता घाट, लक्ष्मण घाट, भरत घाट र शत्रुघ्न घाटमध्ये राम घाट तथा सीता घाटको बीचमा अवस्थित छ । तर वर्तमान समयमा यी श्मसान घाटको प्रयोग छिटफुट कुसलेहरूबाहेक अन्य समुदायबाट हुने गरेको देखिदैन । हाल यी सबै जातजातिले आर्यघाट वा भष्मेश्वर घाटलाई नै शवदाहका लागि प्रयोग गर्ने गरेका छन् ।

केही दसक अघिसम्म बालबालिकाको मृत्युमा गौरीघाटको उत्तर हालको कुमारीगाल क्षेत्रमा गाड्ने चलन थियो । सो क्षेत्रको नाम नेवारी भाषामा मचा अर्थात् बच्चा तथा गा अर्थात् गाड्ने वा श्मसान घाट रहेको देखिन्छ । यसरी कुमारीकुमारी गाड्ने थलो भएका आधारमा पछि उक्त स्थानको नाम कुमारी गा हुँदै हाल कुमारी गाल रहन गएको हो । सो स्थानमा आबादी बढ्दै गएपछि विगत केही दसकयता दस वर्षभन्दा मुनिका बालबालिकाको अन्त्येष्टि संस्कार गर्नका निम्ति मृगस्थलीको वन प्रयोग हुँदै आएको छ । त्यस्तै किराँतहरू र दसनामी सन्यासीको अन्त्येष्टि संस्कार मृगस्थली तथा ध्रुवस्थलीका जङ्गलमा तथा विद्युतीय शवदाह यन्त्रमा गर्ने चलन छ ।

परम्परागत रूपमा दाउराबाट गरिने अन्त्येष्टि विधिबाहेक विकल्पका रूपमा राजराजेश्वरी घाटमा दुईवटा विद्युतीय शवदाह यन्त्र जडान गरिएका छन् । त्यहाँ रहेका दुई यन्त्रहरूमा प्रत्येक यन्त्र एकएक महिनाको पालो गरी सञ्चालन गर्ने गरिएको छ । यस यन्त्रमा दिनको पन्ध्र/सोह्र वटासम्म शव दाह हुने गरेको पाइन्छ । उक्त यन्त्रमा शवदाह गर्न बाँसको खट आवश्यक पर्छ । यसमा साना शव दाहमा रु.२००० तथा ठूलाको लागि रु.४००० शुल्क लिने चलन छ ।

यसमा आर्यघाट तथा भष्मेश्वर घाटमा दाउराबाट गरिने अन्त्येष्टि संस्कारमा जस्तो अन्य सामग्री यसबाट निस्किएको घुवाँ शुद्धीकरण भई वायुमण्डलमा जाने हुँदा यसले वातावरणलाई अपेक्षाकृत कम क्षति गर्दछ । आर्थिक अवस्था कमजोर भई यी घाटहरूमा दाह

संस्कार गर्न नसक्ने मानिसहरूका लागि पशुपति गुठी गोश्वारा, अमालकोट कचहरी तथा पशुपतिमा रहेको आर्दश निर्माण सेवालगायतका संघसंस्थाले दाह संस्कारमा सहयोग गर्ने गरेका छन् ।

वर्तमान समयमा पाशुपत क्षेत्रका घाटहरूमा परम्परागत रूपमा अन्त्येष्टि संस्कार गर्ने मानिसले पहिलो प्राथमिकता आर्यघाट तथा दोस्रो प्राथमिकता भष्मेश्वर घाटलाई दिने गरेका छन् । साथै परम्परागत रूपमा दाउराबाट नै दाहसंस्कार गर्ने कार्यलाई महत्त्व दिने गरेको पाइन्छ । आफन्तको शव पशुपतिनाथको सान्नध्यमा परापूर्वकालदेखि चलिआएको परम्परागत विधिबाट नै आफ्नै आँखाअगाडि दाह गर्नु मृतकका आफन्तको चाहना हुने गरेको छ । हाल विद्युतीय शव दाहयन्त्रको प्रयोग पनि बढ्दै गएको देखिन्छ । पशुपतिनाथ भेगका विभिन्न घाटमा शव दाहका लागि अन्य सुविधा पनि रहेका छन् ।

**पशुपति क्षेत्र विकास कोष** (**२०७७**), (**पृ. ५०६**)

हिन्दू परम्परामा शवदाहपछि मृतकका नाममा १३ दिनसम्म आशोच बारी कोरामा बस्ने परम्परा रहेको पाइन्छ । यसका लागि किरियापुत्री भवनको आवश्यकता पर्छ । उपत्यकाका शङ्खमूल घाट, पचली घाट, प्रयाग घाट, भण्डारेश्वर घाट र पशुपतिनाथस्थित राजराजेश्वरी घाटमा यस्ता किरियापुत्री भवनहरू बनाइएका छन् । हाल उपन्याकाका विभिन्न ढुङ्गेधाराकानजिक पनि किरियापुत्री भवन निर्माण गरिएका पाइन्छन् । पशुपतिनाथ भेगको किरियापुत्री भवन राजराजेश्वरी घाट भेगको जितजङ्ग प्रकाशेश्वर तथा ताराप्रकाशेश्वर मन्दिर (शिवालय) को प्राङ्गणमा रहेका छन् । अहिले त्यहाँका सत्तललाई किरियापुत्री भवनका रूपमा प्रयोग गर्ने गरिएको छ । हाल जितजङ्ग प्रकाशेश्वर मन्दिर क्षेत्रमा किरिया बस्न बन्द गरिए तापनि ताराप्रकाशेश्वर मन्दिर प्राङ्गणमा ढुङ्गेधारासमेत भएको हुँदा तिनकै वरिपरिका सत्तलमा किरियापुत्री बस्ने गरेका छन् ।

वर्तमान समयमा सहरीकरण बढ्दै जाँदा दैनिक नदी वा ढुङ्गेधारामा गई स्नान गर्न समस्या हुने, सहरबजारका घर साँघुरा हुने, आशौच बारेर बस्दा तेह्र दिनसम्म पितृकार्यका लागि दैनिक आवश्यक टपरी र खोचालगायतका वस्तुको बन्दोबस्त गर्न कठिन हुने तथा अन्य सामग्री जुटाउन कठिन हुने गर्दछ । तर पशुपत क्षेत्रका यी भवनमा आवश्यक सम्पूर्ण सामग्रीका

साथमा ब्राह्मणहरूको पनि उपलब्धता हुने भएकाले यस क्षेत्रमा किरिया बस्ने मानिसहरूको चाप दिनानुदिन बढ्दै गएको छ ।

हाल पशुपति भेगमा किरियापुत्री सेवा सुविधा केन्द्रमा किरिया बस्न सकिने ३९ वटा कोठा रहेका छन्, जुन हालको मागभन्दा निकै कम हुन् । ती कोठाहरू प्रयोग गरेवापत सामान्य एक कोठाको प्रीतिदनको रु.२०० तथा स्नानघर र शौचालयसहितको कोठाको प्रतिदिनको रु.५०० शुल्क लाग्दछ । तेह्र दिनसम्म सो कोठाको उपयोग गर्दा लाग्ने बिजुलीको शुल्क स्वयम् किरियापुत्रीले नै तिर्नुपर्ने व्यवस्था छ । काजकिरियाका अवधिमा चाहिने भाँडावर्तनदेखि लिएर अन्य वस्तुहरू पनि यस स्थानमा नै भाडामा लिन पाउने व्यवस्था छ । हालको मागअनुसार किरियापुत्री भवनका कोठाको संङ्ख्या दोब्बर बनाउन आवश्यक देखिन्छ । त्यहाँ उपलब्ध गराइने लुगाफाटा र भाँडावर्तन पनि थप्न त्यत्तिकै आवश्यक छ ।

**पशुपति क्षेत्र विकास कोष** (२०७७), (पृ. ५०७)

## २.५ घाटेवैद्य

पशुपतिनाथ मन्दिरको पूर्वतिर आर्यघाटमा बिरामी राख्ने सत्तल छ । त्यस सत्तलमा अन्तिम अवस्थामा ल्याइएका बिरामीलाई उपचारको व्यवस्था गर्ने परम्परा पाइन्छ । यस घाटमा ल्याइएका बिरामीलाई उपचार गर्न व्यवस्था गरिएको वैद्यलाई घाटेवैद्य भन्ने गरिन्छ । पशुपतिनाथ भेगमा घाटे वैद्यको व्यवस्था पहिलोपटक १८७० सालमा गीवार्णयुद्धविक्रम शाहले गरेको देखिन्छ । तिनले यसका लागि १० रोपनी ८ आना जग्गा गुठी राखिदिएका थिए, जसको आम्दानी घाटे वैद्यको खान्की खर्चका लागि प्रयोग गरिन्थ्यो । तिनका लागि रणबहादुर शाहले पनि खान्की खर्चको व्यवस्था मिलाएका थिए । उनले मिलाएको व्यवस्थामा ठूलो सदावर्तबाट खान्की खर्च दिने चलन थियो ।

**पशुपति क्षेत्र विकास कोष** (२०७७), (पृ. ५०२)

पाशुपत क्षेत्रका सदावर्तलाई २०१८ सालमा पशुपत गुठी गोश्बारमा गाभिएपछि यो चलन हराउँदै गयो । पहिले बिरामीको अवस्था गम्भिर हुँदै जाँदा भगवान्का शरणमा उत्तम गति प्राप्त गरुन् भनी तिनका आफन्तहरूले पशुपतिनाथ आर्यघाट, गुह्येश्वरी घाट, टेकु, पचली घाट, शङ्खमूल घाट वा अन्यत्र स्थानमा रहेका त्रिवेणी घाटमा लगेर राख्ने परम्परा

थियो । यस्ता सबै घाटहरूमा बिरामीको सेवाका निम्ति पहिले घाटे वैद्यहरू रहने गर्दथे । हाल पशुपतिनाथ आर्यघाटबाहेक घाटे वैद सेवा अन्यत्रका घाटहरूमा रहेको छैन । पशुपति आर्यघाटमा बिरामीको सेवाका निम्ति अहिले पनि घाटे वैद्यहरू रहँदै आएका छन् । यी वैद्यहरूले मानिसमा देखिएका रोगका लक्षणका आधारमा वैद्य विधिबाट उपचार गरी रोगव्याधि निको पार्ने गर्छन् ।

पाशुपत क्षेत्रका घाटे वैद्यका बारेमा केही किंवदन्तीहरू पनि पाइन्छन् । तिनीहरूमा प्रचलित एक किंवदन्तीअनुसार अघि लङ्काका राजा बिरामी हुँदा नेपालको पाशुपत क्षेत्रमा बसोबास गर्ने मेलम वैद्यले त्यस्तो रोग निको पार्न सक्ने जानकारी पाएछन् । तसर्थ पाशुपत क्षेत्रका मेलम वैद्यलाई लङ्का लगिएछ र तिनले लङ्काका राजालाई उपचार गरेर निको पनि पारेछन् । पछि तिनी लङ्काबाट फिर्दा बेसारको बीउ मागेर ल्याएछन् । यसरी नेपालमा पहिलोपटक बेसारको बीउ ल्याउने मानिस मेलम वैद्य थिए भन्ने किंवदन्ती पाइन्छ । मेलम वैद्यका सन्तानलाई चन्द्र शमशेरले चन्द्र सूर्य रहुञ्जेल वैद्यको काम गर्नु भनी ताम्रपत्र दिएको बताइन्छ । घाटे वैद्यहरू पाशुपत क्षेत्रको आर्यघाट भेगमा र गुह्येश्वरी मन्दिरदेखि पश्चिमको घाटमा नियुक्त गरिएका थिए । सर्वसाधारणलाई सिकिस्त बिरामी हुँदा आर्यघाटमा तथा राजपरिवारका सदस्यलाई भने गुह्येश्वरी पश्चिमको घाटमा राख्ने चलन थियो ।

पाशुपत क्षेत्रको आर्यघाटबाहेक अन्य स्थानका घाटे वैदको व्यवस्था हटाइएको छ । तसर्थ राजपरिवारका कोही सदस्यले अन्तिम अवस्थामा गुह्येश्वरी भेगमा हाई बस्न चाहेँमा पशुपतिनाथ आर्यघाटका घाटे वैदले नै तिनलाई पनि सेवा दिने गरेका छन् । यहाँका घाटे वैदले वाग्मती किनारमा अवस्थित कालो सत्तलमा बसेर वैद सेवा दिने गर्छन् । २०५२ सालमा पशुपतिनाथ आर्यघाट सेवाको स्थापना गरियो, जसअन्तर्गत हाल कालो सत्तलमा कूल २३ वटा शैयाहरू राखिएका छन् । यहाँ ल्याइएका विभिन्न अवस्थाका बिरामीलाई अलगअलग स्थानमा राख्ने व्यवस्था रहेको छ । साधारणतया लडेर चोटपटक लागेका तथा बाँदरको आक्रमणमा परेकालाई सत्तलको दोस्रो तलामा राखेर उपचार गरिन्छ ।

**पशुपति क्षेत्र विकास कोष (२०७७), (पृ. ५०३)**

दम, पित्त र बाथरोग बिग्रिएका तथा क्यान्सर जस्तो निको नहुने रोग लागि जटिल अवस्थामा पुगेका बिरामीलाई पहिलो तलामा राखी उपचार गर्ने परम्परा पाइन्छ । बाँच्ने आशा

सकिए घाटमा ल्याइएका जटिल अवस्थाका करिब तेत्तीस प्रतिशत बिरामीहरू यहाँको उपचारपछि केही निको भएर घर फर्किने गरेका छन् । बाँच्ने आशा अतिन्यून भई पशुपतिनाथको शरणमा ल्याएका बिरामीलाई भने सत्तलको भुईंतलामा राख्ने व्यवस्था गरिएको छ। अन्तिम अवस्थामा पुगेका बिरामीका नाममा दसदान र अन्य दानहरू गर्ने, गीता, चण्डी र पुराण आदि पाठ गराउने रवा भजनकीर्तन गराउने कार्यका लागि घाटसेवाबाट ब्राह्मण उपलब्ध गराउने व्यवस्था रहेको छ । यहाँ सबै प्रकारका बिरामीलाई चिकित्सकले दिएको औषधिका साथै वैद विधिले पनि उपचार गर्ने गरिन्छ।

सिकिस्त बिरामीलाई पशुपतिनाथ भेगमा ल्याउँदा तिनका लागि खाना पकाउने भाँडावर्तन आदिको व्यवस्था पनि घाटमा नै रहेको पाइन्छ। केही दसक अघिसम्म अन्तिम अवस्थाका बिरामीलाई विभिन्न तीर्थस्थलमा रहेका घाटमा लगेर राख्ने चलन निकै द्दधेरै थियो, जुन चलन ऐतिहासिक घटनाहरूको विश्लेषणबाट प्राचीनकालदेखि नै चलिआएको थाहा पाउन सकिन्छ। मल्लकालीन थुप्रै राजाहरूले शङ्खमूल घाट र पशुपति आर्यघाटमा प्राण विसर्जन गरेका थुप्रै उदाहरण पाइन्छन् । काशी वाराणसीको ललिताघाट रणबहादुर शाहकी रानी ललितत्रिपुरासुन्दरीले अन्तिम जीवनयापन गर्नका निमित्त बनाएकी थिइन्, जहाँ पशुपतिनाथको मन्दिरसहित ललिता घाट रहेको छ। यसरी पशुपतिनाथ भेगको सम्बन्ध काशीसँग पनि रहेको देखिन्छ।

घाटे वैद्य हुन दीक्षा मन्त्र लिनुपर्ने नियम छ। बाउबाजेबाट छोरानातिमा दीक्षा विधि हस्तान्तरण हुने गर्दछ। वैद्यहरूले अन्य देवीदेवताका साथमा कर्म देवता तथा धर्म देवतालाई पनि मान्ने गर्छन् । कर्म देवताका रूपमा वैद्यहरूले चावहिल चन्द्रविनायकलाई मान्दछन्, जसलाई वैदको विद्याको अध्ययन गरी परमपरागत पेशाको थालनी गर्नुअघि पूजाआजा गरिन्छ। यिनै गणेशलाई साक्षी राखेर बाउबाजेले छोरा-नातिलाई दीक्षा मन्त्र दिने परम्परा छ। यसरी दीक्षित भएका वैद्यलाई उक्त मन्दिरबाट पञ्चैबाजाका साथमा दोसल्ला ओढाई घरमा ल्याएर आफन्तहरूले सगुन दिनुपर्ने चलन रहेको पाइन्छ।

# अध्याय तीन

# हिन्दू सनातनिय संस्कार

## ३.१ संस्कारको परिचय

शुद्धिकरण अर्थात मन, वाणी र शरीरको शुद्धिकरण गर्नु हो संस्कार । यसको शाब्दिक अर्थ हो राम्रो सँग गरिने काम वा राम्रो काम तर व्यवहारमा संस्कार शब्दले माझ्नु, शुद्धाउनु, चोख्याउनु, परिमार्जन गर्नु वा तेस्तै शुद्धिका लागि गरिने धार्मिक कियाहरू तथा व्यक्तिका दैहिक, मानसिक एवम् वौद्धिक परिष्कारका निम्ति गरिने अनुष्ठानहरू भन्ने जनाउछ ।

हिन्दूसंस्कार भन्नासाथ हिन्दू धर्म अर्थात वैदिक सनातन धर्मसँग सम्वद्ध संस्कारहरू हुन् । एक हिन्दूको जीवनलाई सफलताभूत पार्न संस्कारको ठूलो महत्त्व रहेको छ । जीव र जीवनका बारेमा लामो तथा सूक्ष्म अध्ययन अनुसन्धान गरेर ने (जीवनवैज्ञानिक) ऋषिहरूले समाजमा संस्कारहरूको व्यवस्था गरेका छन् । संस्कारहरूको मूलभूत उद्देश्य मानिसहरूको जीवनका महत्त्वपूर्ण क्षणहरूलाई ध्यान दिएर उपयोगी बनाउन सक्षम होऊन भन्ने नै हो ।

अनादिकालदेखि संस्कारहरूको प्रचलन भएको व्यापक रूपमा देखिन्छ र द्वापरयुगदेखि संस्कारले धार्मिक रूप लिएको देखिन्छ । मनुष्य योनिमा जन्म लिएपछि प्रत्येक हिन्दूले पुरुषार्थ चतुष्टय प्राप्तिका निम्ति प्रयत्न गर्नु पर्दछ । धर्म, अर्थ, काम, मोक्ष यी चारै पुरुषार्थ प्रप्ति गर्नका लागि संस्कारहरूले प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा प्रेरणा र पथप्रदर्शनको काम गर्दछन् । तात्विक रपमा भन्नु पर्दा संस्कार भनेको अस्वच्छ, अस्वस्थ र अपरिष्कृत जीवलाई स्वच्छ र परिष्कृत बनाउने आध्यात्मिक उपचार विधि हो ।

संस्कारहरूको संख्या कही ११, कहि १२, १३, १६, २४, ३१ र कही ४८ सम्म रहेको पाईन्छ । तर, सामान्यतया हाल हिन्दू समाजमा १६ संस्कार मानिन्छ । तिन संस्कार वालक जन्मनु भन्दा पहिले गरिन्छ, अन्त्येष्टि संस्कार मृत्यु पछि गरिन्छ । बाँकी १२ वटा संस्कार जीवनको अस्तित्व रहदा गरिन्छ ।

हिन्दूहरूको धार्मिक एवम् सामाजिक इतिहासको अध्ययन गर्दा एक हिन्दूका जीवनमा धार्मिक एवम् सामाजिक दृष्टिबाट संस्कारहरूले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । विभिन्न संस्कारहरू पनि यथासमयमा गर्नुपर्ने विधि विधान हिन्दू आचारशास्त्रमा उल्लिखित छन् ।

यसरी हेर्दा संस्कारहरू धार्मिक विश्वासको पूर्णताका लागि आवश्यक देखिन्छन् । सामाजिक परिप्रेक्ष्यबाट हेर्दा प्रचलित हिन्दू संस्कारहरू निम्न प्रकारका देखिन्छन् ।

### ३.१.१ गर्भाधान संस्कार

हिन्दू संस्कारहरूमा पहिलो संस्कारको नाम गर्भधान हो । मानसिक र शारीरिक दृष्टिबाट गर्भधारण गर्न र वीर्यदान गर्न योग्य स्त्री-पुरषको समागम बाट जीवात्मा नयाँ गर्भमा स्थापित हुनुलाई गर्भधान भनिन्छ। यो संस्कार वास्तवमा दिव्य आत्मालाई जन्म लिनका लागि भूमि तयार गर्न निम्ति भनिएको छ ।

### ३.१.२ पुसंवन संस्कार

गर्भमा स्थित भ्रूण लाई पूरुषत्व प्रदान गर्ने कर्म नै पुंसवन हो । पुंसवन कर्मले तेति बेला संस्कारको रुप प्राप्त गऱ्यो जति बेला समाजमा आपसी द्वन्द्व र अन्य कतिपय कारणले पुरुष जातिको संख्या निकै घट्यो । स्त्रीपुरुषको सामाजिक सन्तुलन मिलाउनका लागि समाज वैज्ञानिकहरूले पुरुष-सन्तति उत्पादनलाई विशिष्ट मन्त्रोच्चरणका प्रभावले र अन्य औषधीय प्रयोगले पुरुषत्व प्रदान गर्ने वा क्रोमजोमको गुण परिवर्तन गर्ने विज्ञानको विकास भएको देखिन्छ ।

### ३.१.३ सीमान्तोन्नयन संस्कार

समिान्तोन्नयनको शाब्दिक अर्थ गर्भिणीको सीमान्त (केशराशि) लाई उन्नयन अर्थात मास्तिर फर्काउनु र सिउँदो बनाउनु हो। एस संस्कारको पहिलो उद्देश्य गर्भवतीको अमङ्गदनाश हो । गर्भवती र गर्भस्थ शिशुलाई कुनै प्रकारको शारिरीक तथा मानसिक आधात नपुगोस र शिशुलाई दीर्घायु प्राप्त होस् भन्ने यसको दोस्रो उद्देश्य हो भने गर्भिणीलाई सन्तुष्ट पार्नु, प्रसन्न राख्नु र उनी प्रति पति तथा परिवारको माया दर्शाउन यसको तेस्रो उद्देश्य देखिन्छ । यो संस्कार आठौं महिनामा गरिने तृतीय संस्कार हो ।

### ३.१.४ जातकर्म संस्कार

बालकको जन्म भएपछि गर्नुपर्ने जातकर्म चौथो संस्कार हो । गर्भावस्थामा आमाको आहारको रस पिएका हुनाले जातकर्म संस्कार गर्नाले गर्भको खानपिन सम्बन्धी सबै दोषहरु नाश हुन्छन् भनेर लेखिएको पाइन्छ ।

### नालच्छेदन

नाल नकाटुन्जेल शिशु नाभिद्वारा आमासँग जोडिएको हुन्छ । त्यसैले उसको शरीरलाई आमाको शरीर भन्दा भिन्न ठानिदैन, नाल काटिएपछि मात्र शिशु आमाबाट छुटिन्छ ।

### मेधाजनन

मेधाजनन खास गरि शिशुको मेधा वा वुद्धि शक्ति जगाउन गरिने महत्त्वपूर्ण कार्य हो । घिउ तथा मह नवजात शिशुलाई चटाउने चलन पईन्छ ।

### जन्मभूमीको अभिमन्त्रण

शिशुका बाबुले शिशु जन्मिएको भूमिमा दाहिने हात राखेर वा दाहिने हातको साहिली औँला छोएर मन्त्र अभिमन्त्रण गर्छन् ।

### षष्ठिकापूजन संस्कार

संस्कृतको षष्ठी शब्दबाट नेपाली छैटि बन्यो जसको अर्थ हो छैठौ । शिशु जन्मिएको छैठौँ दिन सम्पन्न गरिने हुनाले यसलाई छैटी भनिएको हो । छैटीका दिन षष्ठीदेवीको पूजा गर्नाले शिशुको विशेष कल्याण हुन्छ भन्ने शास्त्रीय मत छ र तेसैले रात भावीले उसको निधारमा भाग्य लेखिदिन्छन् भन्ने किवंदन्ती प्रसिद्ध छ ।

## ३.१.५ नामकर्म

नामकर्म पाचौँ संस्कार हो । नयाँ जन्मिएको शिशुलाई नाम दिने वा नाम राख्ने संस्कार नामकरण संस्कार हो । यसलाई न्वारन वा नुवारन भनिन्छ । यो चलन वैदिक वा पूर्ववैदिक युग देखि नै चलिआएको देखिन्छ । नाम कर्म संस्कारको मुख्य कर्म जन्मलग्न, जन्मनक्षत्र, जन्ममास तथा अन्यान्य इष्टदेवता आदिलाई उद्देश्य गरेर वैदिक विधिपूर्वक अग्निस्थापना र हवनकर्म गरी पिताले आफ्नो कुलोचित नाम राखिदिने पाइन्छ । यो संस्कार सामान्यतया शिशु जन्मिएको एघारौ दिनमा गरिन्छ तर कहीँ जातकर्मसँगै नाम सुनाउने चलन भेटिन्छ ।

जुनबेला देखि मानिसले भाषाको विकास गर्दै आयो त्यसै बेलादेखि नै उसले आफ्नो जीवनमा आइपर्ने दैनिक व्यवहारका वस्तुहरूको नाम राख्न थाल्यो । अनि सामाजिक चेतनाको विकासका साथै मानिसहरूको पनि नाम राखिन थाल्यो, यसै प्रथालाई धार्मिक संस्कारका

रूपमा परिणत भएको देखिन्छ । नामकर्म प्रक्रियामा नामाकरण विधि, नामघोषणा, मेखलाबन्धन, मेधाजनन र अन्त्यमा शिशुको अभिषेक गरिने चलन देखिन्छ ।

### ३.१.६ निष्क्रमण संस्कार

निष्क्रमण, नयाँ शिशुलाई घरबाट बाहिर निकाल्ने एउटा संस्कार हो । यो संस्कार शिशु जन्मेको चौथो महिनामा तीन वटा पूर्णिमा पार गरेपछि गरिएको पाईन्छ । प्रसूतिगृहमा सीमित रहेको शिशुलाई विधिपूर्व प्रसूति गृहबाट बाहिर निकाल्नुलाई पनि निष्क्रमण भनिन्छ । स्मृतिहरूमा, याज्ञवल्क्य, वीरमित्रोदय र आश्बलायनगृहसूत्रमा पनि निष्क्रमण संस्कारको विधिबारे उल्लेख भएको भेटिएको छ । हाम्रो समाजमा भने पिताको आज्ञाद्वारा माताले नै बालकलाई बाहिर ल्याएर सूर्यको दर्शन गराउने चलन आमाबाट बावुको काखमा, बावुपछि हजुरबुवा, हजुरआमा तथा अन्य परिवारजनहरूको काख परिवर्तन गर्ने गरिएको यस अनुसन्धानबाट देखिन्छ ।

### ३.१.७ अन्नप्राशन संस्कार

हाम्रो समाजमा यसलाई भातखुवाई र पासनी भन्ने चलन छ । नयाँ शिशुलाई पहिलो पटक अन्न खुवाउने वा भात खुवाउने शास्त्रोक्त विधिलाई अन्नप्राशान संस्कार भनिन्छ । आमाको गर्भमा रहँदासम्म बालकको मुखमा जो फोहोर वस्तु परेको हुन्छ, त्यसको शुद्धि अन्नप्राशन संस्कार गर्नाले हुन्छ भनेर अन्नप्राशन संस्कारको शिशु छोरा भए छैठौं महिनामा र छोरी भए पाँचौ महिनामा अन्नप्राशन संस्कारको चलन यस अनुसन्धानबाट देखिन आएको छ । अन्नप्राशन संस्कारको महत्त्व एवम् विशिष्ट लक्ष्य भनेको बल, वुद्धि एवम् शिशुको आयुको वृद्धि गराउनु रहेछ ।

### ३.१.८ चुडाकरण संस्कार (मुण्डन वा छेवर)

आठौं संस्कारको रूपमा लेखिएको वा देखिएको चुडाकरण संस्कारको मुख्यकर्म बालकको केश मुण्डन तथा नखच्छेदन हो । चुडाकरण कर्ममा गर्भावस्थादेखिका केशमुण्डन गरेर बालकलाई शिक्षा र संस्कारको पात्र बनाइन्छ । केशमुण्डनका साथ कुल परम्परा अनुसार 'शिखा' राखिन्छ । विधिपूर्वक चुडाकरण संस्कार गर्नाले अपात्रिकरण दोषहरू हट्ने, बालकको आयू, तेज, बाल तथा बुद्धि बढ्ने भने चलन वा कथन रहेछ ।

### ३.१.९ कर्णबेध संस्कार

हिन्दू संस्कार परम्परामा क्रमप्राप्त नवौं संस्कार कर्णबेध (कान छेड्नु) हो । जन्मिएको छ वा सात महिनामा दाँत निस्कनु भन्दा पहिले छोरा वा छोरीको कान छेडिदिने परम्परा रहेको देखिन्छ । हाम्रो समाजमा आभूषण लगाउनका लागि कान छेड्ने प्रथा रोग आदिबाट रक्षा गर्नका लागि, अलङ्कार लगाउनको लागि तथा अण्डकोश वृद्धि एवम् अन्यवृद्धिको निरोधका लागि पनि बालकको कर्णबेध गर्नुपर्छ भनिएको देखिन्छ ।

### ३.१.१० विद्यारम्भ/अक्षराम्भ संस्कार

विद्यारम्भ संस्कार दशौं संस्कार हो । बालबालिकालाई पढ्न, लेख्न सिकाएर ज्ञानविज्ञानका क्षेत्रमा प्रवेश गराउने अभियानको थालनी नै विद्यारम्भ हो । विद्यारम्भको लागि सूर्य उत्तरायण भएको बेला वा मंसिर देखि जेठ सम्मको समय उपयुक्त मानिन्छ । शिशुको मस्तिष्क अक्षर चिन्न सक्ने भएपछि चूडाकर्म पश्चात् शास्त्रीय विधि अनुसार अक्षरारम्भ गराउने चलन देखिन आउँछ ।

### ३.१.११ उपनयन संस्कार

उपनयनलाई यज्ञोपवित वा जनेऊ संस्कार पनि भनिन्छ । 'उप' भन्नाले साथ र नयन भन्नाले लिएर जानु भन्ने अर्थ लाग्छ । गुरुले साथमा लैजाने काम नै उपनयन हो । हिन्दूहरूको शिक्षादीक्षाको विधिवत प्रारम्भ उपनयन संस्कारबाट हुने गर्दछ । यसमा गुरुले यज्ञोपवीत धारणा गराएर दीक्षा दिन्छन् अनि ऋषीऋण, पितृऋण र देवऋणबाट बहिर उऋण हुन प्रेरणा दिन्छन् । यस संस्कारको सम्पादनबाट बालकको दोस्रो जन्म भएको मानिन्छ र उसलाई 'द्विज' वादोश्रोपटन जन्मिएको मानिन्छ । कौपनी-मेखलाग्रहण, यज्ञोपवीत दान, यज्ञोपवीतपूजन, जनै पूजन अञ्जीलपूरण, हृदयालम्भन, हवन, होमसङ्कल्प, मङ्गलचतुष्टहोम, स्विष्टकृत्, होम, अनुशासन शिक्षा, मन्त्रदान र भिक्षँयाचन विधि सम्पन्न भएपछि उपनयन संस्कार त्रिरात वर्त पश्चात सकिन आउँछ ।

### ३.१.१२ वेदारम्भ संस्कार

उपनयन संस्कारपछि गरिने संस्कारलाई वेदारम्भ संस्कार भनिन्छ । यो संस्कार गुरुद्वारा शिष्यलाई वेद अध्ययनको प्रारम्भ गराउने संस्कार हो । यो उपनयन संस्कार पछि गरिने बाह्रौ

संस्कार हो । वेदलाई 'ब्रहम' भनिएको छ, धर्म, अर्थ, काम र मोक्ष प्राप्ति गर्नु नै वेदारम्भ संस्कारको उद्देश्य हो । धर्मशास्त्रले गुरुकुलमा गुरुको अनुशासनमा रहेर वेदाध्ययन गर्नु द्विजाति मात्रको कर्तव्य बताएको हुँदा आचार्यका समिपमा पुगेर 'वेदारम्भ' गर्नुलाई पनि एक संस्कारकै स्थान दिइएको देखिन्छ जो द्विज विद्यार्थीका निमित्त उच्च शिक्षाको प्रारम्भ मानिएको छ । तथापि, हाम्रो समाजमा भने व्रतबन्ध संस्कारमा गयत्रीमन्त्र सुनाउने गुरुबाट कुमारलाई नाम मात्रको "वेदारम्भ" गराउने प्रचलनको परम्परा रहकै पाइन्छ ।

बेदारम्भ संस्कारमा जुन गुरुसँग वेदारम्भ गरिन्छ उनै गुरुको अनुशासन पालन गर्दै गुरुकुलमा बसेर वेदाध्ययन गर्नु वेदव्रतको मुख्य कर्म हो । पाँच वर्ष वा आठ वर्षको उमेरदेखि उपनयन गरेर वेदारम्भ गरेको द्विज विद्यार्थी स्वशारवीय वेदाध्ययनका निमित्त बाह्र वर्षसम्म गुरुकुलमा वस्नुपर्ने शास्त्रमा लेखिएको भेटिन्छ ।

## ३.१.१३ केशान्त संस्कार

यस कर्मलाई केशान्त अथवा गोदान संस्कार भनिन्छ । केशान्त संस्कार कुमार ब्राह्मण भए सोह्र वर्षमा क्षत्रीय भए वाइसवर्षमा र वैश्य भए चौविस वर्षमा गर्नुपर्छ भनै मनुस्मृतिमा लेखिएको भेटिन्छ । यसमा वेदाध्ययनका निमित्त गुरुकुलमा बाह्र वर्षसम्म बस्दा धारणा गरेका केश अर्थात् जता+श्मश्रुलाई वेदाध्ययन गरिसकेपछि गुरुको आज्ञा अनुसार काट्नुपर्दछ र गुरुलाई गुरु दक्षिणा दिनुपर्दछ भन्ने तैत्रिरीय उपनिषद्मा लेखिएको भेटिन्छ ।

वर्तमान समयमा भने गुरुकुलमा बसेर वेदव्रत वा वेदाध्ययन गर्ने परम्परा नभएकाले केशान्त वा गोदान संस्कार गर्ने चलन हराएको छ ।

## ३.१.१४ समावर्तन संस्कार

शैक्षिक संस्कारहरू मध्ये अन्तिम संस्कार र चौधौ संस्कारको रूपमा समार्वतन संस्कार ठानिन्छ । समावर्तनको अर्थ वेदाध्ययन पछि गुरुकुलबाट घरतिर प्रत्यावर्तन गर्नु भन्ने हुन्छ । यो संस्काराई स्नानसंस्कार पनि भनिन्छ, किनभने यो संस्कार अन्तर्गत स्नानकार्य महत्त्वपूर्ण मानिन्छ । शास्त्रअनुसार जसरी एउटा यज्ञ सम्पादन गर्दा यज्ञको अन्त्यमा कर्ताले स्नान गर्न अनिवार्य हुन्छ, त्यसैगरी व्रह्मचर्यरूपी यज्ञको अन्त्यमा पनि स्नान अनिवार्य हुन्छ । ब्रह्मचर्य आश्रमको अन्त्यमा सम्पादन गरिने समावर्तन संस्कारको महत्त्व के कुरामा छ भने यो संस्कार

पछि यसको कर्ता उत्तरदायी र व्यवस्थित सांसारिक जीवनरूपी गृहस्थाश्रममा प्रवेश गर्न योग्य भएको मानिन्छ ।

प्राचीन समयको समावर्तन संस्कार वास्तवमा आज भोलीको दीक्षान्त सरह नै थियो । तर कलान्तरमा यो संस्कारको स्वरूपमा धेरै परिवर्तन आयो । गृहसूत्रहरूमा तीन प्रकारका स्नातकहरूको विवरण पाइन्छ । पहिलो स्नातक भनेको व्रत स्नातक हो । ब्रह्मचर्य आश्रम पूरा गर्ने तर अध्ययन या विद्या पूरा प्राप्त नगर्ने हुन् । दोस्रो विद्या स्नातक हो । विद्या या अध्ययन पूरा गर्ने तर ब्रह्मचार्य आश्रम कारण अपूर्ण रहनेलाई विद्या स्नातक भनिन्छ । अन्तिम स्नातकको रूपमा उभय स्नातक हो जसमा ब्रह्मचार्य र विद्या दुवैमा परांगत हुने व्यक्ति गुरुको अनुमति प्राप्त भएपछि उभय स्नातकको लागि योग्य हुन्छन् ।

## ३.१.१५ विवाह संस्कार

हिन्दूहरूमा विवाह एक महत्त्वपूर्ण संस्कारको रूपमा रहेको छ । विवाह सबै संस्कार र जीवन चक्रमा केन्द्रबिन्दुको रूपमा स्थापित छ । यहि संस्कारबाट मानिसले वास्तविक र अर्थपूर्ण जीवन सुरु गरेको मानिन्छ । हिन्दू परम्परामा विवाह दुई व्यक्तिको सम्बन्ध मात्र नभई यो विशुद्ध धार्मिक अनुष्ठानको आयोजनाबाट गरिने दुई व्यक्ति, दुई परिवार, गोत्र वा कुटुम्भ बिच चिरस्थायी सम्बन्धको स्थापना गरिने संस्कार हो । हिन्दू धर्म ग्रन्थ अनुसार ऋग्वेद र अर्थवेदमा विवाह सम्बन्धी संस्कारको उल्लेख पाइन्छ । अतः हिन्दू पारिवारिक एवम् सामाजिक र सांस्कृतिक संगठनमा विवाह अति महत्त्वपूर्ण संस्कार हो । चार आश्रम मध्येको वेशि जिम्मेवार पूर्ण आश्रम गृहस्थ आश्रमको शुरुवात यहीबाट सुरु हुन्छ । परिवार गठनको आधारनै विवाह हो । यसपछि सन्तानको निरन्तरता कायम हुन्छ ।

वैदिककालमा विवाह सामान्यविधिबाट सम्पन्न गरिन्थ्यो । अनेक देवदेवताको प्रार्थना र अर्चना गरी वरवधुको सफल दाम्पत्य जीवनको कामना गरिन्थ्यो । वधुलाई दिइने आशिर्वादमा उनलाई अनेक सन्ततिहरू पैदा गर्न, सासु ससुरा अनि कुटुम्बको अन्य कतिपय विधिहरू आज पनि हिन्दू विवाह विधिमा समाविष्ट छन् । पारस्कर गृह्यसुत्रले यस्ता तीसवटा विधिहरूको उल्लेख गरेको छ भने बौद्धायानमा पनि पच्चीस विधिहरू पाइन्छन् । हिन्दू समाजमै पनि विवाहका विधिहरू फरक फरक ढङ्गले प्रयोग गरिएको देखिन्छ । विवाह नगरी एक्लै कुनै धार्मिक कार्य गरेमा त्यो अपवित्र हुन्छ भन्ने धारणा प्राचीन हिन्दूहरूमा थियो । पुत्र प्राप्त

गरेपछि नै स्वर्गको बाटो खुल्छ भन्ने विश्वासले पनि वर र कन्या एकअर्कालाई वैवाहिक जीवनमा प्रवेश गर्न उत्साहित गर्दथ्यो । यसरी धार्मिक, सामाजिक वा नैतिक र जैविक कारणले समेत हिन्दू समाजमा विवाह एक अनिवार्य आवश्यकता मानिन्छ ।

वैदिक कालमा यसका भेदहरूको स्पष्ट व्याख्या नगरिए पनि स्मृतिकालमा विवाह आठ प्रकारका हुने कुरा स्वीकारियो । अर्थात- ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच गरी आठ प्रकारका विवाह हुन्छन् । यी मध्ये प्रथम चार (ब्राह्म, दैव, आर्ष, प्राजापत्य) लाई प्रशंसनीय र पछिका चार (असुर, गन्धर्व, राक्षस र पैशाच) लाई निन्दनीय मानिएको छ । त्यसमा पनि अन्तिमका दुई (राक्षस र पैशाच) लाई त अति निन्दनय मानिएको छ । अहिले ब्राह्म र आसुर खालको विवाह समाजमा बढ्ता चलेको देखिन्छ तर ऐतिहासिक दृष्टिले हेर्दा निन्दनीय मानिएका विवाहहरू अझ पहिलेका हुन् जस्तो लाग्छ त्यसैले यहाँ त्यहि क्रमले चर्चा गरिन्छ ।

## पैशाच विवाह

कन्या तथा उसका अभिभावक निदाएका बेलामा नशाले मातेका बेलामा वा अचेत भएका अवस्थामा वा छलकपटपूर्वक यौन सम्बन्ध कायम गर्नु वा कन्या अपहरण गर्नुलाई पैशाच विवाह मानिएको छ ।

## राक्षस विवाह

राक्षसी किसिमको विवाहका सम्बन्धमा मनुको भनाइ छ (अभिभावकहरूबाट खोसेर, तिनलाई पिटपाट पारेर रुँदै कराउँदै गरेकी कन्यालाई बलपूर्वक हरण गरेर गरिने विवाह राक्षसी विवाह हो ।)

## गान्र्धव विवाह

विवाहको यस प्रकारलाई पैशाच र राक्षस विवाह भन्दा राम्रो मानिन्छ किनभने यसमा कन्या र वर दुवै राजीखुसी एक अर्कालाई मन पराउँछन् स्वीकार्छन् ।

## आसुर विवाह

आसुर विवाहलाई पैशाच, राक्षस र गान्धर्व भन्दा राम्रो मानिन्छ । यस विवाहको परिचय दिँदै महाराज मनुले भनेका छन् (कन्यालाई वा कन्यापक्षका बाबुआमा दाजुभाइ आदि सम्बन्धितहरूलाई यथाशक्ति धनसम्पत्ति दिएर कन्यासँग स्वच्छन्दतापूर्वक गरिने विवाहलाई आसुर विवाह भन्दछन् ।

## प्राजापत्य विवाह

आसुर भन्दा अलि श्रेष्ठ हो प्राजापत्य विवाह । तिमी दुई सँगसँगै धर्मको (गृहस्थ धर्मको) परिपालन गर भन्ने वाणीद्वारा सम्झाएर पुजापूर्वक कन्याको दान गर्ने विवाह विधि प्राजापत्य हो ।

## आर्ष विवाह

शास्त्रकारहरूले आर्षविवाहलाई प्राजापत्य विवाह भन्दा उत्तम मानेका छन् । यस्तो वैवाहिक विधिको प्रयोग विशेषतः ऋषिहरूको कुल परम्परामा गरिन्थ्यो । त्यसैले यसको नाम आर्ष राखिएको हुनुपर्छ ।

## दैव विवाह

कुनै किसिमको शर्त नराखिकन र कुनै प्रतिदानको पनि आशा नराखिकन निःस्वार्थ भावले गरिने हुनाले दैवविवाहलाई पूर्वोक्त छ विवाह मध्ये श्रेष्ठमानिएको छ ।

## ब्राह्म विवाह

विवाहको यस विधिलाई सर्वोत्तम मानिएको छ किनभने यो विवाह विवाह व्यवस्थाकै सबभन्दा परिष्कृत रूप हो । कन्याका पिताले आफ्नी कन्याका लागि उपयुक्त गुण, शील, विद्या, रूप, यौवनले युक्त वरको चयन गरी आफ्ना घरमा विधिवत् आमन्त्रित गर्छन् । वरबाट कुनै किसिमको शुल्क, उपहार आहदि नलिईकन आदर सम्मानका साथ वस्त्रालङ्कारले यक्त आफ्नी सुयोग्य कन्या यथाशक्य दक्षिणा सहित विधिपूर्वक विवाह गरेर सुम्पिन्छन् ।

विवाहको विधिहरूमा वरयात्रा, वरियात स्वागत, स्वयंवर, बाग्दान तथा वरणी, कन्यादान, गोडा धुने, मधुपर्क दिने, वस्त्रदान, आचँल/लगनगाठो, आज्य संस्कार, वरवधु प्रतिज्ञा, सिन्दुरदान, ठाउँ सार्ने र चतुर्थी कर्म पर्दछन् ।

विवाह जीवनकै अति महत्त्वपूर्ण र प्रमुख संस्कार हो । विवाहले समाज तथा परिवारप्रति विशेष दायित्व वहन गर्ने अवस्था बुझाउँछ भने प्राकृतिक रूपमा विवाह पुरुष र स्त्रीको स्वाभाविक संयोग हो जहाँबाट सन्तति सृजनाको श्रृङ्खला पनि सुरु हुन्छ । भनिन्छ- विवाहलाई सुदृढ र व्यवस्थित संस्था बनाउने पहिला आचार्य भगवान् शिव हुन् त्यसैले अझसम्म पनि विशेष गरी विवाहका अवसरमा उमामहेश्वर वा शिवपार्वतीलाई प्रथम आदर्श दम्पत्ति भनेर पूजा गरिन्छ । संसारका सबै देशहरूमा अति विकसित, शिक्षित र सभ्य अवस्थादेखि अत्यन्त अविकसित, अशिक्षित र असभ्य अवस्थासम्मका मानवजातिहरूमा विवाहका आ-आफ्नै रीति, नीति, विधि र परम्पराहरू छन् । विवाह उत्सवमा खास गरी शिवपार्वती वा लक्ष्मीनारायणको पूजा, अखण्डस्नेह, पूर्ण उज्वल भविष्यको प्रतिक युगलदीप प्रज्वालन, उपहारको आदानप्रदान र दैनिक जीवनमा आउनसक्ने कटुता निवारणका लागि पारस्परिक प्रतिज्ञा सङ्कल्प गरिन्छ ।

## ३.१.१६ अन्त्येष्टि संस्कार

मानिसको भौतिक जीवन मृत्युमा टुङ्गिन्छ । बाचुञ्जेल उसले आफ्नो तथा आफ्ना निकटतम आफन्तहरूको सम्बन्धबाट अनेक संस्कारहरू सम्पन्न गरी जीवनलाई स्वच्छ र फलदायी बनाउने, दिर्घायु प्राप्त गर्ने र आफ्ना कर्तव्यहरू पूरा गर्ने प्रयास गर्दछ । मृत्युको सम्मुख पुग्नुअघि नै मानिस आफुलाई ऋषि, पितृ, देवऋण जस्ता बन्धनहरूबाट मुक्त गर्न खोज्दछ र अन्तमा मोक्षमार्गको रूपमा मृत्युलाई स्वीकार्दछ । त्यसैगरी मृत्युपछि पनि उसका सन्तत्तिहरूले उसलाई यस संसारबाट चिन्तामुक्त अवस्थामा बिदा गर्छन् र अनेक संस्कारहरू सम्पन्न गरी उसलाई जन्म मरणको बन्धनबाट पूर्णत मुक्ति वा सुखमय पुनर्जन्मको बाटो सफा गराइदिनुपर्छ भन्ने धारणा रहेको छ ।

मृत्युको सम्मुख पुगेपछि र मृत्योपरान्त गरिने यी संस्कारहरूलाई नै अन्त्यष्टि भनिन्छ । हिन्दूहरू पुनर्जन्ममा विश्वास राख्ने हुनाले त्यसका लागि पनि केहि गरिनुपर्छ भन्ने भावना हिन्दूहरूमा छ । हिन्दू धारणामा आत्मा र शरीर अलग हुनु नै भौतिक अर्थमा मृत्यु हो । अहिले पनि शरीरबाट प्राण निस्कन लागेपछि केहि अन्तिम दानहरू गरिन्छन् र प्राण

गइसकेपछि मृतकको मुखमा पवित्र जल, तुलसी आदि राखिन्छन् । प्राण गइसकेपछि दाहसंस्कार हुने ठाउँमा गर्नुपर्ने विधिहरू पनि वैदिक साहित्यमा दिइएका छन् । दाहसंस्कार गरिने ठाउँमा लगिने काममा मृतकको छोरा र भाइहरूको मुख्य भूमिका हुन्छ । निश्चित ठाउँमा पुगेपछि एक पवित्र स्थान छानेर त्यहाँ चिता बनाई दाह गरिन्छ । चितामा चन्दनजस्तो सुगन्धित काठ राख्नु आवश्यक ठानिन्छ ।

दाहसंस्कार सकेपछि मृतकको घरमा अन्य संस्कारहरू गरिन्छन् । पुरा एक वर्षसम्म यो घर अपवित्र हुन्छ र मृतकका छोरा, जहानले त्यस अवधिसम्म आशौचको नियममुताविक बस्नुपर्दछ । यसका विधिहरू विशाल हिन्दू सम्प्रदायहरूमा एकनास छैनन् । तर प्रथम बाह्र तेह्र दिन मुख्य काजकिरिया सम्पन्न गर्ने, प्रति महिना श्राद्ध गर्ने र वर्ष दिन पुगेपछि एक मुख्य श्राद्ध (वर्षान्त) गरी त्यसपछिका वर्षहरूमा मृत (पितृ) लाई मरेको तिथिमा तर्पण पिण्ड दिन वार्षिक श्राद्ध गरिरहने प्रथा छ । वर्षभरि ब्राह्मणलाई दान दिइन्छ । तर यो आशौच बार्ने, श्राद्ध गर्ने काम मृतको उमेरमा भर पर्दछ । बालकका लागि यतिका विधिहरू आवश्यक छैनन् ।

शास्त्रोक्त विधिअनुसार अन्त्येष्टि क्रिया सम्पन्न गरेमा मृत व्यक्तिको आत्माले शान्ति पाउँछ भन्ने विश्वास छ । प्रथम बाह्र तेह्रदिन मुख्य काजकिरिया सम्पन्न गर्ने, प्रति महिना श्राद्ध गर्ने र वर्ष दिन पुगेपछि वर्षान्त गर्ने प्रथा छ । छोरीहरूले बाबुआमाको किरिया ५ दिनमात्र गरे हुन्छ । तर आजकल यदि छोरा छैनन् भने कपाल खौरेर १३ दिन छोरीले क्रिया गरेका एका दुई घटनाहरू भने पाउन सकिन्छ । छोरीले पाँच दिन क्रिया बसेपछि छोइ छिटो बार्नु पर्दैन, नुन पनि खाए हुन्छ, छुट्टै बस्नु पनि पर्दैन ।

यसैगरी मानिस निधन भएको पाँचौं दिनदेखि खाना खाइसकेर घरमा फर्किसकेपछि गरुड पुराण सुन्ने र सुनाउने काम हुन्छ (गरुड पुराण) । गरुढ पुराण १६ अध्यायमा विभाजन गरिएको एउटा हिन्दू धर्मको अठार पुराणमध्ये एक हो । यसमा कुनै मानिसको निधन भएपछि के कसरी श्रद्धाञ्जली अर्पण गर्ने ? काज किरिया नगरेमा के हुन्छ ? किन काजकिरिया गरिन्छ ? यदि काजकिरिया गरिएन भने के हुन्छ ? मृतात्मालाई कसरी स्वर्गमा बास गराउने ? आदि इत्यादिका बारेमा उल्लेख गरेको पाइन्छ । अर्कोतर्फ किरिया पुत्रीलाई यस्ता पुराणका कथा सुन्दा समय बितेको कुरा थाहा हुँदैन । साथै उक्त दुःखको घडिमा मन बहलाउने अर्थात् पिरलाई मोड्ने काम यसले गरिरहेको हुन्छ । यसरी पुराण सुन्ने र सुनाउने कामले बितेको मानिसले आत्माले स्वर्गमा बास गर्दछ भन्ने लगायतका कथाहरू सुनाउने काम

पण्डितले गर्दछन् । साथै शोक व्यक्त गर्न आएका व्यक्तिहरूलाई यो कथा सुनाउनाले परमधाम भएपछि यो जीवनमा गरेका राम्रा नराम्रा कार्यको फल पाइन्छ भन्ने अध्यात्मवादी विचार रहेको छ । साथै जीवनमा जे जस्तो काम गरे पनि यो पुराण लगाउनाले स्वर्गवास हुन्छ भन्ने मान्यताले हिन्दू धर्मावलम्बीको मन मस्तिष्कमा जरा गाडेको छ । यदि काज किरिया नगर्ने हो भने स्वर्गवास हुँदैन भन्ने भनाइकै कारण हरेक मानिस मरिसकेपछि क्रिया गर्ने चलन टुट्न सकेको छैन ।

## ३.२ हिन्दूधर्मसँग संस्कारको सम्बन्ध र क्षेत्र

'हिन्दूसंस्कार' भन्नासाथ हिन्दूधर्म अर्थात् वैदिक सनातन धर्मसँग सम्बद्ध संस्कारहरू भन्ने कुरा स्वतः स्पष्ट भइहाल्छ । अतः यहाँ हिन्दूसंस्कार भन्नाले हिन्दूधर्मका अङ्गभूत विविध धार्मिक कृत्यहरू मध्ये एक हिन्दूका जीवनमा अनिवार्य एवम् अपरिहार्य जीवनचर्याका रूपमा गर्नुपर्ने गर्भाधानदेखि लिएर अन्त्येष्टिसम्मका धार्मिक कृत्य हुन् भन्ने कुरा बुझ्नुपर्दछ । एक हिन्दूको जीवनलाई सफलीभूत पार्न संस्कारको ठूलो महत्त्व रहेको छ । किनभने हिन्दू सनातन वैदिक धर्मावलम्बी मनुष्यहरूको जीवनको परम लक्ष्य पुरुषार्थचतुष्टयप्राप्ति गर्नु हो । पुरुषार्थचतुष्टयको अधिकारी बन्न शारीरिक, मानसिक, बौद्धिक एवम् शैक्षिक आदि दृष्टिबाट 'संस्कृत' हुनुपर्दछ । संस्कृत हुनका लागि धर्मशास्त्रले बताए अनुसारका संस्कार गर्नुपर्दछ । 'संस्कृत' शब्दको अर्थ र यसको वैज्ञानिकता बारेमा यथास्थान पछि चर्चा गरिएको छ, तथापि यहाँ प्रयुक्त 'संस्कृत हुनु' भन्नाको तात्पर्य वैदिक सनातन हिन्दू धर्मावलम्बीहरूका निमित्त परमसुख र निर्वाणप्राप्तिको साधनभूत पुरुषार्थचतुष्टयप्राप्तिका निम्ति अधिकारी एवम् श्रद्धा, भक्ति र विश्वासको पात्र बन्नु हो । यदि त्यस व्यक्तिमा वैदिक सनातन हिन्दूधर्म प्रति श्रद्धा, भक्ति र विश्वास भरिएको छैन, वेदोदित कर्म र धर्म प्रति आस्था छैन भने ऊ पुरुषार्थचतुष्टयप्राप्तिका निम्ति पात्र बन्न सक्दैन । पुरुषार्थचतुष्टय प्राप्त गर्न नसक्नेले ब्रह्मज्ञान गर्न सक्दैन । ब्रह्मज्ञान भएमा मात्र परमसुख, शान्ति र आनन्द पाउन सकिन्छ ।

# अध्याय चार

# हिन्दू सनातनी अन्त्येष्टि संस्कार

## ४.१ परिचय

नेपाल बहुधार्मिक र बहुजातीय देश भएता पनि मूलत हिन्दु बाहुल्यता भएको देश हो । यहाँ प्रत्येक धर्मावलम्बीहरूले र जातजातिहरूले आ-आफ्नो प्रचलन अनुसार अन्तिम संस्कार सम्पन्न गर्दछन् । हिन्दूहरूमा पनि जात अनुसारका अन्तिम संस्कारमा केही भिन्नता भएता पनि मूलतः वैदिक विधान अनुसार नै संस्कार सम्पन्न गर्दछन् । गीता, गायत्री, गौ र तुलसीको उपसना हिन्दूहरूले गर्दछन् । त्यसकारण देहबाट आत्मा अलग भएपछि पनि आत्माको अस्तित्व रहिरहन्छ भन्ने मुल सिद्धान्त हिन्दुहरूको छ । ५ केमेन्द्रिय, ५ ज्ञानेन्द्रिय, ५ प्राणवायु, मन र वुद्धि मिलाएर १७ वस्तुको सूक्ष्म शरीर लिएर जीव षट्कौशिक स्थूल शरीरमा प्रवेश गर्दछ । प्रारम्भ कर्म समाप्त भएपछि जब ती १७ वस्तुको सूक्ष्म शरीर लिएर पार्थिक शरीरबाट निस्कन्छ तब उसले वायवीय शरीर ग्रहण गर्दछ । त्यसबेला त्यस जीवलाई प्रेत भनिन्छ । त्यो प्रेतत्मालाई आफ्नो पूर्व शरीर, परिवार र सम्पत्तिप्रतिको आशाक्ति छुटोस् र प्रेत योनीबाट मुक्त भएर पितृलोकको बास गरोस् भन्ने उद्देश्यले मृत शरीरलाई अग्निहोमद्वारा भष्म गराउने र दशगात्रदि श्राद्ध गरिन्छ ।

जन्म र मृत्यु दुवै यस पृथ्वी लोकका शास्तवत सत्य कुरा हुन् । यही सत्यलाई स्वीकार्दै हिन्दू धर्म दर्शनले जसको जन्म हुन्छ, उसको मृत्यु निश्चित हुन्छ, जसको मृत्यु हुन्छ उसको जन्म पनि निश्चित हुन्छ र यो सांसारिक प्रक्रिया निरन्तर चलिरहन्छ भन्ने कुरालाई आत्मसात् गरेको पाइन्छ । यो पुनर्जन्म र मृत्युको चक्रमा नपर्नुलाई मोक्ष प्राप्त गर्नु भनिन्छ । मृतात्माले सद्गति प्राप्त गर्न सकोस् भनेर अन्त्येष्टि कर्म गरिन्छ । हिन्दुहरूका निमित्त जीवनको अन्तिम संस्कार अन्त्येष्टि संस्कार हो । मृतकका नातेदारहरूले मृत्युपछिको जीवनमा मृतकलाई सुख र कल्याण होस् भन्ने भावनाले यो संस्कार सम्पन्न गर्दछन् । अन्य संस्कार जस्तै पछिका युगहरूमा यसका अनेक विधि-उपविधिहरू थपिँदै गए र यो एक स्वतन्त्र र महत्त्वपूर्ण संस्कार हुन पुग्यो । हिन्दूहरूका निमित्त यस लोकका जीवनभन्दा परलोकको जीवन ज्यादै महत्त्वपूर्ण भएकाले अन्त्येष्टि संस्कार अनिवार्य र धेरै सावधानीपूर्वक गरिन्छ । हिन्दू धारणामा आत्मा र

शरीर अलग हुनु नै भौतिक अर्थमा मृत्यु हो । हिन्दू धर्म परम्परा अनुसार मानिसको जन्मदेखि मृत्युसम्म १६ संस्कार हुने गर्दछ, जसमा अन्त्येष्टि संस्कारलाई अन्तिम संस्कार भनिन्छ ।

धर्म, संस्कार, संस्कृति र शिक्षाबाट मानिसको आदत र आचरण परिष्कृत हुन्छ, अनि सभ्य समाज र सभ्यताको विकास हुन्छ । हिन्दू समाजमा संस्कृति र संस्कार नै जीवनको शिक्षा हो । देशभित्र पछिल्लो समयमा विभिन्न संस्कारहरूमा कर्म गरिने दिनहरूलाई लिएर बहस भएको पाइन्छ । हिन्दु संस्कारको १६ संस्कार मध्ये १५ संस्कार जसले जसरी गरोस्, कसैलाई मतलब छैन तर जब मृत्यु संस्कारको कुरा उठ्छ, सबै कुरा जाने बुझेभै परापूर्व कालदेखि चलिआएको परम्परा /१३ दिनको क्रिया बढी लामो भयो, अब ३/५/७ दिनमा घटाउनु पर्छ भन्ने बहस अहिले चलिरहेको छ । कुलपरम्परा, चालचलन, धर्म, रीतिरिवाजहरू हालका पुस्ताहरूले बिर्सिदै त्याग्दै, परिवर्तन गर्दै र तिरस्कार गर्दै आइरहेको भेटिन्छ । संस्कार एउटा विज्ञान, विधान र अनुशासन हो । यस शोधको मुख्य उद्देश्य र यो शोध अन्त्येष्टि संस्कारमा नै केन्द्रित भएको हुनाले यसको महत्त्वको चर्चा गर्न जरुरी छ ।

## ४.२ अन्त्येष्टि संस्कारको शास्त्रविधि र परम्परागत पद्धति

शास्त्रविधिका आधारमा नै गर्भाधानतः मृत्युसम्मका कृत्य सम्पादन गर्नुपर्ने हुन्छ । त्यस्ता संस्कारहरू ४८ प्रकारका मानिएका छन् । तापनि वर्तमानमा १६ संस्कार बहुप्रचलित मानिन्छन् । ती संस्कारहरू यस प्रकार छन्- गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, कर्णवेध, विद्यारम्भ, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि संस्कार । यी मध्ये कुनै संस्कारले गुणको निर्माण गर्ने आधार तयार गर्दछन् भने कुनै संस्कारले दोषहरू हटाउँछन् । आ-आफ्ना संस्कारका आ-आफ्ना शास्त्रीय विशेषता भएका कारण शास्त्रीय विधिअनुसार गरिएको सोह्रौं संस्कार काजक्रियाद्वारा मात्र उसको गति मुक्तिको मार्ग प्रशस्त हुन्छ भन्ने शास्त्रमा उल्लेख छ ।

मृत्युसंस्कारमा पहिलो दिनदेखि १० दिनसम्मको अवधि भोक्तृत्वक्षमतावान् शरीर बन्नका लागि शास्त्रले निश्चित दिनसंख्या निर्धारित गरेको छ भने ११ औं दिनमा उसलाई आवश्यक खाद्यवस्तु, अन्य आवश्यक सामग्री आदि दान गर्ने, प्रेतावस्थाको त्यस जीवात्मालाई १२ दिनमा पितृका साथमा सम्मिलित गराएपछि १३ दिनमा उत्तरपाथेय श्राद्ध, हवनादि शुद्धिकर्म गर्नुपर्ने शास्त्रविधान भएकाले १३ दिनसम्म नै पुर्‍याउनुपर्ने बाध्यता रहेको हो । यस प्रकार

तोकिएका दिनादि संख्या तत्तत् दिनमा दिने पिण्डदान र त्यसबाट निर्माण एवं पूर्ति हुने अङ्ग प्रत्यङ्गहरूद्वारा सम्पूर्णाङ्ग पूर्ण भई तृप्त हुने विषयको स्पष्ट व्यवस्था छ । कुन कुन अङ्ग प्रत्यङ्गहरू कुन कुन पिण्डले कहिले कहिले कसरी पूर्ण हुन्छन् भन्ने विषय यहाँ स्पष्ट रूपमा देखाइन्छ ।

| **दिनव्यवस्था** | **पिण्डदानसंख्या** | **अङ्ग-प्रत्यङ्गादि बन्दै पूर्ति हुँदै जाने व्यवस्था** |
|---|---|---|
| १) प्रथम दिनमा | प्रथम पिण्ड दानले | शिर भागको पूर्ण निर्माण (**शिरस्त्वाद्येन पिण्डेन**) |
| २) द्वितीय दिनमा | द्वितीय पिण्ड दानले | कान, आँखा र नाकको निर्माण (**द्वितीयेन तु कर्णाक्षिनासिकाः),** |
| ३) तृतीय दिनमा | तृतीय पिण्डले | घाँटी, काँध, हातहरू र छातीको निर्माण (**तृतीयेन कण्ठ-स्कन्ध-भुज-वक्षांसि**) |
| ४) चतुर्थ दिनमा | चतुर्थ पिण्डले | नाभि, लिङ्ग गुदा आदि भागहरूको निर्माण (**चतुर्थेन नाभि-लिङ्ग-गुदानि**) |
| ५) पञ्चम दिनमा | पञ्चम पिण्डले | घुँडाहरू, जाँघका भागहरू र गोडाहरूको निर्माण (**पञ्चमे जानु-जङ्घ-पादम्**) |
| ६) षष्ठ दिनमा | छैटौं पिण्डले | मर्मस्थान अर्थात् जोड्नीहरू सबैको निर्माण (**षष्ठेन मर्माणि**), |
| ७) सप्तम दिनमा | सप्तम पिण्डले | नाडीहरू, शरीरका नशाहरूको निर्माण (**सप्तमेन नाड्यः**) |
| ८) अष्टम दिनमा | अष्टम पिण्डले | दाँतहरू र शरीरभित्रका रौंहरूको निर्माण (**अष्टमेन दन्त-लोमानि**) |
| ९) नवम दिनमा | नवम पिण्डले | वीर्य अर्थात् बल पराक्रम पुरुषार्थको आधान (**नवमेन वीर्यम्**) |
| १०) दशम दिनमा | दशम पिण्डले | शरीरका सम्पूर्ण अवयवहरू पूर्ण भई भोक्तृत्वक्षमता आदि दशौं दिनको दशम पिण्डले प्राप्त हुन्छ । (**दशमेन तु पूर्णत्वं तृप्तता क्षुद्विपर्ययः**) । |

यस प्रकार सर्वाङ्गपूर्ण भएका त्यो आत्मा त्यतिखेर अत्यन्त बुभुक्षित हुन्छ । भोक प्यासले आतुर अवस्थामा प्राप्त हुन्छ । त्यो वुभुक्षा शान्त पार्नका लागि एघारौं दिनमा नै एघारौँको कृत्य गरिन्छ ।

**शिरस्त्वाद्येन पिण्डेन प्रेतस्य क्रियते सदा । द्वितीयेन तु कर्णाक्षिनासिकाश्च समासतः ॥**
**गलांसभुजवक्षांसि तृतीयेन यथाक्रमम् । चतुर्थेन तु पिण्डेन नाभिलिङ्गगुदानि च ॥**
**जानू जङ्घे तथा पादौ पञ्चमेन तु सर्वदा । सर्वमर्माणि षष्ठेन सप्तमेन तु नाडयः ॥**
**दन्तलोमान्यष्टमेन वीर्यं तु नवमेन च । दशमेन तु पूर्णत्वं तृप्तता क्षुद्विपर्ययः ॥**

(ब्रह्मपुराणको वचन **धर्मसिन्धु** पृ. ९२९, सुधाटिप्पणी)

आशौचका दिनहरू र ती ती दिनमा १, १ पिण्डदान, अञ्जलि बृद्धिपूर्वक जलदान आदि गर्ने व्यवस्थामा कुनै शंका रहेन । यसै गरी आशौच र पिण्डदानका दिन संख्यामा पनि समानता रहेको स्पष्ट देख्न सकिन्छ । अर्थात् दिनसंख्या घटाउने बढाउने नभई यथावत् गर्न पनि शास्त्रको यसप्रकारको निर्देश भएको देखिन्छ ।

**नवभिर्दिवसैर्दद्यान्नवपिण्डान् समाहितः ।**
**दशमं पिण्डमुत्सृज्य रात्रिशेषे शुचिर्भवेत् ॥**

(स्मृत्यन्तरको वचन **याज्ञवल्क्यस्मृति**, ३।१६ मिताक्षरा टीका, पृ. ३३२)

**यावदाशौचं प्रेतस्योदकं पिण्डमेकं च दद्युः ॥ पूर्ववत्,** (विष्णुको वचन) यसप्रकारका धेरै प्रमाणहरू पाइन्छन् ।

स्वाभाविक मरण र त्यसको काजक्रियाका विषयमा आएका विषयहरूमा दशदिने पिण्डदानको व्यवस्था देखिन आउँछ भने एघारौँ दिनमा एघारौँका कृत्यहरू र बाह्रदिनमा सपिण्डीकरण श्राद्ध एवं १३ औँ दिनमै उत्तरपाथेय श्राद्ध सम्पादन गर्नुपर्ने शास्त्रीय व्यवस्था भएकाले १३ दिन नभई एउटा काजक्रियामा परिपाककाल पूर्ण हुँदैन भन्ने निश्चय हुन्छ । नेपाल, भारत आदि जुनसुकै देशमा बसोबास गरिरहेका भएता पनि सनातन हिन्दू धर्मावलम्बीहरूका लागि १३ दिने काजक्रिया अनिवार्य रहेको स्पष्ट हुन आउँछ ।

**सनातन विद्वत परिषद, (पृ. ६)**

## असंस्कृतहरूका लागि फरक व्यवस्था

असंस्कृत अर्थात् व्रतबन्ध नगरेको छोरो मान्छे र विवाह नगरेकी छोरी मान्छेको भने तीन दिनको आशौच हुन्छ र तिनीहरूको पिण्ड दिने व्यवस्था पनि आशौचका दिनजति नै अर्थात तीन दिन मात्र धर्मशास्त्रले निश्चय गरेको पाइन्छ । त्यसपछि चौथो दिनमा, एकादशाहका कृत्यहरू र पाँचौँ दिनमा सपिण्डीस्थानीय एकोद्दिष्ट श्राद्ध र शुद्ध शान्ति गर्नुपर्दछ। पञ्चक परेपनि यसै दिन शान्ति गरिन्छ।

असंस्कृतको मरणको कारण पनि अपवाद भयो सहज भएन र आशौचका दिन संख्या पनि ३ दिनमात्र भएकाले तीनदिने आशौचमा, तीन दिनमा नै पिण्डसमाप्ति गरियो, यो शास्त्रीय नियम हो । यस नियमलाई स्वेच्छाचारी ढंगले परिवर्तन गरेर जस्तो अवस्थामा मरे पनि तीन दिनमात्र आशौच लाग्ने र तीनदिनमा नै पिण्डसमाप्ति गर्ने गरी काजक्रिया सक्नू भन्नु यो अशास्त्रीय एवं धर्मशास्त्रद्वेषी कार्य हो । धर्मशास्त्रको यस्तो गलत निर्णय गर्दा त्यो पाप, निर्णयकर्तामा नै फर्कने अर्थात् त्यसबाट निर्णयकर्तालाई नै हानि नोक्सानी हुने हुँदा नजानेको विषयमा अघि सरेर गलत निर्णय दिनु हुँदैन भने जानी जानी गलत निर्णय दिँदा त हजारौं वर्ष नरकको बास हुन्छ र निर्णयदाता ब्र्ह्मघाती हुन्छ यसमा कुनै सन्देह छैन ।

**सनातन विद्धत परिषद, (पृ. ६)**

## उत्तरसातन्त्यताको शास्त्रीयता

देहान्त भएका दिनबाट १० दिनसम्म गरिने दशगात्रविधि यदि पहिलो दिनबाट नै प्रारम्भ हुन सकेन भने उत्तरका दिनमा सातन्त्य (तन्त्रविधि अर्थात् अङ्गीको आवृत्ति, अङ्गहरूको एउटैले काम चल्ने फरक फरक राख्न वा गर्न नपर्ने) विधिले गर्नुपर्दछ भनी धर्मशास्त्रले केबल नवश्राद्ध र मासिक श्राद्धलाई मात्र अनुमति दिएका कारण छुटेकाहरूलाई उक्त तन्त्रविधिद्वारा समायोजन गर्ने शास्त्रीय निर्णय स्पष्ट छ । दश दिन भित्रका दिनहरूमा वरको पर लैजान सकिने देखिन्छ भने परको अर्थात् ८, ९, १० दिनका कृत्यहरूलाई २, ३, ४ आदि दिनमा ल्याउन सकिने व्यवस्था धर्मशास्त्रमा छैन ।

अतः धर्मशास्त्रले यस्तो व्यवस्था नगरेका कारण १३ दिनसम्म गर्ने काजक्रियाको कृत्य अपरिवर्तनीय रहेको हो । यस्तो अपरिवर्तनीय व्यवस्थालाई आशौचारसम्भको ५ दिनमा नै

सक्छु भन्न पाइँदैन । नवश्राद्धलाई उत्तरसातन्त्यमा लैजान अर्थात् प्रथम दिनदेखिका कर्मलाई सुरुका दिनदेखि नै गर्न कुनै विशेषकारणले नसकेमा नौ दिनभित्र कुनै पनि दिनदेखि प्रथम दिनदेखिका सबै कर्म गर्न सक्ने प्रमाण यसप्रकार छन् :

**मासिकं चोदकुम्भं च यद्यदन्तरितं भवेत् ।**

**तत्तदुत्तर-सातन्त्यादनुष्ठेयं प्रचक्षते ॥ धर्मसिन्धु, पृ. ९३२**

**नवश्राद्धं मासिकं च यद्यदन्तरितं भवेत् ।**

**तत्तदुत्तर-सातन्त्यादनुष्ठेयं प्रचक्षते ॥ नि.सि., कण्वको वचन पृ. १२४२**

अतः शास्त्रानुसारका कृत्यसम्पादन गर्नाले कर्ता र पितृहरूको ऐतिहासिकि एवं पारलौकिक गति बन्ने हुनाले शास्त्रअनुसार नै चल्नुपर्दछ भनेर शास्त्रमा उल्लेख गरिएको पाइन्छ ।

**सनातन विद्धत परिषद,** (पृ. ७)

## ४.३ अन्त्येष्टि संस्कारको आवश्यकता र महत्त्व

वैदिकसनातनहिन्दूधर्मावलम्बी जातिहरूका लागि धर्मशास्त्रमा गार्भाधानदेखि लिएर मृत्युसंस्कारहरू गर्नुपर्ने व्यवस्था छ । ती संस्कारहरू कसैका मतमा ४८ छन् भने कसैका मतमा ४० छन् । कुनै आचार्यहरूले २५ संस्कार गर्नुपर्छ भनेका छन् भने कुनैको १६ संस्कार गरे पुग्छ भन्ने मत छ । गार्भाधानादि १६ संस्कारहरूले हाम्रो जीवनलाई जन्मैदेखि शुद्ध, पवित्र एवं सुसंस्कृत बनाउने काम गर्दछन् । धर्मशास्त्रीय संस्कारकर्महरूद्वारा सुसंस्कृत भएको जीवात्मा मोक्षप्राप्त गर्न समर्थ हुन्छ ।

उक्त संस्कार कर्महरू मध्ये मृत्युसंस्कार अन्तिमसंस्कार हो । यसलाई दशक्रियाविधि, दशगात्रविधि, दशकर्मविधि वा अन्त्यकर्म पनि भन्दछन् । हामी हिन्दूहरूको देह छुट्ने बेला (जीवितै अवस्थामा) गर्नुपर्ने दशदान विधि छ । जीवित अवस्थामा गर्न नपाएकाहरूका लागि देह छुटेपछि पनि गरिदिनु पर्दछ । देह छुटिसकेपछि प्रेतात्माको मुक्तिका लागि ४८ पिण्ड दिनुपर्छ भन्ने विधान छ । ती ४८ पिण्डहरू तीन भाग गरेर दिने प्रचलन छ । तिनलाई क्रमशः 'मलिनषोडशी, मध्यमषोडशी र उत्तमषोडशी' भनिन्छ । देहबाट जीवात्मा छुटिसकेपछि सर्वप्रथम लास उठाउनु भन्दा पहिले मृत्यु भएकै ठाउँमा पहिलो एकपिण्ड बाहिरपट्टि दिनुपर्छ । त्यसपछि द्वारदेशमा दोस्रो एकपिण्ड दिनुपर्छ । अनि हिंडाइसकेपछि चत्वरस्थान (

चौबाटोमा) तेस्रो एकपिण्ड दिनुपर्छ। त्यसपछि विश्रामस्थान (बिसाएको ठाउँमा) चौथो एकपिण्ड दिनुपर्छ । अनि घाटमा जहाँ चिताको लागि काठ जम्मा गरिएको छ त्यहाँ पाँचौ एकपिण्ड दिनुपर्छ । त्यसपछि विधिपूर्वक लास जलाई सकेपछि त्यही ठाउँमा छैठौं एक पिण्ड दिनुपर्दछ। त्यसपछि घाटबाट फर्केर घरमा आएका क्रियापुत्रहरूले सो दिन क्षेत्रोपवास बसी भोलिपल्टदेखि क्रमशः मृत्यु भएको दिनका हिसाबले अन्त्यपद्धतिमा उल्लेख भए बमोजिम प्रत्येक दिन १/१ पिण्डका दरले दशदिनसम्म दशपिण्ड दिनुपर्दछ । यति गरिसकेपछि मलिनषेडशीको काम पूरा हुन्छ । दशदिनसम्म दशपिण्डबाट प्रेतात्माले गरेका पुण्यपाप भोग्नसमर्थ दशगात्र (अङ्गुष्ठप्रमाण पुरुष) को निर्माण हुन्छ भन्ने शास्त्रीय वचन पाइन्छ।

**पन्थी (२०७०), (पृ. १६२)**

त्यसपछि एघारौं दिनमा गर्नुपर्ने अन्त्यपद्धतिमा उल्लिखित (काञ्चनपुरुषदान, वृषोत्सर्ग, षडाहुतिदान, वत्सवत्सतरीदान, कपिलादान) काम गरिसकेपछि आद्यमासिकश्राद्ध गर्नुभन्दा पहिले नै मध्यमषोडशी गर्नुपर्छ । मध्यमषोडशी श्राद्धमा उल्लिखित १६ पिण्डहरू क्रमशः यसप्रकारः- विष्णुपिण्ड १, शिवपिण्ड २, यमपिण्ड ३, सोमपिण्ड ४, हव्यवाहपिण्ड ५, कव्यवाहपिण्ड ६, कालपिण्ड ७, रुद्रपिण्ड ८, पुरुषपिण्ड ९, प्रेतपिण्ड १०, विष्णुपिण्ड ११, ब्रह्मपिण्ड १२, विष्णुपिण्ड १३, शिवपिण्ड १४, यमपिण्ड १५ र तत्पुरुषपिण्ड १६ छन्। यतिकाम गरिसकेपछि एघारौं दिनमा गर्नुपर्ने मुख्यकाम आद्यमासिक श्राद्ध र आद्याब्दिक श्राद्ध क्रमशः गर्नुपर्दछ । अनि उदकुम्भदान गरिसकेपछि ऊनमासिक, मासिक श्राद्धहरू पनि सबै एघारौं दिनमा नै खिंचेर गरिसिध्याउने प्रचलन छ । यी सबै काम गरिसकेपछि बाऱ्हौं दिनमा सपिण्डीकरणको काम हुन्छ। यति सबै काम सकेर पनि एकवर्ष नपुग्दासम्म वर्षी (वार्षिकी) भर शुद्ध स्नान भोजनादि गरेर रहने चलन सर्वविदितै छ। बाह्रदिनको सबै काम सकेपछि वर्षभरि (वार्षिकी) मा गर्नुपर्ने उत्तमषोडशी श्राद्धहरू यसप्रकार छन्।

१. ऊनमासिक श्राद्ध- २९ दिनमा
२. द्वितीयमासिक श्राद्ध - ३० दिनमा
३. त्रैपाक्षिक श्राद्ध - ४५ दिनमा
४. तृतीयमासिक श्राद्ध - ६० दिनमा
५. चतुर्थमासिक श्राद्ध - ९० दिनमा
६. पञ्चममासिक श्राद्ध - १२० दिनमा

७.   षष्ठमासिक श्राद्ध - १५० दिनमा

८.   ऊनषाण्मासिक श्राद्ध - १७९ दिनमा

९.   सप्तमासिक श्राद्ध - १८० दिनमा

१०.   अष्टममासिक श्राद्ध - ३१० दिनमा

११.   नवममासिक श्राद्ध - १४० दिनमा

१२.   दशममासिक श्राद्ध- २७० दिनमा

१३.   एकादशमासिक श्राद्ध - ३०० दिनमा

१४.   द्वादशमासिक श्राद्ध - ३३० दिनमा

१५.   ऊनाब्दिक श्राद्ध - ३५९ दिनमा

१६.   द्वितीयाब्दिक श्राद्ध- ३६० दिनमा

(गरुडपुराण सारद्वारा प्रथम र द्वितीय अध्यायबाट)

**पन्थी (२०७०), (पृ. १६४)**

उल्लिखित तीनथरी श्राद्धहरू (मलिनषोडशी, मध्यमषोडशी र उत्तमषोडशी) गरेपछि पितृहरू यस लोकमा रहँदाबस्दा आफूमा जागेको अहन्ता र ममताबाट मुक्त हुन्छन् । मलिनषोडशी (दशगात्रक्रिया) बाट तयार भएको अङ्कुष्ठमात्र पुरुषाकार जीवात्मा आफूले गरेका पुण्यकर्म एवं पापकर्महरूको फलभोग गर्न समर्थ हुन्छ र जहाँ जानुपर्ने हो त्यहाँ पुग्दछ भन्ने शास्त्रिय मत पाइन्छ ।

उपचर्चित सबै प्रेतकर्महरू किन गरिन्छन् ? अथवा यस्ता कर्म नगर्दा के बिग्रन्छ ? भन्ने प्रश्न उठ्नु स्वभाविक छ । यस्ता प्रेतकर्महरू नगरेमा प्रेत सधैंभरि पिशाच भएर दुःख पाउँछ । उसले पहिले बसेको, भोग गरेको वस्तु र विषयमा वासना छुट्दैन । ऊ फेरि त्यहाँ आएर आफ्नो पुरानो कमाइ या विषयवस्तुमा आफ्नो हकभोग जमाउन चाहन्छ । किन्तु उसको शरीर छुटिसकेको छ । त्यो नहुँदा उसले पिशाच भएर दुःख पाउँछ । अनि आफ्नो इच्छा पूरा नहुँदा त्यहाँका उसका जहानपरिवारलाई पनि दुःख दिन्छ, डराउन दिन्छ । अनि उसको घरका सन्तानहरूको भौतिक समृद्धि (अन्न, पशु, धन, जनको उन्नति) पनि रोकिन्छ । विघ्नवाधाहरू बढ्दै जान्छन् । उता यमलोकमा पुगेर पनि प्रेतात्माले विभिन्न थरी दुःखदायी नरकयातनाहरू भोग्नुपर्दछ । ती सबै दुःखहरूबाट पनि छुट्कारा मिलोस् भन्ने उद्देश्यले यी सबै कर्महरू गर्नुपर्दछ । अन्यथा उसले धेरै दुःख पाउँछ । त्यसैले प्रेतात्माको वासना र

ऐहलौकिक विषयवस्तुमा रहेको ममतालाई मेटाएर गतात्मा (जीवात्मा) लाई सुखशान्ति दिने काम प्रेतकर्म सम्पादन गर्नाले सिद्धहुन्छ । त्यसकारण मानिसको मृत्युपछि दशगात्रविधि, श्राद्धक्रिया एवं दानादि गरिदिने प्रचलन शास्त्रीयरूपमा रहिआएको देखिन्छ ।

**"यस्यैतानि न दीयन्ते प्रेतश्राद्धानि षोडश ।**
**पिशाचत्वपं स्थिरं तस्य दत्तैः श्राद्धशतैरपि ॥** (अन्त्यकर्मपद्धति)

त्यसपछि अर्थात् एकवर्ष पुगेपछि पनि गतात्माको सद्योमुक्तिका लागि गयाश्राद्ध आदि तीर्थश्राद्धहरू गरिदिनुपर्छ भन्ने उल्लेख स्मृतिहरूमा पाइन्छ । त्यस्ता श्राद्धहरू पनि यथासम्भव गरिदिने प्रचलन छ ।

अब रह्यो यसरी पितृहरूलाई दिएको वस्तु उनीहरू समक्ष पुग्छ कि पुग्दैन ? भन्ने कुरा, त्यसको उत्तर यसप्रकार छ -

देवताहरू भावबाट प्रसन्न हुन्छन् भने पितृहरू शुद्ध संस्कृतवचन प्रयोग गरी दान दिएमा प्रसन्न हुन्छन् । यस कुरामा- 'पितरो वाक्यमिच्छन्ति भावमिच्छन्ति देवताः' भन्ने वाक्य प्रमाण छ ।

**पन्थी** (२०७०), (पृ. १६५)

लोकमा जसरी नाम र ठेगाना राम्रोसँग लेखी पठाएको चिठी-पत्र हाम्रो हातमा आइपुग्छ, जसरी हामीले इन्टरनेटबाट पठाएको इ-मेल तत्कल युरोप, अमेरिका वा जतासुकै पुग्दछ त्यसैगरी देवता एवं पितृहरूलाई हामीहरूले शुद्धतापूर्वक संकल्प गरी गोत्रनाम उच्चारण गरेर दिएको नैवेद्य फलफूल, जल, पिण्ड, आदि सबै वस्तु पुग्दछन् । पितृकार्यमा आह्वान गरिएका अग्निष्वात्तादि दिव्यपितृहरूले उल्लेख गरिएको हाम्रा पितृहरूको ठेगानामा त्यो वस्तुलाई उनीहरू जे जस्तो जन्ममा जहाँ रहेका छन्, त्यहाँ तिनीहरूले खानपाउने आहारका रूपमा पुऱ्याई दिन्छन् । किनभने शब्द नित्य छ । शब्द ब्रह्म हो । सङ्कल्पपूर्वक ब्राह्मणलाई दान गरेको वस्तु देवलोक तथा पितृलोकमा पुग्दछ भन्ने शास्त्र प्रमाण देखिन्छ ।

अब यस्तो 'और्ध्वदेहिक कर्म' अन्य प्राणीहरूको मृत्युपछि भने गर्नु नपर्ने, मनुष्यको मृत्युपछि गर्नुपर्ने कुरामा के प्रमाण छ ? त्यो पनि हेरौं -

मनुष्यले मात्र मृत्युपश्चात् एक सुक्ष्मशरीर धारण गर्दछ र त्यसैबाट स्वर्ग वा नरकमा गएर पुण्यपाप भोगगर्दछ । देवदूत या यमदूतहरूले त्यही सूक्ष्मशरीरलाई लैजान्छन् । अन्य प्राणीहरूलाई सूक्ष्म शरीर प्राप्त हुँदैन । उनीहरू त मृत्युपछि तत्काल अर्को जन्ममा पुग्दछन् । केबल मनुष्यलाई मात्र यस जन्ममा आफूले गरेको शुभाशुभ कर्मको फल भोग्नुपर्ने व्यवस्था छ । मनुष्यले ती कर्मफलहरू भोग गरेपछि मात्र पुनः जन्मग्रहण अथवा मुक्ति प्राप्त गर्दछ भन्ने शास्त्रमा उल्लेख गरिएको छ ।

(विष्णुधर्मोत्तर ३।१३।४, ५,६)

अब देहत्याग गरेपछि प्रेतात्मा (जीव) कहाँ जान्छ भन्ने कुरा पनि गरुडपुराणले हामीलाई बताएको छ । तीनत्रिलोक र चौधभुवन भन्ने त हामीले सनेका छौं । त्यहाँभित्र स्वर्ग पनि रहेको छ । तीनत्रिलोक भनेका स्वर्गलोक, मर्त्यलोक र पाताल हुन् । श्रीमद्भागवतको पञ्चकस्कन्धको २६ औं अध्यायमा चौधभुवनको नाम यसरी बताइएको छ । १. भूलोक २. भुवर्लोक ३. स्वर्गलोक ४. महर्लोक ५. जनलोक ६. तपलोक ७. सत्यलोक । यी सातलोक पृथ्वी र पृथ्वीभन्दा माथितिर क्रमशः रहेका छन् । सबैभन्दा माथि सत्यलोक छ । बाँकी ७ लोक पृथ्वीभन्दा तल रहेका छन् तिनीहरू क्रमशः यी हुन्- १. अतल, २. वितल, ३. सुतल, ४. तलातल, ५. रसातल, ६. महातल, ७. पाताल ।

**पन्थी (२०७०), (पृ. १६७)**

हामी भूलोक निवासी जनहरूलाई भूलोकभित्रै रहेका सबै देशहरूको र त्यहाँका गतिविधिहरूको जानकारी राख्न त गाह्रो पर्दछ भने सबै देशहरूमा पुगेर घुम्नु, हेर्नु त धेरै टाढाको कुरा भएको छ । यस्तो स्थितिमा रहेका हामीले अहिलेसम्म भूलोक बाहेक अरु तेह्रलोकका बारेमा जानकारी राख्न सकेका छैनौं । चौधैभुवनमा रहेका मानिसहरू अथवा अन्य प्राणीवर्गका गतिविधिहरूको पारस्परिक जानकारी आदानप्रदान हुनसक्ने सम्भावनालाई भविष्यका गर्भमा छोडेर अहिले अरु कुरा गरौं ।

पुराणहरूमा र धर्मशास्त्रग्रन्थहरूमा वर्णन गरिएअनुसार यस भूलोकभन्दा माथि भुवर्लोक छ । त्योभन्दा माथि स्वर्गलोक रहेको छ । धर्मशास्त्र एवं पुराणहरूले बताएअनुसार स्वर्गजाने चाहना भएका मानिसहरूले गर्नुपर्ने सदाचारपालनपूर्वक जप, व्रत, यज्ञ, दान आदि गरेमा, हरिहरादि देवताहरूको ध्यान, भजन, चिन्तन गरेमा तथा परोपकार गरेमा, सत्यबोल्ने

गरेमा र योगाचारपूर्वक आत्मज्ञान गरेमा ठूलो धर्म हुन्छ । यस्तो धर्मगर्ने मनुष्य स्वर्गमा जानपाउँछ । अनि उसले स्वर्गमा अनेक प्रकारका झल्लरिमल्लरि सहित सुखभोग गर्नपाउँछ । यस्तो स्वर्ग भोग गर्दा-गर्दा उसे कमाएको पुण्यकर्म सकियो भने फेरि पनि मर्त्यलोकमा नै जन्म लिनुपर्दछ। क्षीणे पुण्ये मर्त्यलोक विशन्ति। त्यस्तै गरुडपुराण आदिमा वर्णन गरिएअनुसार धर्मकर्मगर्नेहरू मात्र स्वर्गमा जान्छन् भने पापकर्म एवं भ्रष्टाचार, अनाचार, दुराचार गर्नेहरू मृत्युपछि नरकमा जान्छन् । त्यस्तो नरकका छ भेदहरू (१) तपन, (२) अवीची, (३) महारौरव, (४) रौरव, (५) संघात्, (६) कालसूत्र छन् । गरुडपुराण सारोद्धारको ३ अध्यायमा भने पापीहरू नरकका सोह्र पुरहरूमा क्रमशः पुग्दछन् भन्ने उल्लेख गरिएको छ ।

गरुडपुराणमा बताएअनुसार मृत्यु भएको १७ दिनपछि प्रेतात्मा (१) सौम्यपुरमा पुग्दछन् । त्यहाँ आफ्ना पुत्र-पौत्रबाट प्राप्त मासिक पिण्डपानी ग्रहण गर्छन् । त्यसपछि दोस्रो महिनामा (२) सौरिपुरमा पुग्दछन् । त्यहाँ हरेक ४५ दिनको पिण्ड-पानी ग्रहण गर्छन् । त्यसपछि (३) नगेन्द्रपुरमा पुग्छन् । तेस्रो महिना लागेपछि (४) गन्धर्वपुरमा पुग्छन् ।

यसपछि क्रमशः चौथो महिना लागेपछि (५) शैलागमपुरमा पुग्दछन् । पाँचौ महिना लागेपछि (६) कौञ्चपुरमा पुग्दछन् । अनि छैठौं महिना लागेपछि (७) क्रूरपुरमा पुग्दछन् । यहाँ रहेर ऊनषाण्मासिक श्राद्धबाट प्राप्त हुनआएको अन्नपानी ग्रहण गरेपछि (८) चित्रपुरमा पुग्छन् । त्यसपछि सात महिना लागेपछि (९) बह्वापदपुरमा पुग्छन् । आठौं महिना लागेपछि (१०) दुःखदपुरमा पुग्छन् । नवौं महिना लागेपछि (११) नानाक्रन्दपुरमा पुग्छन् । दशौं महिना लागेपछि (१२) सुतप्तपुरमा पुग्दछन् । एघारौं महिना लागेपछि (१३) रौद्रपुरमा पुग्दछन् । अनि बाह्रौ महिना लागेपछि (१४) पयोवर्षणपुरमा पुग्छन् । यहाँ ठूलो वर्षा हुन्छ त्यो सबै सहनुपर्छ। त्यहाँ हिउँभन्दा पनि धेरै चीसो हुन्छ, त्यो सबै सहन्छन् । अनि आफ्ना पुत्रपौत्रादिने गरिदिएको वार्षिकश्राद्धबाट प्रापत पिण्डपानी ग्रहण गरेपछि पापीहरूले केही धैर्य लिन पाउँछन् । त्यसपछि (१६) बहुभीतिपुर नामको नरकमा पुग्दछन् । त्यहाँ पनि धेरै दुःख कष्ट भोग गरेपछि बल्ल हस्तमात्रप्रमाणको शरीर छोड्छन् र अङ्कष्ठमात्र प्रमाणको शरीर लिएर कर्मफल भोगका लागि हिँड्छन् भन्ने उल्लेख छ । यी सबै नकरपुरहरूमा प्रेतात्माहरूले धेरै दुःख भोग्नुपर्दछ । ती सबै दुःखबाट मुक्ति मिलोस् भन्ने उद्देश्यले पिण्डपानी दिने र दानादि गरिदिने प्रचलन छ । श्रीमद्भागवत महापुराण पञ्चमस्कन्धको २६ औं अध्यायमा यी बाहेक तामिस्र, अन्धतामिस्र आदि विभिन्न नामका २८ नरकहरूको वर्णन गरिएको छ । पापीहरूले

गरेका पापकर्म अनुसार ती नरक यातनाहरूलाई भोग गर्नुपर्दछ भन्ने उल्लेख गरिएको छ । माथि बताइएका नामका नरकहरूको भोग गरिसकेपछि पछि प्रेतात्मा जान बस्न र सुखभोग गर्न पाउने विभिन्न नामका धर्मराज नगरहरू एवं धर्मसभाको वर्णन गरुडपुराण सारोद्वारको १४ अध्यायमा गरिएको छ । अतः प्रेतात्मालाई उक्त प्रकारका नरकहरूमा जानु नपरोस् अनेक यातना र दुःख भोग्नु नपरोस् भन्ने उद्देश्यले यी सबै काम गर्नुपर्ने शास्त्र निर्देश भएको हुँदा अन्त्येष्टि संस्कार गर्नुपर्ने आवश्यकता भएको हो । यति सबै काम गरिदिएमा प्रेतआत्मालाई मुक्ति वा सुखसुविधा मिल्छ भन्ने शास्त्रीय एवं पौराणिक विश्वास भएकोले अन्त्येष्टि संस्कारको ठूलो महत्त्व देखिन्छ ।

**पन्थी** (२०७०), (पृ. १७०)

## ४.४ अवधि घटाउने प्रयासको विश्लेषण

५ दिनमै बाबु आमाको काजक्रिया समाप्त गरेका खबर पत्रपत्रिकामा आएका देखिन्छन् । यस ५ दिनेका समर्थक व्यक्तिहरू र वास्तविक शास्त्र समर्थकहरू बीच एकरूपता देखिएको छैन । के हो त यसको वास्तविकता ? । धर्मलाई साक्षात्कार गरेका (**"साक्षात्कृतधर्माण ऋषयो बभूवुः"- निरुक्त**) ऋषिमहर्षिहरूले अनादि कालदेखि चलाएको र हाम्रो सनातन हिन्दू समाजमा चदै आएको धार्मिक कृत्यमा बाबुआमाको काजक्रिया ५ दिनमै छोट्याएर गर्न सकिने व्यवस्था पनि दिएका छन् त ? भन्ने शंका उठ्नु स्वभाविक नै हो ।

त्यसमाथि **"पाँच दिने अन्त्य पद्धति"** भन्ने पुस्तक नै हालसालै प्रकाशित गरी कतिपय व्यक्तिहरूले उक्त पुस्तक प्रचारप्रसारमा पनि ल्याएकाले साधारण मानिसमा अन्योल र जिज्ञासा बढेको देखिन्छ । उक्त पुस्तकको समर्थन गर्दै वक्तव्य दिने व्यक्तिहरूमा राष्ट्रकवि माधवप्रसाद घिमिरे, आचार्य पूर्णचन्द्र ढुंगेल, कमलाकान्त आत्रेय, रामचन्द्र भण्डारी र प्रा.डा. वीणा पौड्याल यी पाँच जना देखिएका छन् । उनीहरूले दिएका यी सबै मन्तव्यहरू विना विचार दिएको जस्तो लाग्यो । शास्त्रीय आधार खोजेर दिएको देखिँदैन ।

किनकि मरणाशौचका विषयमा हाम्रा धर्मशास्त्रहरूमा "विभिन्न समयावधिका मरणाशौच हुन्छन्" भन्ने उल्लेख पाइन्छ, तर तिनको ख्यालै नगरी उनीहरूले ३ दिने आशौचसँग जोडिएका विशेष अवस्थाका शास्त्रीय वचनलाई १० दिने आशौचसँग जोडी मन्तव्य दिएकाले भ्रमनिवारणका निमित्त विभिन्न थरी आशौचको विवण दिने पराशरऋषिको वचन

यहाँ उद्धरण गरी मन्तव्यदाताहरूको र पाँचदिने अन्त्यपद्धतिकारको ध्यानाकर्षण गरिन्छः जस्तैः -

**सद्यः शौचास्तथा चान्ये अन्ये चैकाहिकाः स्मृताः ।**

**त्रि-षट्-दश-दशद्वाभ्यां दशापि सह पञ्चभिः ॥**

**तान्येव त्रिगुणान्याहुर्दिनान्येव मनीषिणः ॥** बृहस्पाराशरस्मृति, अध्याय- ८ ।

**सनातन विद्धत परिषद (२०७०), (पृ. ४६)**

अर्थात् कुनै मरणाशौच तत्कालै चोखिने, कुनै ३ दिनमा, कुनै ६ दिनमा, कुनै १० दिनमा, कुनै १२ दिनमा, कुनै १५ दिनमा, कुनै ३० दिनमा चोखिने हुन्छन् भन्ने यसको तात्पर्य हो । तीन दिनमा चोखिने आशौचलाई १० दिन मान्न र बार्न भएन । १० दिन मान्न पर्नेलाई ३ दिन बारेर पुग्दैन । तसर्थ ती ती आशौचलाई वर्गीकरण गरी हाम्रा महर्षिहरूले बेग्ला बेग्लै नियम बनाएका छन् । जस्तै ३ दिनमा दशकर्म समाप्त गरिने आशौच भनेको विवाह नगरेकी स्त्रीको हो भन्ने कुरा मनु महाराजले गरेका छन् ।

**स्त्रीणामसंस्कृतानान्तु त्र्याच्छुध्यन्ति बान्धवाः**

**यथोक्तेनैव कल्पेन शुध्यन्ति तु सनाभयः ॥** मनु ५।७२

यी भनाइलाई अझ स्पष्ट पार्दै संस्कार नगरिएका स्त्रीको क्रियाकर्म पनि ६ दिनमै यसरी सक्नु पर्दछ भन्दै मनु महाराज छोटकरीमा यो निर्देशन दिन्छन्-

**अक्षारलवणान्नाः स्युर्निमज्जेयुश्च ते त्र्यहम् ।**

**मांसाशनं च नाश्नीयुः शयीरँश्च पृथक् क्षितौ ।**

यही कुरालाई पारस्करले क्रमबद्ध रूपमा अविवाहिता स्त्रीको मरणमा पिण्डदानादि क्रिया यो यो दिन यति यति वटा पिण्ड दिई यसरी समाप्त गर्न पर्दछ भन्दै तीन दिनको र त्यस पछिका दिनमा गरिने कर्मको समेत निर्देशन गरेका छन्-

**प्रथमे दिवसे देयास्त्रयः पिण्डाः समाहितैः ।**

**द्वितीये चतुरो दद्यादस्थिसंञ्चयनं तथा ।**

**त्रींस्तु दद्यात्तृतीयेऽह्नि वस्त्रादि क्षालयेत्ततः ।**

यो पारस्करको भनाइलाई जोड्दै कमलाकरभट्ट निर्णयसिन्धुमा यसो भन्दछन्- **“द्वादशाद्वत्सरादित्यनुपनीतद्विजानूढशूद्रविषयम् ।”** यो भनइलाई परिपुष्ट गर्दै निर्णयसिन्धुकार कमलाकर भट्ट देवलको निम्न लिखित वचन समेत उद्धरण गर्दछन्-

**द्वादशाद्वत्सरादर्वाक् पौगण्डमरणे सति ।**

**सपिण्डीकरणं न स्यान् नैकोद्दिष्टानि कारयेत् ॥**

यो शास्त्रीय निर्देशनलाई दशदिने आशौच बार्न पर्ने आमाबाबुको आशौचसँग जोडेर पाँचदिने अन्त्यपद्धतिकारले शास्त्रको अपव्याख्या गरेको स्पष्टै देखिन्छ । त्यसैको लहै लहैमा लागेर राष्ट्रकविले पनि समर्थन गरेको देख्दा आश्चर्यलागेका कुरा पुरोहितहरुले भनेका छन् ।

**सनातन विद्धत परिषद** (२०७०), (पृ. ४७)

बाबुआमाको आशौच र काजक्रियाका बारेमा पारस्करले स्पष्ट निर्देशन गरेका वचन प्राचीन धर्मशास्त्रीय निबन्धहरू (स्मृतिचन्द्रिका, हेमाद्रि, निर्णयसिन्धु आदि) मा प्रशस्त पाइन्छन् । तिनको वास्तै नगरेका हुन् कि त्यहाँसम्म पुग्ने योग्यतै नभएका हुन् भनी तिनको ध्यानकर्षण गर्न पारस्करका भनाइलाई जस्ताको जस्तै उद्धरण गरी यहाँ प्रस्तुत गरिन्छ-

**पुत्रो भ्राताऽथ दौहित्रो ज्ञातिर्जामात्रिकाऽपि वा ।**

**प्रथमेऽहनि यो दद्यात् स दशाहं समापयेत् ॥** स्मृतिचन्द्रिका आशौच काण्ड ।

यहाँ दशदिनसम्म आशौच लाग्ने कुरा स्पष्टसँग पारस्करले भनेका छन् । त्यस्तै अर्को पनि उनैको वचन छ -

**आहिताग्नेस्तु दहनाद्दशाहाशौचमिष्यते ।**

**अनाहिताग्नेर्मरणात् पुनर्दाहो यदा भवेत् ॥** स्मृतिचन्द्रिका आशौचकाण्ड

फेरि जननाशौच र मरणाशौचका विषयमा ब्राह्मण क्षत्रियादि वर्णलाई लक्ष्य गर्दै शुद्ध हुने अवधि तोक्दै पारस्कर आफ्नो भनाइ स्पष्ट गर्दछन् -

**जाते चैव मृते चैव दशरात्रं विशोधनम् ।**

**भूपतेर्द्वादशाहोभिर्विंशः पञ्चदश स्मृताः ।**

**त्रिंशद् दिनानि शूद्रस्य तदर्धं न्यायवर्तिनः ॥**

इत्यादि पारस्करका भनाइबाट ५ दिनमा बाबुआमाको अन्त्यकर्म समाप्त गर्न नहुने देखिन्छ । **तसर्थ ५ दिने अन्त्यपद्धतिकारको निष्कर्ष पारस्करकै मतमा कुनै हालतमा पनि सिद्ध गर्न सकिँदैन ।** अब पारस्करगृह्यसूत्रमा आएको विवादास्पद भनाइ जुन ५ दिने अन्त्यपद्धतिकारले र राष्ट्रकविले मूल प्रमाणको रूपमा लिएका छन् त्यसतर्फ विचार गर्नु पर्छ भन्ने मत भेटिन्छन् ।

**त्रिरात्रं शावमाशौचम् ३।१०।२९ दशरात्रमित्येके** ३।१०।३० दुई सूत्रको अर्थ मुख्य रूपमा मृताशौच ३ दिन र गौण रूपमा १० दिन हो भन्ने अर्थ गर्दा माथि पारस्करका वचन भनेर स्मृति चन्द्रिकाकारले उद्धरण गरेका वचनसँग संगति मिलाउन सकिँदैन । त्यस्तै कात्यायनलाई पारस्कर नै हुन् भन्ने मान्ने हो भने कात्यायनले सपिण्डीकरण श्राद्ध १२ दिनमा गर्नुपर्दछ भनी कात्यायनश्राद्धसूत्रमा गरेको स्पष्ट निर्देशनसँग पनि विरेध पर्दछ, किनकि कात्यायनले श्राद्धसूत्रमा **"ततः संवत्सरे पूर्णे त्रिपक्षे द्वादशाहे वा यदहर्वा वृद्धिरापद्येत"** भन्ने श्राद्धसूत्र पाँचौ कण्डिकामा १२ दिनभन्दा अगाडि सपिण्डीकरण श्राद्ध गर्ने निर्देशन गरेका छैनन् । यो निर्देशनसँग ३ दिने आशौचको सङ्गति मिल्दैन । श्राद्धकाशिकामा श्राद्धकाशिकाकारले कात्यायनको वचन भनी उद्धरण गरेको **सर्वेषामेव वर्णानामाशौचान्त्ये सपिण्डनम्** भन्ने वचनको सङ्गति पनि मिल्दैन । हेमाद्रिले कालखण्डको ५३८ पृष्ठमा कात्यायनको तलको वचन उद्धरण गरेका छन् -

**सनातन विद्धत परिषद** (२०७०), (पृ. ४८)

**एकादशाहं निर्वर्त्य पूर्वं दर्शाद् यथाविधिः ।**
**प्रकुर्वीताग्निवान् पुत्रो मातापित्रोः सपिण्डनम् ।**

यी कात्यायनका वचनसँग पनि पारस्कर गृह्यसूत्रको **त्रिरात्रं शावमाशौचं** यो भनाइ असङ्गत नै ठहर्दछ । त्यसो भए **त्रिरात्रं शावमाशौचम्** १०।२९ **दशरात्रमित्येके** १०।३० यी दुई सूत्र के भएमा मिल्दछन् त भन्ने शंका यहाँ उठ्दछ, त्यो शंकाको समाधान पारस्करले पारस्कर गृह्यसूत्रमा दिएका सूत्रहरूको नै अनुशीलनबाट गर्नसके सबैभन्दा उत्तम हुन्छ भन्ने ठानी यी दुई सूत्रभन्दा अघिल्लो पारस्कर गृह्यसूत्रको सूत्रसँग अर्थ मिलान गर्दा समाधान हुने देखि पाठकको ध्यानाकर्षण गरिन्छ । यी दुई सूत्रभन्दा अघिको सूत्र यस्तो छ -

**मृन्मये तां रात्रीं क्षीरोदके विहायसि निदध्युः प्रेताऽत्र स्नाहीति । ३।१०।२८** ॥

यो सूत्रमा कति दिनसम्म क्षीरोदक माटाका भाडामा प्रेतको निमित्त राख्ने भन्ने कुरा स्पष्ट छैन । तसर्थ त्यो स्पष्ट गर्न **त्रिरात्रं शावमाशौचम्**को त्रिरात्रं शब्द यो सूत्रको अन्त्यमा जोड्दा सूत्रको रूप यस्तो हुन्छ ।

**"मृन्मये तां रात्रीं क्षीरोदके विहायसि निदध्युः प्रेताऽत्र स्नाहीति त्रिरात्रम्"** यस्तो हुन्छ, त्यसपछि आउने सूत्र **शावमाशौचम् दशरात्रम्** बाँकी रहन्छ, यस्तो पदसंगति गर्दा माथि उद्धरण गरिएका पारस्करका वचनहरू पनि सबै संगत हुन्छन् । त्यति मात्र होइन, पारस्करले अनध्यायको विवरण दिँदा **"गुरौ प्रेतेऽपोभ्यवेयाद्-दशरात्रं चोपरमेत्"** ३। ११ । ७ दिएका छन् । आफूलाई पढाउने गुरुको मरणाशौच ब्रह्मचारीलाई १० दिन लाग्छ र ब्रह्मचारीले गुरुलाई उदकदान दिनुपर्दछ । १० दिनसम्म नै अनध्याय मान्नुपर्दछ, वेद पढ्नु हुँदैन भन्ने यसको तात्पर्य हो । यस्तै कुरा मनु महाराजले पनि **"गुरोः प्रेतस्य शिष्यस्तु पितृमेधं समाचरन् । प्रेताहारैः समं तचत्र दशरात्रेण शुध्यति ।"** मनु. ५। ६५ भनेकाले र स्वयं पारस्करले पनि आफ्नो गुरुको १० दिनसम्म ब्रह्मचारीले आशौच ार्नुपर्ने कुरा लेखेकाले आफ्ना आमा बाबुको मरणाशौच ३ दिनसम्म लाग्छ भनेर उनैले भनेका छन् भन्नु ज्यादै नै नमिल्दो भएकाले **त्रिरात्रं शावमाशौचम्** यो सूत्र पारस्करकै मतमा पनि पूर्वापर विचारगर्दा संगत नहुने नै देखिन्छ । तसर्थ यसको संगति मिलाउन **त्रिरात्रंलाई मृन्मये तां रात्रीं क्षीरोदके विहायसि निदध्युः प्रेताऽत्र स्नाहीति त्रिरात्रम्** भन्नै पर्दछ । यसो गर्दा सबै तिरको संगति पनि मिल्ने र गरुडपुराणमा पनि **अपक्वे मृण्मये पात्रे दुग्धं दद्याद् दिनत्रयम् । काष्ठत्रयैर्गुणैर्बद्धवा प्रेतप्रीत्यै चतुष्पथे ।** (२४ । १३) भन्ने शास्त्रीय वचनको पनि परिपालन हुने र पारस्करले बोलेका सबैतिरका वचनहरूमा एकरूपता आउने, विरोध नपर्ने भएकाले पारस्करको **त्रिरात्रं शावमाशौचम्**मा आएको **त्रिरात्रं** शब्द अघिल्लो सूत्रको परिपूरक हो भन्ने कुरा सिद्ध हुन्छ । तसर्थ पारस्करको वचनलाई मुख्य प्रमाण मानी ५ दिने अन्त्यकर्मपद्धति निर्माण गर्ने व्यक्तिले यथार्थ कुरै नबुझी धार्मिक समाजलाई धोका दिई ठूलो अपराध गरेको ठहर्दछ ।

अतः पाँच दिने अन्त्यपद्धतिअनुसार कर्म गर्ने गराउने व्यक्तिहरूले आहफूले गरेका कर्मको पाप पखाल्न प्रायश्चित नगरी हुँदैन । प्रायश्चित गरेर कुशको प्रतिकृति बनाई दाहसंस्कार गरी पुनः १३ दिनसम्मको सम्पूर्ण काजक्रिया गर्नैपर्ने हुन्छ । प्रायश्चित गरेर काजक्रिया नगरे त्यो गरे गराए वापतको दुष्परिणाम अवश्य भोग्नु पर्दछ भन्ने जानी यसमा

ढिलाइ गर्नुहुँदैन, अन्यथा उनीहरूको व्यक्तिगत जीवनमा तथा कुलमा समेत अनिष्ट आइपर्ने निश्चित छ ।

**सनातन विद्धत परिषद** (२०७०), (पृ. ४९)

## ४.५ नेपालका केही हिन्दू सनातनी जातजातीय अन्त्येष्टि सस्कार

नेपाली समाज बहुजातीय र बहुसांस्कृतिक समाज हो । समाजको यथार्थ यसको विविधता र बहुलतामा झल्किन्छ । अनेक जातिका सामुहिक भावना र संवेदनशीलताले नै हाम्रो संस्कृतिलाई समृद्ध र भरिपूर्ण तुल्याउँदै आएको छ । नेपाली जातीय संस्कृतिको एउटा बलियो आधार वा पक्ष भनेको समन्वयवाद, सहिष्णुता र आपसी सद्भाव नै हो । यहाँ सबै जातिले आफ्नो संस्कार संसारलाई मौलिकताको झलक, सद्भाव आदानप्रदानको शैली र जातीय रीत विधिको विविधताको रूपमा देखाइन्छ । आदिवासी जातिका इतिहास, संस्कृति, भाषा, संस्कार र रहनसहन फरक छन् तर हिन्दु धर्मनै मान्ने यि आदिवासी जातिहरू आफ्नो मैलिक संस्कृति र परम्पराप्रति गर्भ गर्दछन् । आधुनिकीकरण र परसंस्कृतिकरणको प्रभाव यी आदिवासी जातिहरूमा परिरहेकाले यिनको मौलिक चिनारी जोगाउन राज्यले ध्यान दिन आवश्यक छ । परम्परागत संस्कार र संस्कृतिले सुसज्जित आदिवासी जातिहरू आफ्नो पहिचान र अधिकार राज्यसँग खोजी रहेका छन् । जातीय विविधताले धनी रहेको नेपालमा हरेक जातिका जन्मदेखि मृत्युसम्म आ-आफ्नै प्रकारका संस्कार छन् । एक जातिसँग अर्को जाति मिलेर बस्नु नेपाली विशेषता भएपनि एक जातिको संस्कारका बारेमा अर्कोजाति बेखबर रहेको पाइन्छ । जातिहरूका संस्कारको अध्ययन क्रममा देखिएको एउटा तथ्य के हो भने जातिसमुदायमा आफ्नो संस्कारलाई पहिचानको रूपमा संरक्षित गर्दै मौलिकतालाई कायम गर्न, त्यसबाट विमुख नहुने दृढता पाइन्छ । धर्म सापेक्ष जीवनशैली हाम्रो संस्कृति हो भने संस्कृतिलाई विचार र व्यवहारले बलियो कर्म पद्धति हाम्रो संस्कार हो । सेवा, त्याग र सदाचारको त्रिवेणीमा फुलेको संस्कृतिलाई आत्मसात गरी विभिन्न जातका संस्कारहरू प्राचीनकालदेखि चलिआएका छन् । संस्कार र संस्कृति नभएको देश या त अपाङ्ग हुन्छ या त निर्जीव हुन्छ । नेपालमा बसोबास गर्ने विभिन्न जातजातिको विशिष्ट हिन्दू संस्कृति र संस्कारहरू छन्, जसमध्येको जाति आदिवासीहरूको वर्णन र अन्त्यष्टि संस्कार यस्ता रहेको पाइन्छ ।

## ४.५.१ गनगाई जाति

### परिचय

वर्तमान नेपालको पूर्वी तराई भूभागमा बसोबास नर्गे गनगाई जाति हिन्दू धर्म मान्ने एक जातिको रूपमा रहेको छ । प्राचीन समयमा गङ्गा नदीको किनारको भूभागमा कृषि पेसा अपनाएर बसेका र त्यही गङ्गा नदीको नामबाट आफूहरू गनगाई भएको विश्वास यो जातिमा रहेको पाइन्छ ।

गनगाई जातिको बसोबास एउटा परिवारको प्रायः एकै ठाउँमा हुने गर्दछ, जहाँ आफ्नै कुल देवता आँगनको छेउमा स्थापना गर्ने गरिन्छ भने गाउँको बिचमा ग्रामदेवताको समेत स्थापना गरिएको हुन्छ, विभिन्न प्रकारका कार्यगर्ने आ-आफ्नै गुरुहरू रहेका हुन्छन् । यो जातिमा गोसाइ ठाकुर, गाइन ठाकुर, कानठा, मालि, ब्राह्मण आदि पुरोहित हुन्छन् । यस जातिका केही संस्कारहरू राजवंशी जातिसँग मिल्ने गरेको पाइन्छ तर तात्विक भिन्नता भने रहेको छ । यो जातिका धेरै संस्कारहरूलाई राजवंशीका गुरुहरूले नै गराउने गरेको पाइन्छ ।

नेपालको पूर्वी तराई क्षेत्रमा बसोबास गर्ने गनगाई जातिले मनाउने संस्कारहरूमा हिन्दु धर्मले व्याख्या गरेको १६ वटा संस्कारहरूमध्ये केही संस्कारहरू मात्र गर्ने गरेको पाइन्छ । यस जातिले मनाउने मुख्य संस्कारहरूमा नामकरण, अन्नप्राशन, चुडाकर्म, कर्णभेद, विवाह र अन्त्येष्टि संस्कार रहेका छन् ।

### अन्त्येष्टि संस्कार

यस जातिको मृत्यु संस्कारमा मानिसको मृत्यु भएपछि मृतकलाई नुहाइदिने, आँगन लिपेर उत्तर दक्षिण पारी राख्ने, सिरानेपट्टि एउटा डालो उल्टो पारेर राख्ने र त्यसमाथि दियो बाल्ने गरिन्छ । मृतकको पेटमा हाँसिया अनिवार्य रूपमा राख्नुपर्दछ भने मुखमा दुध, पानी तुलसी पत्ता, पान, सुपारी, सुन आदि राखिदिने चलन छ । बाँसको मुचली बनाउने र लासलाई मुचलीमा राखी कपडाले बेरेर घाटतिर लाने चलन छ । पहिले पहिले लासलाई अन्य मानिसले छुन पाइन्थ्यो तर अहिले सबैले बोकेर घाट लाने गर्दछन् । श्रीमान् मरेमा श्रीमतीको सिन्दूर पुच्छ्ने र चुरा फुटाउने चलन छ भने श्रीमती वा महिला मरेमा शृङ्गार गरी घाट लाने गरिन्छ ।

यस जातिमा मृतकलाई संस्कारको लागि घाट लाँदा बाटोभरि धानको लावा (खोया) र पैसा छर्दै जाने चलन छ । आफ्नो कुलअनुसार जलाउने र गाड्ने दुवै चलन यो जातिमा रहेको पाइन्छ । १३ औँ दिनका दिन आफन्त र छिमेकीलाई बोलाई भोज गरी मृत्यु संस्कार सम्पन्न गरिन्छ । मानिस मरेपछि आउने माघ महिनामा उत्तराशोक गर्ने चलन छ जुन उत्तर बग्ने नदीमा सम्पन्न गरिने श्राद्ध हो ।

**खत्रि (२०७७), (पृ. ३१)**

## ४.५.२ डोटेली संस्कृति

### परिचय

सुदूरपश्चिम नेपालको डोटी इतिहासको कुनै कालखण्डमा एउटा राज्य थियो । यो विशाल भूभागमा फैलिएको आफ्नै मौलिक संस्कृतिले सम्पन्न क्षेत्र हो । प्राचीनकालमा डोटी क्षेत्रमा खसहरूको राज्य थियो । विस्तारै वैदिक आर्यहरू यस क्षेत्रमा प्रवेश गरे । वैदिक आर्यहरूको प्रवेश भएपछि खस र आर्यहरूको संस्कृति एकआपसमा घुलमिल हुनगयो । यसरी खस र आर्य संस्कृतिको मिश्रणबाट यस क्षेत्रको संस्कृतिको विकास भएको हो । डोटी क्षेत्रको आफ्नै मौलिक परम्परा, चालचलन, संस्कार र संस्कृति छ । यस क्षेत्रमा प्रचलित विभिन्न चालचलन, रीतिरिवाज, परम्परामध्ये मानिस जन्मेदेखि मृत्युपर्यन्त गरिने संस्कार कर्म अत्यन्त उल्लेख्य रहेको छ । यस्ता संस्कार कर्महरूमा गर्भाधानसंस्कार, पुंसवन, सीमान्तोन्नयन, जातकर्म, षष्ठीपूजा, नामकरण तथा निष्क्रमण, अन्नप्राशान, वर्षवर्द्धन, चूडाकरण, विद्यारम्भ/अक्षरारम्भ, कर्णवेध, व्रतबन्ध/उपनयन, वेदारम्भ, केशान्तसंस्कार तथा समावर्तन्, विवाह र अत्येष्टि संस्कार आदि पर्दछन् ।

### अन्त्येष्टि संस्कार

अन्त्यमा गरिने संस्कार नै अन्त्येष्टिसंस्कार हो । पञ्चतत्त्वद्वारा बनेको शरीरलाई पञ्चतत्त्वमा नै समाहित गर्ने काम अन्त्येष्टि हो । डोटी क्षेत्रमा गरिने अन्त्येष्टिसंस्कारका दुई पक्ष हुन्छन् । पहिलो मृत्युपूर्वको मरणासन अवस्थाका संस्कार । यसमा बाच्छोसहितको गाई, भूमि, तिल, सुन, घिउ, वस्त्र, धान, गुड, चाँदी र नुन दान गर्ने चलन छ । यसलाई दशदान भनिन्छ । यी वस्तुको दान मरणासन्न व्यक्तिका हातबाट गराइन्छ । मरणासन्न व्यक्ति अशक्त

भए उसका तर्फबाट अरुले गरिदिन्छन् । मरणासन्न व्यक्तिलाई अन्तिम अवस्थामा तुलसीको मठनजिक तथा अन्य पवित्र स्थलमा गोबरमाटोले पोतेर पूर्व सिरान गरेर सुताइन्छ । गङ्गाजल खुवाइन्छ, तुलसीपत्र, श्रीखण्डचन्दनको लेप लगाइन्छ । वरपर आफन्तहरू बसेर भजनकीर्तन तथा नामसंकीर्तन गर्दछन् । गीता, रामायण, विष्णुसहस्रनाम आदिको पाठ गरिन्छ ।

दोस्रो मृत्युपश्चात् गरिने संस्कार हुन् । जब व्यक्तिको मृत्यु हुन्छ त्यसपछि उसलाई उत्रर सिरान गराएर राखिन्छ । मृत्युसंस्कार गराउने व्यक्ति कपाल खौरेर नयाँ पवित्र वस्त्र धारण गर्दछन् । शवलाई गङ्गाजलसहितको पवित्र जलले स्नान गराइन्छ । नयाँ वस्त्र, जनै, चन्दन, तुलसीको माला पहिराइन्छ । शरीरमा विभिन्न सुगन्धित द्रव्यहरू लेपन गराइन्छ । आँखा, मुख, नाक, तथा कानमा सुनका टुक्रा राखिन्छ । खुट्टाका औँलादेखि टाउकासम्म सेतो कपडाले छोपिन्छ । त्यसपछि बाँसले बनाइएको डाडीमा राखेर डोरीले बाँधिन्छ । शवयात्राका क्रममा सबैभन्दा अगाडिबाट लगिन्छ ।। आआफ्नो कुलपरम्पराअनुसार शङ्ख, दमाहा, नरसिंहा र भोक्कर बजाइन्छ । विशेष गरी ब्राह्मण क्षेत्रीको शवयात्रामा शङ्ख बजाइन्छ । भगवान्को नाम उच्चारण गर्द शवयात्रा कश्मशानघाटमा पुग्दछ । विभिन्न संस्कारपश्चात् शवलाई चितामा राखेर पाँचौं पीण्ड दिइनछ । हवनको अग्निबाट सल्काएको आगो हातमा लिएर चिताको परिक्रमा गरी टाउकातिरबाट देशकुलाचारअनुसार छोरा अथवा अन्य अधिकारीद्वारा दागबत्ती ककदिइन्छ ।

शव दाहपछि दूध, घिउले चितास्थल सरसफाइ गरेर कर्तासहित सबै मलामीहरूक केही पर गएर स्नान गर्दछन् । कर्ता तथा अन्य अधिकारीहरूद्वारा कुशका तीन टुक्रा, तिल र जलले तिलाञ्जलि दिइन्छ । घाटबाट फर्किदा कर्ता र बालकहरू अघि र बुढाहरू पछि लागेर फर्किन्छन् । घरमा पुगेपछि तितेपातीमा घिउ आदि हालेर तयार पारिएको धुपको धुँवा लगाइन्छ, आगोको स्पर्श गरिन्छ र भित्र प्रवेश गरिन्छ । भित्र गएर क्रियापुत्री बस्न तयार पारिएको घरको भुँइतलाको कोठामा भगवान्को स्मरण गर्दै मृतजनको आत्माको शान्तिको कामना गर्दै देशकुलाचारअनुसार एकान्त वास गरी क्रियाकर्म गरिन्छ ।

**खत्रि** (२०७७), (पृ. **५५**)

### ४.५.३ दास जाति

#### परिचय

दास जातिलाई तत्मा पनि भनिन्छ । कुल जनसङ्ख्या १०४,८६५ भएको दास जाति नेपाल तराईको हिन्दू समुदायको एक जाति हो । दास जातिका संस्कार समाजमा आफ्नै किसिमको छ । दास जाति नेपाल वा भारतमा बसोबास भएको देखिन्छ । यो जातिको इतिहास हेर्दा यसको मुख्य पेसा कपडा बुन्ने थियो ।

वर्तमान समयमा दास समुदायको भेषभूषा, शिक्षाको स्तर बोलचालको भाषा फरक छ । यस जातिको भाषा मगही हो जसलाई मधेसमा ठेट भाषा भनिन्छ । यस जातिको पहिले भेषभूषा पुरुषले धोती कमिज, गोलगन्जी र गमछा, महिलाले सारी लगाउने थियो । वर्तमान भारतमा बुनकर समाज यही दास जाति नै हो । दास जाति नेपालको मधेसभित्र बस्ने जातिको भाषा मगही भाषा हो । मगही भाषाको संस्कार भिन्न देखिन्छ । हिन्दू धर्मग्रन्थअनुसार गरिनु पर्ने १६ संस्कारमध्ये हालका दिनमा दास समुदायमा जन्म संस्कार, मटकोर, मुरन, विवाह तथा मृत्यु संस्कार जस्ता मुख्य संस्कारहरू प्रचलनमा देखिन्छ ।

#### अन्त्येष्टि संस्कार

कुनै पनि मानिसको मृत्यु भएपछि, घरभन्दाक बाहिर आँगनमा उत्तर दिशा टाउको राखी सुताइदिन्छन् । त्यहाँ धुप बाली आफन्तहरू शोक मनाउँदै बस्छन् । काँचो बाँसलाई सय्या बनाई, मृतक शरीरलाई नुहाइधुवाइ इतर, तेल लगाई, मुखमा सुनपानी छर्की शय्या ( फरकी) मा राखी, छोराहरूलगायत चार जनाले काँधमा बोकी एकजना माटोको वर्तन र हातमा आगो बोकी, साथमा आफन्तजनहरूलगायत गाउँ समाजका व्यक्तिहरू मलामीमा साथसाथै संस्कार अथवा जलाउने ठाउँमा लगिन्छ । आफन्तहरूले बन्चरो, कोदोलोसमेत लिएर मसानघाटमा गई रुख काटी सइया अथवा अचिया बनाई, दागबत्ती दिने जेष्ठपुत्र (छोरा) आफू स्नान गरी माटोको भाँडामा बोकी ल्याएको पानीले मृतकलाई स्नान गराई उचियामा उत्तर दिशा टाउको राखी सुताउँछ ।

मृतक शरीरको जिउमाथि रुखको हाँगा राखी पूरै जिउ छोपिने गरी ढाकिदिन्छ । बिच बिचमा सुकेको दाउरा पनि राख्छ । त्यहाँ फलफूल, धुप, दीप, घिउ, तील, जउ मिसाएको सबै

राखिन्छ । दागबत्ती लिएर मुखमा लगाई ५ चोटि परिक्रमा गराउँदा राम नाम सत्य है भन्दै चितामा आगो लगाइदिन्छ । सुरुदेखि अन्तसम्म एकोहोरो शङ्ख बजाउँदै श्मसानसम्म जाने चलन छ । एकहरो शङ्ख बजाउनु अपशकुनको सङ्केत गर्दछ ।

चार दिनको संस्कारलाई छउरभपी भनिन्छ । दाह संस्कार गरेको चार दिनमा पुरोहित र हजाम बोलाई, कर्मकाण्डको लागि सबै सामग्री हजाम र पुरोहितले भनेअनुसार फुलडाली सजाई संस्कार गरेको ठाउँमा दाजुभाइ तथा सखिया बस्ने व्यक्ति लिएर त्यहाँ पुगिन्छ । मृतकको अस्तु (फुल्ला) १३ दिनभित्र वा १३ दिन क्रिया समापन गरेर अस्तु सेलाउने काम गर्नु पर्ने परम्परा पनि छ । अस्तु लिएर गङ्गा नदीमा गई क्रियापूजा गराई, अस्तु गङ्गामा सेलाउने काम गर्दा मृतकको आत्मा शान्ति हुन्छ । हिन्दु परम्पराअनुसार यो कार्यको धेरै महत्त्व छ ।

मृतकको ७ औं दिनमा कर्मकाण्ड गर्ने परम्पराको साथै जातिमा भोज खुवाइने चलन हाल हराउँदै गएको छ । यसलाई सघन पनि भनिन्छ । मृतकको १० औं दिनमा हजाम बोलाई दाजुभाइ, आ-आफ्नो परिवारजन सबैजना कपाल खौराउने गरिन्छ । साथै पुरोहित र हजामद्वारा नौ केसको कर्मकाण्ड गराई, घटहा बटहाको साथै सखियालाई खाना खुवाई घर आउने चलन छ । किरियाको १२ औं दिनलाई सराध भनिन्छ । त्यो दिनमा पनि गाईको गोबरले घर आँगन लितपोत गरी चोखो पार्ने चलन छ । अन्तिममा १३ दिनको कर्मकाण्ड पोखरीको घाटमा भिरालोमा घर बनाइएको ठाउँमा किरिया गरी अन्तिम संस्कारको विधि अन्त्य गरिन्छ ।

**खत्रि (२०७७), (पृ. ५५)**

## ४.५.४ निषाद मल्लाह जाति

### परिचय

नेपाल राज्यमा बसोबास गर्ने पिछडिएका समुदायमध्ये अति विपन्न जातिको रूपमा मल्लाह पनि एक हो । यस जातिको नेपालमा आगमन शताब्दीयौं पहिले भारतको सीमावर्ती राज्य पश्चिम बंगाल, विहार, उत्तर प्रदेश, मुग्लानबाट भएको देखिन्छ ।

नेपालका विभिन्न जात जातिमध्ये एउटा जाति निषाद (मल्लाह) हो । यस जाति मधेसी वर्गमा पर्दछ । यिनीहरूको विभिन्न उपजातिहरू भएकोले सबै उपजातिहरूलाई मिलाएर निषाद

भन्ने गर्दछ । निषाद समुदायभित्र उपजातिको रूपमा (मल्लाह, गोढी, विन, वनपर, खुलौट, मुरियारी, सोहरहिया, केवट, माझी, कहार, चाई, धिवर, लोध, नोनिया, वेलदार) आदि पर्ने गर्दछ । महाभारतका रचयिता वेदव्यास, एकलव्य जस्ता व्यक्तिहरू यसै समुदायका रहेको कुरा पुराणहरूमा पाइन्छ । आर्थिक तथा सामाजिक सांस्कृतिक राजनीतिक अवस्थाले यस जातिको रीतिरिवाज तथा संस्कारबारे जातिभित्रबाट अध्ययन अनुसन्धानको कमी रहेको पाइन्छ । यस जातिलाई आफ्नो छुट्टै पहिचान दिने सामाजिक मूल्य, मान्यता, संस्कार र संस्कृतिहरू रहेका छन् ।

## अन्त्येष्टि संस्कार

शव दाह संस्कारको लागि मानिसहरू भेला हुन थालेपछि मृत्यु संस्कार सम्पन्न गर्न मृतक, मृत शरीरलाई आँगनमा उत्तर सिरान गरी उत्तानो पारेर नयाँ कपडा ओढाई सुताइन्छ । त्यसपछि श्मसान घाट लैजानको लागि चार जनाले बोक्न मिल्ने गरी बाँसको खाट बनाई शय्यालाई फूलले सजाइन्छ । शवलाई चितामाथि (अछिया) राखी अग्निलाई समर्पण गर्नुअघि शवलाई घिउ कपुर धुपी सल्लाह, तिल, जौ, गुगुल राखिन्छ । जेठो छोराले नै दागबत्ती दिन्छ । चिता जलिसकेपछि सानो शेष अस्तु लिइन्छ र आगोलाई क्रियापुत्री तथा मलामीले नाघेर त्यसलाई पखालिन्छ ।

यस जातिमा किरियापुत्री बस्दा निकै दुःख कष्टको सामना आफ्ना पितृ उधारको लागि गर्नुपर्ने चलन छ । शव दाह गरेको दिन परिवारमा आगो नबाल्ने र नुन नखाने परम्परादेखि मानिआएको प्रचलन रहेको छ । किरियापुत्रीले सपिण्डन गरेपश्चात् मात्र नुन खाने गर्दछन् भने परिवारको अन्य सदस्यहरूले नुनको सट्टा सिधे नुनको प्रयोग गर्दछन् । यस जातिको मृतक ५ वर्षभन्दा मुनिको भएमा ३ दिनदेखि ५ दिनभित्र सम्पूर्ण क्रियाकर्म गरी चोखिन्छ भने मृतक ५ वर्षभन्दा बढी उमेरको भएमा १३ दिन क्रिया बस्नुपर्ने हुन्छ ।

**खत्रि (२०७७), (पृ. ९४)**

## ४.५.५ बढही (काष्ठकार) जाति

## परिचय

नेपाल अधिराज्यको पूर्व पश्चिम फैलिएर रहेको बढ़ई (बड़ही) काष्ठकार जाति पिछडिएको समुदायभित्रको अल्पसङ्ख्यक अति पिछडा वर्ग हुन् । बढ़ई (बड़ही) काष्ठकार

जाति भगवान् विश्वकर्माका सन्तान हुन् । किम्बदन्ती विश्वकर्मा पुराणअनुसार भगवान् विश्वकर्मा वैदिक देवताको रूपमा मान्य छन् । विष्णुपुराणको पहिलो अंशमा भगवान् विश्वकर्मालाई देवताको बर्धक देव बढ़ई भनिएको छ । सृष्टिको प्रारम्भमा सर्वप्रथम नारायण अथवा साक्षत् भगवान् विष्णु खुसी भई उनको नाभी कमलबाट चतुर्भुज ब्रह्माज्यू देखिन्थ्यो । ब्रह्माज्यूको पुत्र धर्म तथ धर्मको पुत्र वास्तुदेव थियो । वास्तुदेवको अङ्गीरसी नामको पत्नीबाट विश्वकर्माको उत्पन्न भएको हो । भगवान् विश्वकर्माको पाँच मुखबाट पाँच जना जटाधारी पुत्र उत्पन्न भएको हो । जसको नाम मनु, मय, तत्त्वष्टा, शिल्पी र वैवज्ञ थिए । यस जातिको उत्पत्ति प्रारम्भमा ५००० वर्ष पूर्वमा यी जातिहरू ब्राह्मण थिए । यी बढ़ई (बड़ही) काष्ठकार समुदायले नेपालमा विभिन्न थर उपथरहरूमध्ये सुतिहार, शर्मा, ठाकुर, मिस्त्री बड़ही, कमार थरहरू लेख्ने गर्दछन् भने भारतमा धीमान, जंगिड, जँगडा, सुथार, सुतार, मालविय, राणा, महाराणा, राम गढिया, गज्जर, त्रिपौदा, मिस्त्री, शर्मा, बढई थर उपथरबट चिनिने गर्दछन् ।

बड़ई (बड़ही) काष्ठकार समुदायमा विभिन्न किसिमका संस्कारहरूमा मैथिल ब्राह्मण अथवा पुरोहित बोलाएर गरिन्छ भने हाल कुनै कुनै संस्कारमा बढ़ई (बड़ही) काष्ठकार जातिले आफ्नै जातिलाई बोलाएर संस्कारिक कामहरू गर्ने गरिएको पाइन्छ । हिन्दू धर्मग्रन्थअनुसार गरिनुपर्ने १६ संस्कारमध्ये बढ़ई (बड़ही) काष्ठकार समुदायमा जन्म संस्कार छैटौँ दिनमा मनाउने छैठी भन्ने (छठिहार), बाह्रौँ दिनमा मनाउने बरही भन्ने (न्वारण), मुण्डन, मटकोर विवाह तथा अन्त्येष्ठी जस्ता मुख्य संस्कारहरू प्रचलनमा देखिन्छ ।

## अन्त्येष्टि संस्कार

बढही समाजमा मृत्यु संस्कारलाई जीवनको एउटा प्रमुख घटना मानिन्छ । मृतकको प्रेमरूपी आत्मालाई पितृलोकतिर पठाउने गरिने कार्य नै अन्त्येष्टि संस्कार हो । अन्त्येष्टि संस्कार अति नै जटिल हुन्छ । आफन्तको मृत्यु भएपछि आ-आफ्नो आफन्त नातेदारहरूमा जुठो वा अपवित्र हुन्छन् । शव दाह संस्कारको लागि मानिसहरू भेला हुन थालेपछि मृत्यु संस्कार सम्पन्न गर्न मृतक, मृत शरीरलाई आँगनमा उत्तर सिरान गरी उत्तानो पारेर नयाँ कपडा ओढाई सुताइन्छ । त्यसपछि श्मसानघाट लौजानको लागि चार जनाले बोक्न मिल्ने गरी बाँसको खाट बनाई शय्यालाई फूलले सजाइन्छ । श्मसान घाटमा शवलाई राखिन्छ र सवा हात जग्गा किनेर सोही ठाउँमा चिता (अछिया) तयार गरी शव जलाउन प्रयोग गरिने दाउराहरू चित्तामा (अछिया) चारैतिरबाट दाउरा राखी त्यसमाथि शवलाई राखिन्छ ।

शवलाई चितामाथि (अछिया) राखी अग्निलाई समर्पण गर्नुअघि शवलाई घिउ, कपुर, धुपी, सल्ला, तिल, जौ, गुगुल राखिन्छ। बढ़ई (बड़ही) काष्ठकार जातिमा परम्परा र धर्मअनुसार जेठो छोराले दागबत्ती दिने पौराणिक मान्यता रहेको छ। चित्ता जलिसकेपछि सानो शेष अस्तु लिइन्छ र आगोलाई क्रियापुत्र तथा मलामीले नाघेर त्यसलाई पखालिन्छ सोही ठाउँमा नपकाएको पहिलो दिनको पिण्ड दिने गर्दछन्। यदि सो दिन पिण्ड नदिएमा चौथो दिन तेराइत (तेरात) दिनदेखि पिण्ड दिने गर्दछन् । किरियापुत्रले नसिलाएको सेतो कपडा, कछाड तथा घाँटीमा लगाउने उत्तरी लगाएर किरियापुत्री बस्ने ठाउँलाई गोवरले लितपोत गरेर पवित्र बनाएको ठाउँम परालको ओछ्यानमाथि राढ़ी पाखी ओढ्ने कम्बल लिएर बस्ने गर्दछन् । किरियापुत्रले हिँड्डुल गर्दा काँचो बाँसको छ्वालीको लठ्ठी मात्र प्रयोग गर्न पाउँदछ। प्रत्येक दिन क्रिया पुत्रीले स्नान गरी घैँटोमा दुध र पानी नौ दिनसम्म कार्य सञ्चालन भएको हुन्छ। शव दाह गरेको दिन परिवारमा आगो न बाल्ने र नुन न खाने परम्परादेखि माआिएको प्रचलन रहेको छ । किरियापुत्रले सपिण्डन गरेपश्चात् मात्र नुन खाने गर्दछन् भने परिवारको अन्य सदस्यहरूले नुनको सट्टा सिन्धव नुनको प्रयोग गर्दछन् ।

मातृपक्ष, पितृपक्षको सपियडन कर्मपश्चात् ब्राह्मण पुरोहित, पण्डित र हजामलाई भोजन गराई मृतकको नामबाट नयाँ लत्ता कपडा, अन्नदान, गाईदान, सुन, चाँदीको साथसाथै रूपैयाँ पैसा दक्षिणा दिई बिदा दिन्छन् भने १४औँ दिनको दिनमा सम्पूर्ण परिवार तथा आफन्तहरु माछा मासु खाने गर्दछन् ।

यसरी नै हिन्दू धर्म ग्रन्थअनुसार अन्त्येष्टि संस्कार गर्दा बढाई (बडही) काष्ठकार जातिको प्रचलित चौथो दिनमा (तेराती) तेरायत, छौरझपी सातौँ दिनमा सतलहान दशौँ दिनमा नहकेश, एघारौँ दिनमा श्राद्ध, बाह्रौँ दिनमा पितृपक्ष, मातृपक्ष पिण्डदान तेह्रौँ दिनमा उन्नाइस मासिक कर्म वा सम्पिडन चौधौँ दिनमा माछा, मासु, अनिवार्य, पन्ध्रऔँ दिनमा भगवान्को पूजा गरेपछि जुठोबाट चोखिन्छ र वार्षिक पुण्य तिथिसम्म चाडपर्व तथा धार्मिक कार्य गरिँदैन। लिखित हिन्दू धर्मशास्त्रमा आधारित कर्मकाण्ड गर्ने गर्दछन् ।

**खत्रि (२०७७), (पृ. १४६)**

## ४.५.६ रजहन दोनवार जाति

### परिचय

पूर्वी तराईका सप्तरी र महोत्तरी जिल्ला क्षेत्रहरूको भूभागमाथि शासन गर्ने द्रोणवार वंशको अवशेषको रूपमा अहिलेसम्म त्यस वंशका मानिसहरू विद्यमान रहेका छन् । यिनीहरू स्वयम्लाई रजहन-दोनवार भन्दछन् एवम् यिनीहरूलाई समाजमा अहिलेसम्म पनि "राजाजी" भनेर सम्बोधन गरिएको पाइन्छ । वास्तवमा रजहनको सम्बन्ध ऐतिहासिक रूपमा राजपरिवार तथा शासक वंशसित रहेको पाइन्छ भने कछरियाको समानता थारु जातिसित रहेको पाइन्छ । दोनवार शब्दको मूल संस्कृत शब्द "द्रोणवार" हो । नेपालको सप्तरी क्षेत्रका राजा पूरादित्य सिंहलाई "द्रोणवार वंशीय" भनी लेखिएको पाइन्छ । द्रोणवारलाई ब्राह्मण वर्णको मानिएको पाइन्छ । (दास, हरिकान्तलाल, सप्तरीको राजनीतिक इतिहास तथा प्रमुख धार्मिक स्थलहरू (सांस्कृतिक स्थलहरू समेत), राजविराज, श्रीमती बिदा देवी, २०५६, पृ. २६) सप्तरीका राजा पूरादित्य सिंहलाई द्रोणवार वंशीय ब्राह्मण भनेर मिथिलाको इतिहासमा व्याख्या गरिएको देखिन्छ । (शर्मा, रामप्रकाश : पूर्ववत्, पृ. ३२२-३२३) नेपालमा निवास गर्ने रजहन दोनवार जाति हिन्दु धर्मावलम्बी एवम् मिथिलाको संसकृतिलाई अपनाएका जाति हुन् । यस जातिमा प्रचलित संस्कारहरू जातकर्म संस्कार, मुण्डन, उपनयन, विवाह र अन्तयेष्टि संस्कार छन् ।

### अन्त्येष्टि संस्कार

जीवनको सबभन्दा ठूलो सत्यको रूपमा रहेको मत्यु र त्यसपछि गरिने क्रियाकर्महरू अन्त्येष्टि संस्कारभित्र पर्दछन् । यसअन्तर्गत मृतकको उमेर तीन वर्षको भित्र रहेछ भने त्यसाई नजलाएर माटोमुनि पुरिदिने गरिन्छ । मृतकको उमेर तीनदेखि छः वर्षसम्म रहेछ भने त्यसलाई दाह-संस्कार (जलाइने) गरिन्छ तथा "तेराति" (त्रिरात्रि वा तीनदिन पछिको कर्म) सकेर शुद्धि भइहाल्ने हुन्छ । मृतक ६ वर्षभन्दा माथि जतिसुकै उमेरकी अविवाहित केटीमान्छे रहिछ भने त्यसको पनि तेराति मर्मपश्चात् शुद्धि भइहाल्ने हुन्छ । अर्कोतर्फ ६ वर्षभन्दा माथिको केटामान्छे मृतक भएमा आधा कर्म भनेर सातदिनमा कर्म गरेर शुद्धि शुने हुन्छ । दाह संस्कारको भोलिपल्ट कतिपय परिवारमा "दुधमुँह" नामक विधि गरिन्छ । मृत्युभएको तीन रात्रि कटिसकेर चौथोदिन "तेराति" (त्रिराति) कर्म गरिन्छ । यसदिन श्मशानस्थलमा पिण्डदान गरी अस्थिसञ्चय ( हरिसञ्चय) र चिता-बिसर्जन गर्ने गरिन्छ । यसदिन सञ्चय गरिएको अस्थिलाई गङ्गानदीमा

प्रवाह गर्ने गरिन्छ। यसैदिनदेखि महापात्र (कण्टाह ब्राह्मण) को आवश्यकता पर्ने गर्दछ। यसै दिनदेखि गरुडपुराण श्रवण गर्ने गरिन्छ, जसको पूर्णता क्षौरकर्म सम्पन्न गरिने दिनमा गरिन्छ। मृत्यु भएको सात दिनमा "सतधन" एवम् दश दिनमा "दशाही" गरिन्छ। यसरी नै बाह्रौंदिनमा "दशागात्र" हुन्छ। यसदिन नङ, कपाल काटिनेहुँदा यसलाई "नौहकेश वा क्षौरकर्म" पनि भनिन्छ। यसदिन पिण्डदान गरी श्राद्धकर्मको विधिवत् प्रारम्भ भई तेह्रौं र चौधौं दिनमा एकादशा र द्वादशा पिण्डदान र अन्य दानहरू गरी पवित्र भई अशौचको अन्त्य हुने हुन्छ।

**खत्रि (२०७७), (पृ. २१२)**

## ४.५.७ लोहार (लौहकार) जाति

### परिचय

यस जातिको बसोबास प्रायः गरेर पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म लगभग नेपालको ७७ जिल्लामा रहेको छ। विश्वकर्मा पुराणअनुसार भगवान् विश्वकर्मा वैदिक देवताको रूपमा चिनिनु र पुजिनुहुन्छ। लोहार जाति भगवान् विश्वकर्माका सन्तान हुन्। यस समाजमा सबै कुरा शास्त्र तथा वेदद्वारा निर्देशित नभएर समयको मागअनुसारको परिवर्तन तथा प्रथा परम्पराले पनि स्थान राखेको पाइन्छ। लोहार समुदायले हिन्दूधर्म मान्ने गर्दछन्, यी जातिहरूले आफ्नो धर्म तथा परम्पराअनुसार रहन सहन, खानपान, पूजा, पाठ, चाडपर्व तथा संस्कारहरूमा चेलीबेटी, आफन्त, इष्टमित्रलाई बोलाई खानपिन गरेपश्चात् रमाइलो गर्ने परम्परा रहेको छ। हिन्दू धर्मग्रन्थ र प्रचलनअनुसार सम्पन्न गरिनुपर्ने १६ संस्कारहरूमध्ये यस समुदायमा जन्म संस्कार छैटौं दिनमा मनाउने छैठी भन्ने (छठिहार) बारहौं दिनमा मनाउने बरही भन्ने (न्वारण) मुण्डन, मटकोर विवाह तथा अन्त्येष्ठी जस्ता मुख्य संस्कारहरू प्रचलनमा देखिन्छन्।

### अन्त्येष्टि संस्कार

मानिसको मृत्यु भएपश्चात् आफन्तहरू नआउन्जेल शवलाई मृत्यु भएकै ठाउँम केही बेरसम्म राखिन्छ र विभिन्न सञ्चार माध्यमबाट आफन्तलाई खबर गरी शव दाह संस्कारको लागि आमन्त्रण गर्दछ। शव दाह संस्कारको लागि मानिसहरू भेला हुन थालेपछि मृत्यु संस्कार सम्पन्न गर्न मृतकको मृत शरीरलाई आँगनमा उत्तर सिरान गरी उत्तानो पारेर नयाँ कपडा

ओढाई सुताइन्छ । यस जातिमा परम्परा र धर्म अनुसार जेठो छोराले दागबत्ती दिने पौराणिक मान्यता रहेको छ । जेठो छोराले नै दागबत्ती दिन्छ । चित्ता जलिसकेपछि सानो शेष अस्तु लिइन्छ र आगोलाई क्रियापुत्री तथा मलामीले नाघेर त्यसलाई पखालिन्छ । यस जातिमा किरियापुत्री बस्दा निकै दुःख कष्टको सामना गरी आफ्ना पितृ उधारको लागि गर्नुपर्ने चलन छ । यस जातिमा मृतकको काजक्रिया गर्दा जुठो परेको चौथो (४) दिनमा श्मशान घाटमा गई चिता जलाएको ठाउँलाई चारैतिरबाट माटो सोरबटोर गरेर ढिकुरो बनाइन्छ, जसलाई छौरझपी भनिन्छ । मातृपक्ष, पितृपक्षको सपिण्डन कर्मपश्चात् ब्राह्मण पुरोहित, पण्डित र हजामलाई भोजन गराई मृतकको नामबाट नयाँ लत्ताकपडा अन्नदान, गाईदान, सुन, चाँदीको साथसाथै रूपैयाँ पैसा दक्षिणा दिई बिदाइ माछा मासु (मांसाहारी परिवारले मात्र) खाने गर्दछन् । १५ औं दिनको दिनमा घर आँगन लितपोत गरी चोख्याएर जुठो फुकाइन्छ । यसरी नै हिन्दु धर्म ग्रन्थअनुसार अन्त्येष्टि संस्कार गर्दा यस जातिको प्रचलित चौथो दिनमा (तेराती) तेराइत, छौरझपी सातौ दिनमा सतधन, दशौँदिनमा नहकेश (नौकेश), एघारौँ दिनमा श्राद्ध, बाह्रै दिनमा पितृपक्ष, मातृपक्ष पिण्डदान तेस्रौ दिनमा १४ मासिक कर्म वा सम्पिण्डन चौधौँ दिनमा जुठोबाट चोखिन्छ र वार्षिक पुण्य तिथिसम्म चाडपर्व तथा धार्मिक कार्य गरिँदैन । लिखित हिन्दु धर्मशास्त्रमा आधारित कर्मकाण्ड गर्ने गर्दछन् ।

**खत्रि (२०७७), (पृ. २६४)**

### ४.५.८ सोनाहा जाति

### परिचय

नेपालको माझी जातिअन्तर्गत एउटा उपभेद सुन्धुवा रहेको छ । सुन्धुवाबाट कालान्तरमा अपभ्रंश भै सोनाहा भएको अनुमान गर्ने गरिन्छ । सोनाहा जातिमा डलैहिया, दहित, झगरिया, अहिरा, बेरौवा, बन्चौऱ्या, गोलाहा, मुकुनाहा, सर्खोरिया, लदमरिया आदि एक दजर्नजति थर रहेको पाइन्छ । सोनाहा जातिका मानिसहरूले कठ्रिया थारु भाष र हिन्दी भाषाको मिश्रित भाषा बोल्ने गर्दछन् । पानीलाई नै आफ्नो पेसा ठान्ने सोनाहा जातिको मूल पहिचान नै बालुवा चालेर सुनका कणहरू सङ्कलन गर्नु, माछा मार्नु, डुङ्गा चलाउने, काठ बगाउने, जाल बुन्ने पेसा हो । सोनाहा जातिका पनि आफ्नै किमिसका संस्कारहरू रहेका छन् । जन्मदेखि मृत्युसम्म मानिसको जीवनहरूमा विभिन्न अवस्थालाई विशेष महत्त्वका साथ

त्यसलाई अवसरको रूपमा मनाउँछन् । जन्म, विवाह, मृत्यु जस्ता संस्कारलाई उनीहरू आफ्नै परम्परागत रूपमा मान्दै आइरेका छन् । जुन अरु जातिको भन्दा एकदमै फरक पाइन्छ ।

## अन्त्येष्टि संस्कार

सोनाहा जातिहरूमा पनि मृत्यु संस्कार सम्पन्न गर्ने आफ्नै विशेष किसिमिको प्रक्रिया रहेको छ । सोनाहाहरूको परिवारमा कुनै सदस्यको मृत्यु भएका सबै गोतियार तथा आफन्तहरूलाई खबर गरिन्छ । खबर पाएपछि सबैजना मृत्यु भएको घरमा जम्मा हुन्छन् । रातभर लासलाई घरभित्रै राखेर सबैले कुर्दछन् । बिहान सबैजना आफन्त तथा गोतियारहरू जम्मा भइसकेपछि डोरीले बनाइएको खटियाबाहिर आँगनमा निकाल्छन् । पुरुषहरूले लासलाई बोक्छन् र नदीमा जान्छन् । दाहसंस्कारलाई सोनाहाहरू माटी दिने भन्दछन् । नदी किनारमा पुगेपछि पुरुषहरूले खाल्डो खन्न थाल्छन् । कम्मरसम्म आउने गरी खाल्डो खनिन्छ । लासलाई समाताई दिएको पैसा निकालिन्छ । चामल हालिसकेपछि लासलाई शिर उत्तरतिर पर्ने गरी खाल्डोमा सुताइन्छ । घाटमा गएका सबै आफन्तहरूले थोरै थोरै माटो लासमाथि हाल्छन् । माटो हाल्ने कामलाई सोनाहाहरू मट्टी दिने भन्छन् । सबैले मट्टी दिइसकेपछि अरु धेरै माटो हालेर खाल्डो पुर्छन् । तेह्रौं दिनलाई सोनाहाहरू किरिया भन्छन् । मकुनहा र झवरिया गोत्रमा गुरुवाले देवता भगाउने क्रियाकलाप गर्दछन् । देवता भगाउँदा माटोलाई आकार दिएर त्यसैका देवता बनाइएको हुन्छ । ठुलो मानिसहरूको मृत्यु संस्कारमाथिको विधिअनुसार सम्पन्न गर्दछन् । तर दुध खाने बच्चाको मृत्यु भएमा आमाको दुधलाई एउटा टपरीमा राख्दछन् । त्यसपछि त्यो टपरीको दुध केही पर लगेर जमिनमा चढाउँछन् । त्यहींनिर खाल्डो खनेर कफनले बेरेको लासलाई गाडिन्छ । ठुलो मानिसको जस्तो बालकको किरिया गरिँदैन ।

**खत्रि (२०७७), (पृ. २८१)**

## ४.५.९ हजाम जाति

### परिचय

नेपालका विभिन्न जातजातिमध्ये हजाम जाति मुख्यतया तराईका बासिन्दा हुन् । मैथिलीलाई आफ्नो मातृभाषा मान्ने हजामहरूको मूल थलो पनि मध्य तराई नै मानिन्छ । अन्य पेसाका साथमा कपाल काट्ने तथा दाह्री खौरने परम्परागत पेसा भएका हजामहरूलाई ठाकुर पनि भनिन्छ । स्तरीय शब्दकोशहरूमा हजामको अर्थ कपाल खौरने पेसा भएको जाति,

नाई र नापित भनिएको पाइन्छ । यिनीहरूलाई हजाम, ठाकुर, नाई र शर्मा पनि भन्ने गरिन्छ । नाभिक पुराणका अनुसार नाई या हजाम या ठाकुरको उत्पत्ति नाभिकदेवबाट भएको हो । नाईको काम केश र दाह्री मुण्डन गर्न( मात्र नभएर जन्मदेखि मृत्युसम्मका अनेक प्रकारका संस्कारमा मानिसलाई शुद्ध गराउने पनि रहेको हुन्छ ।

## अन्त्येष्टि संस्कार

हजाम समुदायमा अन्य मैथिलहरूको सरह नै बूढोपनलाई अनुभवजन्य, आफ्ना परम्परा जान्ने, इज्जत र श्रद्धाको विषयवस्तु मानिन्छ । नेपालका हजाम समुदायमा मृत्यु हुन लागेको मानिसलाई मुखमा पानी राखिदिने चलन छ । शवलाई नुहाएर सेतो कपडाले बाँधी काँचो बाँसको खाट (अर्थी) मा राख्ने तथा श्मशानतिर लाने चलन हजाम समुदायमा रहेको पाइन्छ । यिनीहरूको शवयात्रामा कुनै पनि प्रकारको बाजा जाउने तथा गीत गाउने र अन्य प्रकारका शब्दहरू उच्चारण गर्ने चलन छैन । नेपालका हजाम समुदायमा मृतकको लासलाई खोला या नदी किनारामा डढाउने चलन छ । अग्निदाह यस समुदायमा पनि जेठो छोराले गर्ने गर्दछ । हजाम समुदायमा कुनै व्यक्तिको मृत्युमा घरतिरका दाजुभाइलाई १३ दिन तथा विवाहित छोरी, ज्वाइँ र ससुरालीलाई ३ दिन जुठो लाग्ने विश्वास छ । नेपालका हजामहरू हिन्दु परम्पराअनुसार मृतकको संस्कार सम्पन्न गराउने गर्दछन् । पिण्डदान १३ दिनसम्म हुन्छ । १३ औँ दिनमा ब्राह्मणलाई मृतकका नाममा दानदक्षिणा गरिन्छ । हजाम समुदायमा मृतकको नाममा तेह्रौं दिन विभिन्न प्रकारका दानदक्षिणाहरू गरिन्छ । त्यस दिन आफन्त र मलामीलाई निम्ता दिएर दाल, भात र तरकारीलगायतका खानेकुरा खुवाउने चलन छ । कर्ताले चाहिँ १३ दिनसम्म नुन, तेल र माछामासु खाँदैनन् । विधवा आफ्नो पतिको मृत्युमा १३ दिन आशौचा बार्ने र सेतो लुगा लगाउने गरेपछि पुग्दछ, त्यसपछि उसका नाममा यिनले कुनै पनि प्रकारका संस्कारहरू गर्न आवश्यक ठानिँदैन ।

**खत्रि** (२०७७), (पृ. २९९)

# अध्याय पाँच
# सारांश र निष्कर्ष

## ५.१ सारांश

वेदमुलक सनातन धर्म अनादि र शाश्वत धर्म हो । वैदिक सनातन धर्मका ४८,२५,१६ आदि संस्कारहरूमध्ये अन्त्येष्टि संस्कार जीवनको अन्तिम संस्कार हो । जीवनको प्रारम्भ हुने संस्कार गर्भाधान हो भने अन्त्येष्टि अन्तिम संस्कार हो । धर्म, अर्थ, कार र मोक्ष चार पुरुषार्थ छन् । सनातन धर्म वेदमा आधारित छ । वेद धर्मको हो र धर्मको ज्ञान शास्त्रबाट गरिन्छ । शास्त्र भन्नाले ग्रन्थमा निहित ज्ञान भन्ने बुझिन्छ । वेद हिन्दूहरूको मूल ग्रन्थ हो र श्रुतिपरम्पराबाट विकास भएको हुँदा वेदलाई श्रुति भनिन्छ । हरेक वेदका मन्त्र, ब्राह्मण, आरण्यक र उपनिषद गरी चार भाग छन् । गृह्यसूत्र एवं धर्मसूत्रहरू पनि वैदिक साहित्यभित्र पर्दछन् । वैदिक साहित्य पछि मनुस्मृति, याज्ञवल्क्यस्मृति आदि स्मृतिहरूको विकास भएको हो । स्मृतिलाई धर्मशास्त्र भनिन्छ । धर्मशास्त्रले जननाशौच र मरणाशौच गरी २ प्रकारका आशौचको व्याख्या गरेको छ । जसमध्ये जनसंख्या बढाउनेलाई वृद्धि आशौच वा जननाशौच र जनसंख्या घटाउने आशौचलाई मरणाशौच वा शावा शौच भनेर अलग्गै निरूपण गरेका छन् । जसअनुसार आशौच भनेको अशुचितको अवस्था हो, अशुचित भनेको मन, वचघन र कर्मको साथै शरीरगत अशुद्धि समेत हो ।

जीवनको अन्त्य मृत्यु हो । त्यसैले मृत्यु कालमा र मृत्युपछि गरिने संस्कार सम्बन्धी कर्मलाई अन्त्यकर्म वा अन्त्येष्टि संस्कार भनिन्छ । मातापिताको आशौच दश दिनको हुन्छ भन्ने शास्त्रीय प्रमाण सबै श्रुतिस्मृति निबन्ध ग्रन्थमा रहेको हुँदा सनातन नेपाली संस्कारमा चल्दै आएको अन्त्यकर्मपद्धतिका सन्दर्भमा “संस्कार सुधार समाज” नामक संस्थाले जन्माएको प्रस्तावित पाँच दिने अन्त्यपद्धति नेपाली सनातन समाजले काहि पनि प्रयोगमा नआएको यस शोधलेखन क्रममा खोज अनुसन्धान गर्दा पाइएको छ ।

मैले यस पशुपतिनाथ क्षेत्रमा अवस्थित राजराजेश्वरी क्रियापुत्री स्थलमा गरेको अन्त्येष्टि प्रक्रियाको अध्ययन, खोज र अनुसन्धान गर्दा पाएको अपनाईएको अन्त्यपद्धतिको तथ्यसत्य त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागमा बुझाएको छु । तिर्थस्थल विशेष राजधानीको मुटुमा रहेको यस पशुपतिनाथ परिसरमा रहेको

राजराजेश्वरी क्रियापुत्री स्थलमा सधैँ विभिन्न जाति, आदिवासी र हिन्दु धर्म मान्ने अन्त्येष्टिकर्मको निम्ति भरिभराउ रहेको र धर्मशास्त्र अन्तर्गत अन्त्यकर्म विधिनै अपनाएर अन्त्येष्टि संस्कार १३ दिनसम्मनै गर्ने गरेको पाइएको छ ।

मूलतः अनुसन्धान विधिका हिसाबले खोजमूलक वर्णनात्मक यस अध्ययनलाई विशिष्ट सन्दर्भसामग्रीको समीक्षा गर्ने तरिकाद्वारा शास्त्रगत प्रमाणका आधारमा विचारोत्तेजक निष्कर्षमा ल्याउनु वा लानु रहेको छ । जसअनुसार तोकिएको मृत्युसंस्कार र अन्त्येष्टि क्रियाकर्म यथावत् १३ दिनसम्म वा निर्दिष्ट ३ वा ५ वा ७ दिने अवधिमा गर्ने बारे सेवाग्राहीलाई सहज गराउने निर्देशनात्मक निष्कर्ष सम्प्रेषित गर्ने गराउने गरी व्यवस्थित गरिएको थियो, छ । यसको प्रतिवेदन-प्रस्तृतिलाई उपलब्ध विवरणको संकलन, उपयुक्तताका आधारमा वर्गीकरण, तथ्याङ्क वा सूचना विवरण विश्लेषण समीक्षा गरिएको छ । सो अनुसार वा निष्कर्ष निचोडलाई सरोकारवाला समक्ष प्रतिवेदनमा उद्घाटित निचोड, राय सुझावहरू प्रस्तुत गरिएका थिए, छन् ।

वेद धर्मशास्त्रले व्यवस्था नगरेको कारण १३ दिनसम्म गर्ने काजक्रियाको कृत्य अपरिवर्तनी रहेको कुरा यस राजराजेश्वरी क्रियापुत्री स्थलमा भेटिएका पुरोहितहरूले भनेका छन् । पूरोहित समाजका धर्मदुत हुन् र यजमानहरूले पुरोहित माथि विश्वास गरेको हुन्छ । यस शोधपत्रको उद्देश्य पूरा गर्नका हेतु अवलोकन र अन्तर्वार्ता तथा विभिन्न बुकलेट, पत्रपत्रिका गरी प्राथमिक स्रोत र द्वितीय स्रोतको अवलम्बन गरेको छु । यस विषयमा वेद, मीमांसा, धर्मशास्त्र, इतिहासपुराण आदिको आधिकारिक र शास्त्रीय प्रमाणहरूको खोज अध्ययन गरी, पुरोहितसँग विचारविमर्श गरी सरोकारवालासँग अन्तर्वार्ता गरी यो शोधपत्र तयार पारिएको छ ।

प्रस्तुत अध्ययन प्रतिवेदनमा सबै विवरणहरूको निर्माण भाषागत रूपले नेपालीमानै समायोजन गरिएको छ । विशिष्ट विषयगत वर्णनमा भाषागत शब्द चयनले परे पारेका गल्ती कमजोरीहरूलाई यस प्रतिवेदन प्रस्तुतिको कमजोरीको रूपमा स्वीकारी दिनुहुन आदरणीय सरोकार पक्ष, निकायमा अग्रिमरूपले आग्रह गरिएको छ ।

## ५.२ निष्कर्ष

हिन्दू सनातनी अन्त्येष्टि संस्कार शीर्षकमा रहेको यस शोधपत्रको निष्कर्ष वैदिक धर्मानुयायीहरूले शास्त्रीय मान्यताअनुसार १३ दिन लगाएर गर्नुपर्ने यो क्रियालाई छोट्याएर ३ वा ५ वा ७ दिनमा सक्नुपर्छ भन्ने प्रयासको प्रयोग र प्रभावकारिता अध्ययन गर्नु रहेको छ। सिद्धन्तमा सनातनिय हिन्दू आशौच क्रियाको अवधि घटाएर ३, ५ र ७ दिन कायम गर्ने प्रयास विभिन्न क्षेत्रबाट भएको पाइएको छ । तर व्यवहारमा भने यो प्रयास लागुभएको देखिदैन । यसको बदलामा मृत्युको ५ दिन या ७ दिनसम्म कुनै कृत्य नगरि शुद्धसंग बस्ने र त्यस पछि भने श्राद्धारिका साथमा दान दक्षीना र ब्राहमन भोजन गराई चोखिने परिपाटि रहेको पाइन्छ। हिन्दू सनातनी केहि जातजातीमा अआफ्नो परम्परा अनुसार १३ दिन या कम समयमानै आशौच फुकाउने तथा शुद्धाई कर्म भने अआफ्ना परम्परा अनुसार विभिन्न अवधिमा गर्ने परम्परा रहेको पाईन्छ। यसरी पशुपती क्षेत्रको राजराजेश्वरी स्थित क्रियापुत्री भवनमा बसेर मृतकको काजकीया गर्ने कसैले पनि आशौच कीयाको अवधि गराउने कार्यलाई अवलम्बन गरेको पाइदैन। तसर्थ आशौच कयिाको समय अवधि घटाउने कार्य पूर्णरपमा असफल भएको पाईएको छ।

नेपाली समाज सनातन वैदिक मर्यादाको पालन गर्ने धर्मानुप्राणित संस्कृतिको सूत्रमा आवद्ध समाज हो। हाम्रो आफ्नै संस्कृति, परम्परा, संस्कार र रीतिरिवाज छन्, जसको साक्षात् सम्बन्ध वैदिक र तदनुकूल शास्त्रीय परम्परा आधारित छ । निखिल भूमण्डलमा ज्ञान-विज्ञानसम्बन्धी जे जति विषयवस्तु प्रसिद्ध छन् ती सबै वेद मूलक नै छन् । समस्त ज्ञानविज्ञानहरूका उपजीव्य ग्रन्थ वेद नै हुन्। अतः वेदोक्त सनातन धार्मिक मर्यादालाई कसैले पनि छाड्नु हुँदैन भन्ने सनातनी विस्वास पाइन्छ । संस्कारहरू दीर्घायु प्राप्तिका साथै सम्मानित, समादृत, प्रतिष्ठित, स्वस्थ, समुज्वल एवं मङ्गलमय सामाजिक जीवनका निम्ति गरिन्छन्। मरणपछिको संस्कार क्रिया वैदिक शास्त्रीय मान्यताअनुसार १३ दिन लगाएर गर्ने गराउने गरेको तथ्य राजराजेश्वरी क्रियापुत्री स्थलमा भेटिएका सम्पूर्ण पुरोहितहरूको भनाई रहेको छ। तसर्थ अन्त्येष्टि संस्कार ३ वा ५ दिनमा सक्नुपर्छ भनी गरिएको प्रयास असफल भएको देखिन्छ । सनातन वैदिक मर्यादाको परिपालन गरी संस्कार परम्परालाई सुरक्षित र अनुशासित बनाउनु पर्दछ भन्ने मान्यता उत्तरदाताहरुको रहेको छ।

परापूर्वदेखि चलिआएको १३ दिने सनातन काजक्रियालाई ३ वा ५ दिनमा सक्नुपर्छ भन्ने कुरा सामान्यरुपमा शास्त्रहरुमा पनि उल्लेखित छ । कर्ताले चाहेमा पछाडि र अगाडि दुवै समयमा क्रिया छोट्याउन सकिने व्यवस्था पनि शास्त्रप्रतिपादित छ । जस्तैः विदेशको मरण, भूकम्प, आगलागी, बाढी, पहिरो आदि विपत्तिका कारण यथासमयमा लाश जलाउन पाइएन, तर मृत्यु भएको १० दिनभित्र जलाउन पाइयो भने जुन दिन जलाइन्छ, त्यसै दिनबाट क्रिया सुरु गरेर मृत्यु भएको १३ दिनको दिन काजकृया समाप्त गर्न सकिन्छ। यस्तो अवस्थामा नवौं दिनबाट सुरु गर्न पाइयो भने १३ दिनमा ५ दिन भइहाल्छ । यस्तो क्रियालाई लोकमा रही क्रिया भनिन्छ । यो असाधारण स्थितिमा पछाडि छोट्याउन सकिने शास्त्रीय व्यवस्था हो । आपत विपत नपरेको सामान्य अवस्थामा कर्म चलेका द्विजातिका स्त्री पुरुष सबैको मृत्यु भएकै दिन लाश जलाउनु पर्दछ र त्यसै दिनदेखि १३ दिनसम्म सरासर क्रिया गर्नु अनिवार्य हुन्छ भन्ने शास्त्रीय विधान छ । तर बाबुआमाको बाहेक (आफ्नो कर्तव्यभित्र नपर्ने) अन्य जनको क्रिया गर्नु पर्दा पछाडि छोट्याएर रही क्रिया गर्ने चलन पनि लोकमा चलेकै छ । आपत्कालमा त आपत्कालीन नियमअनुसार बाबु आमाको पनि क्रिया गर्न सकिन्छ, तापनि सपिण्डीकरण भने १२ दिनमा नै गर्नुपर्ने विधान छ ।

क्रियाका दिन अगाडि घटाउन सकिने शास्त्रीय व्यवस्था पनि रहेको छ । जस्तैः तागाधारीका दुई वर्ष माथिका केटा एवं केटी जतिसुकै वर्षका भएपनि कर्म नचलेका (असंस्कृत) छन् भने अर्थात् केटाको व्रतबन्ध र केटीको व्रतबन्ध स्थानीय विवाह भएको छैन भने तिनीहरूको मृत्यु भएमा ५ दिनमा क्रिया सक्ने व्यवस्था शास्त्रकारले दिएका छन् ।

त्यही व्यवस्थाअनुसार लोकमा पाँच दिनमा क्रिया सक्ने चलन चलेको छ । पाँच दिनमा क्रिया समाप्त गर्दा पहिलो दिन ३, दोस्रो दिन ४ र तेस्रो दिन ३ गरी अलौंकिक प्रेतदेह निर्माणको निम्ति १० पिण्ड दिनु पर्ने कुरा धर्मशास्त्रमा वर्णित छ । ती पिण्ड स्थण्डिल, कुश र वैदक मन्त्रोच्चारण विना केबल शुद्ध भूमिमा तीतेपाती आदि ग्राह्य पुष्प, पत्रादि माथि दिनुपर्ने बताइन्छ । “अनादि निधनो देवः ..” जस्ता पौराणिक मन्त्र भने उच्चारण गर्नुपर्ने मानिन्छ । क्रियाकर्ता बाबु नै हुने हुँदा उसले शिरमा भुप्पो (सतो कपडा) राख्नु पर्दैन, सेतो साधा कछाड लगाएर क्रिया गर्नुपर्ने हुन्छ भनिएको छ । बाबु नभए, अधिकार प्राप्त अन्य कुनै व्यक्तिबाट पनि क्रिया चलाउनु पर्छ भनिन्छ । प्रेत तृप्तिका निम्ति दिनुपर्ने ५५ अञ्जली दान (उदकदान) र त्यति नै संख्यामा तिलतोयपात्र दान पहिलो दिन ६, दोस्रो दिन २२ र तेस्रो दिन

२७ गरी ३ दिनमा नै दिइसक्नुपर्छ "**त्रिरात्रं शावमाशौचम्**" भनेर **पारस्करगृह्यसूत्री** ३।१०।२९ ले २ वर्ष माथिका जतिसुकै वर्षका भए पनि केटा वा केटी यदि असंस्कृत छन् भने तिनीहरूको आशौच तीन रात मात्र लाग्दछ भनेर प्रष्ट पारेको हो । तिनीहरूको दशगात्र क्रिया अर्थात् दशपिण्ड दान क्रिया, उदकदान र तिलतोयपात्रदान पनि ३ दिनमा नै सक्नुपर्ने भएकोले कर्म चलेका जस्तैः मरणासन्न अवस्थामा गर्नुपर्ने दशदानादि र मरणपछि गर्नुपर्ने दाहसंस्कार चितापिण्ड दानादि सबै क्रिया गर्नुपर्छ भनिन्छ । यसरी ३ दिनसम्म गरिएको मलिन षोडशी क्रियाबाट निर्मित अलौकिक प्रेतदेहमा मृत व्यक्तिको दुःख पाएर दिग्भ्रान्त एवं चिन्तित भई तड्पिइरहेको भड्किरहेको घुमिरहेको आत्माले प्रवेश गर्दछ र उसमा बस्ने, खाने, पिउने, लगाउने आदि सबै भोगको इच्छा जागृत हुन्छ भनिएको छ । सो इच्छा परिपूर्तिका निम्ति चारौं दिनमा ऊ जीवित छँदा उसको जीवन निर्वाहका निम्ति चारौं दिनमा ऊ जीवित छँदा उसको जीवन निर्वाहका निम्ति बस्ने, खाने, पिउने, लगाउने, ओढ्ने, ओच्छ्याउने आदि के कस्ता वस्तुको आवश्यकता पर्दथ्यो ती सबै वस्तु आफ्नो गच्छे अनुसर दान गरिदिनु अनिवार्य हुन्छ भन्ने मान्यता छ । दान दिएका सबै पदार्थ मृतकको आत्माले प्रसन्नताका साथ उपभोग गर्न पाउँदछ र सन्तुष्ट पनि हुन्छ भनिन्छ ।

सनातनी परम्परा अनुसार कर्म नचलेको हुँदा सपिण्डीकरण क्रिया (पितृपंक्तिमा मिलाउने काम) चाहिँ गर्न शास्त्रअनुसार मिल्दैन । सपिण्डीस्थानीय एकोदिष्टश्राद्ध गरिदिनु भन्ने मान्यता छ । सपिण्डीकरण क्रिया गर्न नमिलेपछि मृतकको आत्मा पितृपंक्तिमा मिल्न पाउँदैन । अक्षय सुखशान्ति र अपार आन्दप्रद पितृहरूको पंक्तिमा मिल्न नपाएपछि उसले अत्यन्त कष्टदायक चक्रमा सततः घुमि ने रहनुपर्ने मानिन्छ । त्यसैले द्विजातिका छोराको व्रतबन्ध र छोरीको व्रतबन्ध स्थानीय विवाह यथासमयमा गरिदिनु अनिवार्य हुन्छ भनी शास्त्रप्रवर्तक ऋषिमुनिहरूले स्पष्ट उद्घोष गरेका छन् र विकल्परहित अपरिवर्तनीय दृढ धारणा राखेका छन् ।

## ५.३ सुझाव

सनातनी हिन्दू परम्परामा प्रचलित अन्त्येष्टि संस्कार वेद, मीमांसा, धर्मशास्त्र, इतिहापुराण आदिको आधिकारिक र शास्त्रीय प्रमाणहरूको आधारमा चलिआएको छ । वैदिक धर्मशास्त्र परम्पराका अनुयायीहरूले अन्त्येष्टि संस्कार घटाउन गरेको प्रयास असफल भएको छ । तसर्थ यस्टो प्रयासलाई निम्नासार नयाँ ढंगले प्रयास गर्दा प्रभावकारी हुने देखिनछ ।

(क) वैदिक धर्मशास्त्रको अन्त्येष्टि संस्कारसम्बन्धी विधान विधायक मूल आधार मनुस्मृति, पारस्करगृहयसूत्र, याज्ञवल्क्यस्मृति आदि ग्रन्थहरूमा आशौचअवधि र काजक्रिया गर्ने अवधि किटानसाथ तोकिएकाले तिनैको आधार लिएर विकल्प खोजी गर्ने ।

(ख) धर्मशास्त्रमा भएका व्यवस्थाको शुक्ष्मतम अध्ययन गरि समय सापेक्ष विश्लेषण गर्ने र समाजमा प्रचार गर्ने ।

(ग) पुरोहितहरुको तालिम गर्ने ।

(घ) श्राद्धविधि लगायतका पुस्तक नेपाली भाषामा प्रकाशन गरी सर्वशुलभ बनाउने ।

(ङ) आशौच बारेका मानिसले सुन्नु पर्ने गरुड पुराणको १६ औं अध्याय मात्र सुन्ने सुनाउने परम्परा बसाउने ।यसको पछि थप भएका अनाअवश्यक खण्डलाई सुन्ने र सुनाउने कार्य नगर्ने ।

सनातन संस्कार पूर्णतः शास्त्रसम्मत छन् भने समय सापेक्ष बनाउने व्यवस्था पनि शास्त्रमै देख्न सकिन्छ । उमेर, अवस्था र देशकाल परिस्थिति अनुसार संस्कार सम्पादन गर्न सकिने अनुमति शास्त्रले नै दिएको छ । तसर्थ हिन्दू सनातनी शास्त्रको समय सापेक्ष व्याख्या विश्लेषण गरिनु पर्दछ ।


हिन्दू संस्कारहरू पनि वैदिककालदेखि अहिलेसम्मको इतिहास हेरेमा समयानुसार बदलिएका देखिन्छन् । वर्तमान युगमा भने यो गति तीव्र भएको देखिन्छ । पश्चिम सभ्यताको प्रभाव, संस्कारहरूमै निहित अपरिवर्तनशीलता र अव्यावहारिक तथा जीपनप्रतिको धारणामा आउन लागेको परिवर्तन आदि कारणहरूले हाम्रा संस्कारहरूको स्थिति पहिलेजस्तो छैन । हिन्दू समाजमा संस्कारहरूको मान्यता त्यति कम हुँदै गएको छैन, तापनि विधिहरुमा धेरै हेरफेर र काटछाट भएको देखिन्छ । त्यसैले हाम्रा धेरै संस्कारहरूमध्ये कतिपय घट्दैजाने र बाँकी संस्कारहरूको विधिमा लघुता आउने कुरालाई उपेक्षा गर्न सकिँदैन । अहिले आएर वेदमूलक सनातन हिन्दू धर्मको रक्षा गर्न र नयाँ पुस्तामा यसको आवश्यकता/महत्त्वको उच्चस्तरीय ज्ञान दिने कार्यमा केहि मानिसहरु लागि परेका छन् । "धर्मो रक्षति रक्षित" अर्थात धर्मलाई रक्षा गर, धर्मले रक्षा गर्दछ भन्ने भावनाको पनि विकास हुदै गएकोछ । धर्म आस्था हो, विश्वास हो, प्रकृति हो, भावना हो, संस्कृति हो, इतिहास र परम्परा हो, जसको रक्षा गरे मात्र हामी सुरक्षित हुनेछौ र जब धर्म रक्षा हुन्छ तब मात्र देश सुरक्षित हुन्छ अनि सनातनीय

संस्कारको रक्षा हुन्छ भन्ने यस शोधपत्र लेखन अनुसारको सुझाव रहेको छ भन्ने मान्यता राख्न थालिएको छ । तसर्थ हाम्रा परम्परा र पद्धितहरुको समयसापेक्ष व्याख्या विश्लेषण गरिनु पर्दछ । यिनमा भएका अनावश्यक, झन्झतिला र विभेदकारी व्याख्यालाई बिर्सिदै राम्रो पक्षको समयसापेक्ष अवलम्बनबाट समाजको उन्नयन सम्भव छ । तसर्थ मृत्यु संस्कारको अवधि घटाउने जस्ता प्रयास गर्नु भन्दा अगाडि शास्त्रीय आधारलाई बलियोसंग खोजी गर्न आवश्यक छ ।

# परिशिष्टहरु

## परिशिष्ट क

## सान्दर्भिक तस्वीरहरु




चित्र नं. १ क्रियापुत्री नामावली



चित्र नं. २ शिलालेख (राजराजेश्वरी क्रियापुत्री भवन)



चित्र नं. ३ राजराजेश्वरी क्रियापुत्री भवन



चित्र नं. ४ जितजङ्गप्रकाशेश्वर देवल

# परिशिष्ट ख

अन्तर्वार्तामा शोधिएका प्रश्नहरु

१. क्रियापुत्रीलाई लिएको अन्तर्वाता सूची

(क) नामः उमेरः

(ख) ठेगानाः परिवार संख्याः

(ग) स्वर्गारोहण हुनुभएको तपाईको को पर्नुहुन्छ ?

(घ) आशौचमा हुनु भएको आज कति दिन भयो ?

(ङ) तपाई अन्त्येष्टि क्रियाविधि कति दिनको गर्नुहुन्छ ?

(च) प्रचलनमा आइरहेको १३ दिने अन्त्येष्टि संस्कार पद्धति आजको समय र समाज अनुकूल छ वा छैन ?

(छ) हाल पाँचदिने अन्त्येष्टि पद्धति पनि चलाइएको छ यस बारे तपाईको धारणाा के छ ?

(ज) के आशौच बार्दा एकजना दाजु मात्र कोरामा बस्दा हुदैन ?

(झ) सनातन हिन्दू परम्परा र अन्त्येष्टि संस्कार पद्धतिको महत्त्वबारे केहि भनिदिनु होला ?

## पुरोहितलाई लिएको अन्तर्वाताका प्रश्नहरु

(क) नामः उमेरः

(ख) ठेगानाः योग्यताः

(ख) पेशा सुरु गर्नु भएको समय ?

(ग) तपाईका यजमान कति छन् ?

(घ) तपाई कुनकुन कुरामा पुरोहित्याई गर्नु हुन्छ ?

(ङ) हिन्दू सनातनमा १३ दिने काजक्रियाको चलन कुनकुन समुदायमा प्रचलित छ ?

(च) हिन्दू सनातनी जातजातीमा आशौच खोलिन्छ ?

(छ) आशौचको अवधि घटाउने बारे तपाईको राय के छ ?

(ज) आशौचको अवधि घटाउन कुरा कहिले देखि सुरु भएको हो ?

(झ) आशौचको अवधि घटाउने कुरा सान्दर्भिक छ कि छैन ?

(ञ) आशौचको अवधि घटाउने कुरा के कति प्रयोगमा आएको छ ?

(ट) हिन्दू सनातनी क्षेत्र ब्राहमण र अन्य जातजातिको आशौच प्रक्रियामा के के भिननता छ ?

## परिशिष्ट ग

### अन्तवार्तामा संलग्न व्यक्तिहरुको विवरण

| क. स | नम थर | उमेर | पेशा | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजन कार्की | ३२ | व्यवसाय | ललितपुर | क्रियापुत्री |
| २ | राम हरिजन | ४५ | कृषक | बारा | क्रियापुत्री |
| ३ | पण्दुराम गौतम | १८ | विद्यार्थी | काभ्रे | क्रियापुत्री |
| ४ | सिता अधिकारी | ६० | शिक्षक | काठमाण्डौं | कृ. आफन्त |
| ५ | राजाराम उपाध्याय | ४२ | पुरोहित्याई | काठमाण्डौ | पुरोहित |
| ६ | कृष्ण श्रेष्ठ | ४९ | व्यवसाय | भक्तपुर | क्रियापुत्री |
| ७ | मनु चौधरी | २९ | सिकर्मी | दाङ | कृ. आफन्त |
| ८ | दिपेन्द्र शाही | २५ | डाक्टर | काठमाण्डौं | क्रियापुत्री |
| ९ | जगत घिमिरे | २४ | शिक्षक | सिन्धुली | कृ. आफन्त |
| १० | रबि राज आचार्य | ४० | पुरोहित्याई | काभ्रे | पुरोहित |
| ११ | माधब राज अधिकारी | ५५ | पुरोहित्याई | सल्यान | पुरोहित |
| १२ | हरि रिजाल | ४२ | पुरोहित्याई | काठमाण्डौं | पुरोहित |
| १३ | लोक राज सुबेदी | ४८ | पुरोहित्याई | काठमाण्डौं | पुरोहित |

# सन्दर्भसूची


आचार्य, लोकनाथ (२०४५), *जूठो सुतक व्रतादि निर्णय,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

अधिकारी, नारायणप्रसाद (२०७५), *हाम्रो सोह्र संस्कार,* काठमाडौं : गोरखा पब्लिकेसन्स प्रा.लि. ।

उमाशङ्कर, त्रिपाठी (२०३८), *श्राद्धविमर्श,* वाराणसी : प्रकाशन सं.सं.वि. ।

काणे, पाण्डुरंग वामन, *धर्मशास्त्रका इतिहास,* लखनाउ : उत्तरप्रदेश हिन्दी संस्थान ।

खत्री, प्रेमकुमार (२०७७), *नेपालका जातीय संस्कार,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

खतिवडा, सोमप्रसाद (२०७७), *भगवान् पशुपतिनाथ दर्शन,* काठमाडौं : ओशो मिडिया प्रा.लि. ।

खतिवडा, सोमप्रसाद र क्षेत्री, गणेश प्रसाद (२०५४), *हिन्दू समाज र धर्म,* विराटनगर : शिवा प्रकाशन ।

गौतम, रामचन्द्र (२०७७), *सनातन धर्ममा अन्त्येष्टि संस्कार* (पृ. २४), काठमाडौं ।

ज.व.रा., रथी धनशमशेर र भट्टराई, कृष्णप्रसाद (२०५६), *संस्कारपद्धति,* काठमाडौं : प्रमुख संवाद सचिवालय, राजदरबार ।

पन्थी, लक्ष्मीकान्त (२०७०), *हिन्दूसंस्कार-परिचय र विमर्श,* काठमाडौं : खिल शर्म-राजीवलोचन जोशीस्मारक प्रतिष्ठान ।

परिषद्, सनातन विद्वत् (२०७५), *सनातन धर्ममा अन्त्येष्टि संस्कार १३ दिने नै,* सुनसरी : हिन्दू जागरण नेपाल ।

पशुपति क्षेत्र विकास कोष (२०७७), पाशुपति क्षेत्रको सांस्कृतिक सम्पदा, काठमाडौं : पशुपति क्षेत्र विकास कोष ।

पाण्डेय, राजवली (सन् १९९५), *हिन्दूसंस्कार,* वराणसी : चौखम्बा विद्याभवन ।

भट्ट, कमलाकार (सन् १९९१), *निर्णयसिन्धु,* वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

भट्टाचार्य, जोगेन्द्रनाथ (१८९६), *हिन्दू कास्ट एन्ड सेक्ट,* कलकत्ता : थाकर स्पिंक एन्ड को. ।

भट्टराई, देवमणि (२०७४), *सनातन धर्ममा अन्त्येष्टि संस्कार*, काठमाडौं ।

भट्टराई, माधव (२०७५), *स्वधर्मे निधनं श्रेयः*, काठमाडौं ।

मनु (२०४१), *मनुस्मृति* (पाँ.सं.), वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

विष्ट, डोरबहादुर (सन् १९७६), *पिपल अफ नेपाल*, काठमाडौं : रत्न पुस्तक भण्डार ।

शास्त्री, जगदीशलाल (सन् १९७१), *यजुर्वेदभाव्य उब्बट महीधर*, वाराणसी : मोतीलाल बनारसी दास ।

सुवेदी, गुरूप्रसाद (२०७७), *अन्त्यकर्म सम्बन्धी वस्तुसत्य प्रमाण* ।

उपध्याय, काशीनाथ (२०४८), धर्मसिन्धु, वराणसीः चौखम्बा संस्कृत संस्थान ।

यज्ञबल्क्य, (ई. १९४९), यज्ञबल्क्यस्मृति, बम्बईः निर्णय सागर प्रेस ।

# सनातनी हिन्दू अन्त्येष्टि संस्कार र परिमार्जनको औचित्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय

नेपाली इतिहास, संस्कृति र पुरातत्व केन्द्रीय विभाग अर्न्तगत, संस्कृति विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि

## शोधपत्र


शोधकर्ता

लक्ष्मण थापा

त्रि.वि. दर्ता. :७-१-९९९-१२५८-२००५

रोल नं. : ९६२०००६

नेपाली इतिहास, संस्कृतिक र पुरातत्व केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर



वि. सं. २०७७



सनातनी हिन्दू अन्त्येष्टि संस्कार र परिमार्जनको औँचित्य

लक्ष्मण थापा

२०७७

# कृतज्ञता ज्ञापन

नेपाल भौगोलिक आधारमा सानो भएता पनि विविध प्रकारका जातीय सँस्कृति र परम्पराले सुसज्जित देश हो । धर्म, संस्कार, संस्कृति र परम्पराले सभ्यताको विकास हुन्छ । सस्कार एउटा विज्ञान, विधान र अनुशासन हो । सनातनी हिन्दू परम्परामा प्रचलित अन्त्यष्टि संस्कार वेद मिमांसा, धर्मशास्त्र, इतिहास पुराण आदिको आधिकारिक र शास्त्रीय प्रमाणहरुको आधारमा चलि आएको छ ।

यो शोध तयार पार्ने क्रममा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने मेरो परिवार र सल्लाह, सुझाव तथा श्रोत उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने आदरणीय गुरु राजा थापा ज्यू प्रति म आभारी छु । शोधका क्रममा पाईलै पिच्छे निर्देशन दिनुहुने त्रिभुवन विश्वविद्यालय इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभागका प्रा.डा. सोम प्रसाद खतिवडा ज्यू प्रति अति नै कृतज्ञ छु । शोध तयारीका क्रममा मलाई आफ्नो अमूल्य समय दिई सुझाव सल्लाह साथै प्रतिक्रिया दिनुहुने वाह्य शोध निर्देशक प्रा.डा. लोक नाथ दुलाल प्रति, विभागीय प्रमुख प्रा.डा. मदन कुमार रिमाल ज्यू र डा. महेश कुमार आचार्य साथै प्राविधिक रुपमा सहयोग पुऱ्याउनुहुने राजाराम नापित प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो साथै त्रिभुवन विश्वविद्यालय इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभागका समस्त प्राज्ञिक वर्ग र सहयोगी कर्मचारी प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

## विषयसूची

पेज नं:

### अध्याय एक


**शोधको परिचय** **१-११**

१.१ पृष्ठभूमी १

१.२ समस्याको कथन २

१.३ अध्ययनको उद्देश्य ४

१.४ अध्ययनको महत्त्व ४

१.५ अध्ययनको सीमा ४

१.६ अध्ययनको औचित्य ५

१.७ पूर्व साहित्यको समीक्षा ५

१.८ अनुसन्धान विधि ७

१.८.१ अनुसन्धान ढाँचा ८

१.८.२ तथ्याङ्कको स्रोत ८

१.८.३ तथ्याङ्क संकलन विधि ९

१.८.४ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण १०

१.८.५ प्रतिवेदनको लेखन विधि ११

१.८.६ अध्ययनको क्षेत्र ११

१.८.७ अध्ययनको संगठनात्मक स्वरुप ११


### अध्याय दुई


**घाट र अन्त्येष्टि क्रिया** **१२-२१**

२.१ परिचय १२

२.२ पशुपति भेगका दाहसंस्कार घाटहरु १४

२.३ आर्यघाट परिचय १४

२.३.१ आर्यघाट र अन्त्येष्टि क्रिया १४
२.३.२ बिरामी राख्ने सत्तल १५
२.३.३ शयनविष्णु १५
२.३.४ ब्रह्मनाल १५
२.४ भष्मेश्वर घाट र अन्त्येष्टि क्रिया १६
२.५ घाटेवैद्य १९

## अध्याय तीन

**हिन्दू सनातनिय संस्कार २२-३३**
३.१ संस्कारको परिचय २२
३.१.१ गर्भाधान संस्कार २२
३.१.२ पुसंवन संस्कार २३
३.१.३ सीमान्तोन्नयन संस्कार २३
३.१.४ जातकर्म संस्कार २३
३.१.५ नामकर्म २४
३.१.६ निष्क्रमण संस्कार २५
३.१.७ अन्नप्राशन संस्कार २५
३.१.८ चुडाकरण संस्कार (मुण्डन वा छेवर) २५
३.१.९ कर्णबेध संस्कार २६
३.१.१० विद्यारम्भ/अक्षराम्भ संस्कार २६
३.१.११ उपनयन संस्कार २६
३.१.१२ वेदारम्भ संस्कार २६
३.१.१३ केशान्त संस्कार २७
३.१.१४ समावर्तन संस्कार २७
३.१.१५ विवाह संस्कार २८
३.१.१६ अन्त्येष्टि संस्कार ३१

३.२ हिन्दूधर्मसँग संस्कारको सम्बन्ध र क्षेत्र ३३

## अध्याय चार

**हिन्दू सनातनी अन्त्येष्टि संस्कार ३४–६३**

४.१ परिचय ३४

४.२ अन्त्येष्टि संस्कारको शास्त्रविधि र परम्परागत पद्धति ३५

४.३ अन्त्येष्टि संस्कारको आवश्यकता र महत्त्व ३९

४.४ अवधि घटाउने प्रयासको विश्लेषण ४५

४.५ नेपालका केही हिन्दू सनातनी जातजातीय अन्त्येष्टि सस्कार ५०

४.५.१ गनगाई जाति ५१

४.५.२ डोटेली संस्कृति ५२

४.५.३ दास जाति ५४

४.५.४ निषाद मल्लाह जाति ५५

४.५.५ बढही (काष्ठकार) जाति ५६

४.५.६ रजहन दोनवार जाति ५९

४.५.७ लोहार (लौहकार) जाति ६०

४.५.८ सोनाहा जाति ६१

४.५.९ हजाम जाति ६२

## अध्याय पाँच

**सारांश र निष्कर्ष ६४-७०**

५.१ सारांश ६४

५.२ निष्कर्ष ६६

५.३ सुझाव ६८

**परिशिष्टहरु ७१-७५**

**सन्दर्भसूची ७६-७७**